## अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा पाठ्यक्रम भन्नाले विद्यार्थीहरूलाई के पढाउने, कति पढाउने, कस्ता कस्ता कुरा सिकाउने भनी तयार पारिएको बृहत् शैक्षिक दस्तावेज भन्ने बुझिन्छ । पाठ्यक्रमकै आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रमको निर्देशनअनुसार पाठ्यपुस्तकले विद्यार्थीलाई विभिन्न ज्ञानमूलक कुरा सिकाइ विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउँछ । पाठ्यक्रम सैद्धान्तिक किसिमको हुन्छ भने पाठ्यपुस्तक व्यावहारिक हुन्छ । पाठ्यक्रमले हरेक स्तर र तहका विद्यार्थीहरूको सीप, अवधारणाको मापन गर्न, भाषा पाठ्यपुस्तकका हरेक पाठको अन्त्यमा दिइएका सिकाइसँग सम्बन्धित अभ्यासलाई नमुना अभ्यास भनिन्छ । पाठ्यपुस्तक लेखकले पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरूलाई पूरा गर्न भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरूलाई प्रस्तुत गरिएको हुन्छ ।

नमुना अभ्यासले विद्यार्थीहरूलाई विभिन्न किसिमका रचनात्मक क्रियाकलाप गर्न लगाई तत्कालको व्यवहारमा सुधार गरी सकारात्मक व्यवहारमा अभ्यस्त बनाउँछ । भाषा पाठ्यपुस्तकका अभ्यासको मुख्य उद्देश्य विद्यार्थीहरूलाई भाषाका चारवटै सीपको अभ्यास गराई भाषिक व्यवहारमा निपूर्ण बनाउनु हो । भाषाको चारवटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ एक आपसमा अन्तरसम्बन्धित छन् । यिनै सीप हाँसिल गर्न फरक फरक विषयवस्तुको समावेश गर्नाले सिकाइमा अझ सहज हुन्छ । अभ्यासले मानिसलाई निपूर्ण बनाउँछ भनेझैँ पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले विद्यार्थीहरूलाई भाषिक सीपमा निपूर्ण बनाउँछ । विषयवस्तु कण्ठ गरेर उत्तीर्ण गर्ने विद्यार्थीको मानसिकतालाई हटाई सिर्जनात्मक क्षमताको प्रयोग गर्ने तिर अभिप्रेरित गर्न पाठ्यक्रममा समेटिएका विषयवस्तुलाई क्रियाकलापमुखी र अभ्यासमुखी बनाइएको हुन्छ । यसले शिक्षक केन्द्रित विधिलाई भन्दा विद्यार्थी केन्द्रित विधिलाई प्रधानता दिँदै विषयवस्तुको स्वरूप तयार पारेको पाइन्छ । यसको मद्दतले सिकारुमा अभ्यासात्मक कार्यकलापलाई प्रोत्साहित गर्न, भाषिक सीपको परिमार्जित गर्न, अभ्यास केन्द्रित ढङ्गले विषयवस्तु शिक्षण गर्न, प्रकार्यात्मक वा सम्प्रेषणात्मक सान्दर्भिक शिक्षण गर्न व्यावहारिक ज्ञान र सीपको

कुशलता प्राप्त गर्न सघाउँछ । भाषा र भाषिक सीपलाई स्थायित्व प्रदान गर्न तथा मूल्याङ्कनका लागि आवश्यक आधार दिन र सिकारुको रुचि र स्तरअनुसार सिकाइमा सहजता ल्याउन नमुना अभ्यास आवश्यक हुन्छ ।

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास अन्तर्गत आदानात्मक र प्रदानात्मक सीपलाई मूल्याङ्कन गर्ने एवम् त्यस्ता सीपलाई स्थायित्व प्रदान गर्ने प्रश्नहरू समावेश गरिन्छन् । यसअन्तर्गत वस्तुगत र विषयगत प्रश्नहरू समावेश गरिन्छन् । वस्तुगत प्रश्नअन्तर्गत जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठिक/बेठिक छुट्याउने, बोधात्मक प्रश्न र बहुवैकल्पिक प्रश्नहरू पर्दछन् भने विषयगत प्रश्नअन्तर्गत छोटो उत्तरात्मक र लामो उत्तरात्मक प्रश्नहरू पर्दछन् । यिनीहरूको समाविष्टताबाट नै एउटा पूर्ण नमुना अभ्यासले आकार ग्रहण गरेको हुन्छ ।

यस अध्ययनमा कक्षा आठको मेरो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययनलाई मुख्य विषयवस्तु बनाइएको छ । यसअन्तर्गत पाठगत आधारमा नमुना अभ्यासको विश्लेषण गर्ने, भाषिक सीपका दृष्टिले नमुना अभ्यासको लेखाजोखा गर्ने, पाठ्यक्रमअनुरूप विद्यार्थीको आवश्यकतामुखी ज्ञान र सीपको परीक्षण गर्ने खालको नमुना अभ्यासको निर्माण हुनुपर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बालबालिकाको स्तरअनुसारको नमुना अभ्यास छन् छैनन्, त्यसको अध्ययन र विश्लेषण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## १.२ समस्याकथन

भाषा पाठ्यपुस्तक सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूप तयार गरिएको हुन्छ । यो भाषाशिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । जुन सुकै पाठ्यपुस्तक तयार पार्ने क्रममा पहिलेनै योजनाबद्ध रूपमा कुन तहका विद्यार्थीका निम्ति कस्ता किसिमका पाठहरू समावेश गर्ने भन्ने कुराबारे छलफल गरेर मात्र पाठ्यपुस्तकको निर्माण गर्नु पर्दछ । भाषिक सीप प्राप्तिका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरूको चक्रिय प्रस्तुती रहेको हुन्छ । भाषा पाठ्यपुस्तकमा पाठगत आधारमा नमुना अभ्यासहरू सरलदेखि जटिल पक्षलाई ख्याल गरेर राख्नु पर्ने हुन्छ ।

भाषिक सीपका दृष्टिले नमुना अभ्यासले मूल्याङ्कनको वस्तुगत आधार प्रदान गर्ने भएकाले यसको निर्माण पाठ्यक्रमले तोकेको उद्देश्य अनुरूप हुनुपर्दछ । पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा नमुना अभ्यास के कस्तो रहेको छ भन्ने कुरालाई मुख्य समस्याका रूपमा प्रस्तुत गरी त्यससँग सम्बन्धित समस्यामा केन्द्रित रहेर शोधपत्र तयार गरिएको छ । जुन निम्नानुसार रहेका छन् :

(क) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपताका आधारमा प्रयुक्त नेपाली पाठ्यपुस्तकमा नमुना अभ्यास के कस्तो रहेको छ ?

(ख) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठगत आधारमा नमुना अभ्यास के कस्तो रहेको छ ?

(ग) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा भाषिक सीपका दृष्टिले नमुना अभ्यास के कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको पहिचान गर्नु,

(ख) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठगत आधारमा नमुना अभ्यासको अध्ययन गर्नु,

(ग) कक्षा आठको नेपाली पाठ्यपुस्तकमा भाषिक सीपका दृष्टिले नमुना अभ्यासको विश्लेषण गर्नु ।

## १.४ शोधकार्यको औचित्य

कक्षा आठको नेपाली पाठ्यपुस्तक निम्न माध्यमिक तहका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूका लागि राष्ट्रिय पाठ्यक्रमका आधारमा निर्माण गरिएको छ ।

नमुना अभ्यासले विद्यार्थीलाई के कस्ता उपलब्धि हासिल गराए, उक्त अभ्यास पाठअनुसार भयो भएन, आदि प्रश्नहरूको उत्तर खोज्न नमुना अभ्यासको अध्ययन

विश्लेषण गर्नुपर्ने हुन्छ । पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासहरू के कस्ता भाषिक सीपमा आधारित छन्, पाठ्यक्रम अनुरूप अभ्यासको निर्माण गरिएको छन् कि छैनन् ? विद्यार्थीहरूको आन्तरिक र बाह्य पक्षको उजागर हुने किसिमका पाठ्यवस्तुको समावेश गरिएको छ कि छैन भन्ने कुराहरूलाई पहिचान गरी दुविधापूर्ण कुराहरूलाई हटाई आवश्यक थपघट गरी पाठ्यपुस्तकहरूलाई गुणस्तरीय बनाउन यो अध्ययनले सहयोग पुऱ्याउने छ । शिक्षक तथा विद्यार्थी बीचको अन्तरक्रिया बढाउन, आवश्यक कार्यकलापहरू गर्न समेत मद्दत मिल्ने छ । साथै सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकको सुधारमा समेत महत्त्वपूर्ण सहयोग पुऱ्याउन सक्ने हुनाले प्रस्तुत शोध महत्त्वपूर्ण र औचित्यपूर्ण देखिन्छ ।

यसरी यस शोधपत्रले माथि उल्लेखित कुराहरूको अतिरिक्त नमुना अभ्यासको प्रश्नगत वर्गीकरण, सीपगत प्रश्नको अध्ययन, विषयगत र वस्तुगत प्रश्नको छनोट एवम् प्रस्तुतिगत सन्तुलन जस्ता पक्षको अध्ययन गरिएकाले यसबाट प्राप्त हुने निष्कर्षले सम्बन्धित विषयका प्राज्ञ, जिज्ञासु, अध्येता एवम् अध्यापकका लागि स्पष्ट दिशा निर्देश गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताका आधारमा, पाठगत आधारमा र भाषिक सीपगत आधारमा अध्ययनलाई सीमाङ्कन गरिएको छ । प्रस्तुत शोधकार्यका सीमालाई निम्न बुँदामा समेटिएको छ :

(क) प्रस्तुत अध्ययन कक्षा आठको नेपाली पाठ्यक्रममा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन पाठगत आधारमा र भाषिक सीपगत आधारमा अध्ययन सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन कक्षा आठको नेपाली किताबमा समाविष्ट अभ्यासमा मात्र सीमित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनमा नमुना अभ्यास, पाठमा प्रयुक्त प्रश्नको स्वरूपका आधारमा, भाषिक सीपका आधारमा अध्ययन गरिएको छ ।

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्याससँग सम्बन्धित भएर विभिन्न शीर्षकमा शोधपत्र लेखिएका छन् । शोधार्थीले प्राप्त गरेका शोधपत्र तथा सैद्धान्तिक अवधारणासँग सम्बन्धित पुस्तकलाई पुस्तक पुनरावलोकन र शोधपत्र पुनरावलोकन गरी अध्ययन गरिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

अधिकारी (२०६२) द्वारा *समसामयिक नेपाली व्याकरण* नामक पाठ्यपुस्तक तयार गरिएको छ । उक्त पाठ्यपुस्तकमा व्याकरणका सम्पूर्ण पक्षहरू (लिङ्ग, वचन, पुरुष, आदर, वर्तमान काल, भूतकाल, भविष्यत् काल, अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थजस्ता सम्पूर्ण व्याकरणीय पक्षहरूको  उल्लेख गरिएको छ । प्रस्तुत शोधपत्र निर्माण गर्ने क्रममा व्याकरणका यी सम्पूर्ण पक्षहरूको अध्ययन गरिने भएकाले यो पाठ्यपुस्तक उपयोगी रहेको छ ।

अधिकारी (२०६५) द्वारा *नेपाली भाषा शिक्षण* पुस्तकमा भाषाको पाठ्यपुस्तक र यसको उपयोगिता शीर्षकमा पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरूको बारेमा पनि उल्लेख गरिएको छ । उक्त पाठ्यपुस्तमा भाषा शिक्षणमा पाठ्यपुस्तकको स्थान, भाषाका पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तक, भाषाका पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको उपयोगिता, पाठ्यपुस्तकका मूल अंश र नमुना अभ्यास, भाषाका पाठ्यपुस्तकका केही सीमा, भाषाका पाठ्यपुस्तकमा हुनुपर्ने विशेषताका बारेमा सैद्धान्तिक रूपमा उल्लेख गरिएको पाइन्छ । भाषा पाठ्यपुस्तक भाषाशिक्षणको महत्त्वपूर्ण सामग्री भएकाले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) प्राप्तिका लागि विभिन्न विधाको उपयोग गरी पाठहरू समावेश गर्नुपर्ने भएकाले यो अध्ययन सामग्री उपयुक्त देखिन्छ ।

ढकाल (२०६८) द्वारा *नेपालीभाषा शिक्षण* नामक पाठ्यपुस्तक लेखिएको छ । उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमको अर्थ, भाषापाठ्यक्रमको अर्थ, भाषापाठ्यक्रम निर्माणका सिद्धान्त, पाठ्यपुस्तकसम्बन्धी परिभाषाहरू, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, भाषाका चारवटै सीपको व्याख्या विश्लेषणका कुराहरू उल्लेख गरिएको पाइन्छ। प्रस्तुत अध्ययनपत्र निर्माण गर्ने क्रममा सैद्धान्तिक आधारमा पाठ्यपुस्तक, पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकका बारेमा लेख्नुपर्ने भएकाले यो पाठ्यपुस्तक उपयोगी रहेको छ ।

अधिकारी (२०७०) द्वारा *निम्न माध्यमिक शिक्षक दिग्दर्शन* नामक पाठ्यपुस्तक लेखिएको छ । उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमको अवधारणा, पाठ्यक्रम निर्माणका आधारहरू, पाठ्यक्रम र पाठ्यांशबीच फरक, असल पाठ्यक्रमका विशेषताहरू, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको अन्तरसम्बन्ध, पाठ्यपुस्तकको प्रयोग, निम्नमाध्यमिक तहको पाठ्यक्रम ढाँचा, निम्नमाध्यमिक तहको पाठ्यक्रमका विशेषताहरू, नेपाली भाषा पाठ्यक्रमको परिचयका कुराहरू उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनपत्र निर्माण गर्ने क्रममा पाठ्यक्रम भनेको के हो ? पाठ्यक्रम र पाठ्यपुस्तकबीचको अन्तरसम्बन्ध के रहेको छ र नि.मा.वि. तहको पाठ्यक्रम कस्तो रहेको छ भन्ने कुरा थाहा पाउनका निम्ति यो पाठ्यपुस्तकले अति नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

अधिकारी र शर्मा (२०७१) द्वारा *प्रारम्भिक नेपाली शिक्षण* नामक पुस्तकमा लेखिएको छ । उक्त पाठ्यपुस्तकमा भाषा पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यक्रमको परिचय, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, भाषा पाठ्यपुस्तकको अध्ययनका आधारहरू भाषा शिक्षण गर्ने क्रममा नमुना अभ्यासको महत्त्व, सुनाइ शिक्षणको आवश्यकता र कार्यकलाप, बोलाइ शिक्षणको आवश्यकता र कार्यकलाप, उच्चारण शिक्षणको आवश्यकता र कार्यकलाप, पढाइ शिक्षणको आवश्यकता र कार्यकलाप, मौन शिक्षणका कार्यकलाप र पाठमा प्रयुक्त कठिन शब्दहरूको शिक्षण, लेखाइ शिक्षणको आवश्यकता, प्रारम्भिक तहमा लेखाइ शिक्षण कस्तो हुनुपर्दछ । अभ्यास प्रश्न र मूल्याङ्कन प्रश्नका प्रकृतिको बारेमा पनि व्याख्या विश्लेषण गरिएको छ । यसरी यस

पाठ्यपुस्तकको अध्ययन पश्चात नमुना अभ्यासका दृष्टिले पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रम अनुरूप हुनुपर्ने, एउटा प्रभावकारी पाठ्यपुस्तकको निर्माण गर्दा कुन कुन पक्षलाई ध्यान पुऱ्याउनु पर्दछ भन्ने कुराको जानकारी प्राप्त गरेको र नमुना अभ्यासका कमी कमजोरीहरूलाई नियाल्दै त्यसका समाधानका उपाय समेत उल्लेख गर्न सकिने भएकाले यो अध्ययन सामग्री उपयुक्त रहेको छ ।

खनिया, अधिकारी र दाहाल (२०६८) द्वारा *नेपाली भाषा शिक्षण* नामक पाठ्यपुस्तक निर्माण गरिएको छ । उक्त पाठ्यपुस्तकमा भाषा शिक्षणका सामान्य सिद्धान्तहरूमा अभ्यास तथा पुनरावृत्तिको वर्णन गरिएको पाइन्छ। यसमा अभ्यास भन्नाले एउटै काम भिन्न भिन्न सन्दर्भमा पटक पटक दोहोऱ्याउने भन्ने चर्चा गरिएको छ । यसमा पाठ्यक्रमअनुसार सिकाउनु पर्ने भाषिक सीप विद्यार्थीहरूमा हासिल गराउन त्यस्ता सीपको अभ्यास पटक पटक गराउनु पर्ने, सीपअनुसारको क्रियाकलाप पटक-पटक गराउनु पर्ने, विद्यार्थीहरूमा गरेर सिक्ने प्रवृतिको विकास गराउने, एक पटक आर्जित भाषिक सीपलाई पूर्णता प्रदान गर्ने भाषा शिक्षणलाई सार्थक र जीवनोपयोगी कुरा उल्लेख गरिएको छ । यो पाठ्यपुस्तकमा अभ्यास सम्बन्धी सैद्धान्तिक पक्षहरूको पनि उल्लेख गरिएको र पाठ्यक्रम र पाठ्यपुस्तकमा हुनुपर्ने गुणहरूको बारेमा पनि उल्लेख गरिएको हुनाले यो पाठ्यपुस्तक शोधपत्र अध्ययनमा सान्दर्भिक रहेको छ ।

पौडेल (२०६९) द्वारा *प्रायोगिक भाषाविज्ञानका आयामहरू* नामक पाठ्यपुस्तक निर्माण भएको छ । उक्त पाठ्यपुस्तकमा विद्यालय तहका पुराना र वर्तमान नेपाली भाषा पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन विश्लेषणमा आन्तरिक विशेषताको स्तरगत उपयुक्ततामा नमुना अभ्यासको वर्णन गरिएको पाइन्छ । सुरु सुरुका पाठ्यपुस्तकमा भाषाका चार सीपको सन्तुलनमा कम ध्यान दिइएको, स्वतन्त्र रचना, सिर्जनात्मक अभ्यास, अभिनय तथा प्रश्नगत विविधतालाई कम ध्यान दिइएको बारे चर्चा गरिएको छ । पछिल्ला संस्करणका नमुना अभ्यासहरूमा सकेसम्म प्रश्नमा विविधता र सीप सन्तुलनमा ल्याउने प्रयास गरिएको, मौखिक, लिखित र प्रयोगात्मक सबै प्रकारका अभ्यासहरू मिलाइएको निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कनमा उपयोगी

हुने र पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरू निर्माण गरिएको र गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । उक्त अध्ययन पत्र निर्माण गर्ने क्रममा पाठ्यक्रम र पाठ्यपुस्तका बीचमा के कस्तो सम्बन्ध रहेको छ, पाठ्यपुस्तक अध्ययनका आधारहरू पढाइ, लेखाइ, बोलाइ, सुनाइको पनि उल्लेख गर्नुपर्ने भएकाले यो पाठ्यपुस्तक शोधपत्र तयार पार्नका लागि उपयुक्त रहेको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नाम पाठ्यपुस्तक तयार गरिएको छ । उक्त पाठ्यपुस्तकमा भाषा शिक्षणका आधारभूत सिद्धान्त अन्तर्गत तेह्रवटा सिद्धान्तहरूको उल्लेख गरेको पाइन्छ । यसमध्ये पहिलो सिद्धान्त अभ्यास तथा पुनरावृत्ति रहेको छ । यसमा भाषिक सीप भन्ने कुरा जति अभ्यास गऱ्यो त्यति बढ्दै र परिष्कृत हुँदै जान्छ । यदि अभ्यास गर्न छाड्यो भने त्यो कुण्ठित हुँदै सीमित भई हराएर जाने बारे चर्चा गरिएको छ । अपरिमार्जित सीपलाई परिमार्जित तुल्याउन अभ्यासकै निरन्तरता चाहिने, अभ्यास नभए सीपले परिमार्जन नपाउने, पुनरावृत्ति नभए त्यसले परिष्कृति नपाउने, भाषाका ग्रहण र अभिव्यक्ति सीपमा उपयुक्त आदत निर्माण गर्न र परिमार्जन ल्याउन बारम्बार अभ्यासका कार्यकलापहरू गराउनु पर्ने कुरा उल्लेख गरिएको छ । भाषा पाठ्यपुस्तकको निर्माण गर्ने क्रममा योजनाबद्ध रूपमा पाठ्क्रममा आधारित रहेर निर्माण गर्नुपर्ने, अभ्यास निर्माण गर्ने क्रममा सरलताबाट जटिलता तर्फ लैजानुपर्ने कुराको पनि उल्लेख गरिएकाले यो पाठ्यपुस्तक सान्दर्भिक र उपयोगि रहेको छ ।

### २.१.२ शोधकार्यसम्बन्धी पुनरावलोकन

न्यौपाने (२०५७) द्वारा *कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका अभ्यासको अध्ययन गर्नु, पाठ्यक्रम अनुरूपताका दृष्टिले ती अभ्यासहरूको समीक्षा गर्नु र उक्त पाठ्यपुस्तकमा भएका व्याकरणात्मक अभ्यासहरूको कमजोरी पहिल्याई आवश्यक सुधार दिनु रहेको छ । उक्त शोधमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस

अध्ययनमा पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न अभ्यासहरू केही मात्रामा सक्षम रहेका, व्याकरण शिक्षाका लागि उदाहरण प्रशस्त भएकाले अभ्यासहरू पाठ्यक्रम अनुरूप रहेका शिक्षक, विद्यार्थीका लागि ठाउँ ठाउँमा निर्देशन नहुनुले असुविधा भएको, पाठ्यक्रम अनुरूप प्रस्तुतिक्रम नमिलेको, र व्याकरणलाई अन्य पाठसँग समायोजन गरिएकाले शिक्षण पाठ्यभार असन्तुलित रहेको जस्ता निष्कर्ष निकालेका छन् । उक्त शोधपत्रमा पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यासहरूको समीक्षा गर्नुपर्ने भन्ने उद्देश्य राखिएकाले यो शोधकार्य उपयुक्त रहेको छ ।

ज्ञवाली (२०५८) द्वारा *कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको उद्देश्य पाठ अनुरूपताको दृष्टिले अभ्यासको अध्ययन गर्नु, नमुना अभ्यासमा रहेका प्रश्नका प्रकारका अध्ययन गर्नु जस्ता उद्देश्य राखिएको छ । उक्त शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानमा पाठ्यपुस्तकमा स्तर अनुरूप शब्दहरू नदिएको, बोध क्षमताका लागि प्रशस्त मात्रामा नमुना अभ्यास दिए पनि पर्यायवाची शब्दको उदाहरण नदिइएको कमजोरीलाई निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा नमुना अभ्यासका सैद्धान्तिक पक्षहरूको पनि उल्लेख गरिएको हुनाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

अर्याल (२०५९) द्वारा *कक्षा नौको नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य नमुना अभ्यासको अध्ययन गर्नु, नमुना अभ्यासको वर्गीकरण गर्नु कमजोरी पत्ता लगाई आवश्यक सुझावहरू दिनु रहेको छ । उक्त शोधमा मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा नमुना अभ्यासहरू शिक्षक र विद्यार्थीहरूका लागि उपयुक्त देखिने, चार वटै सीपलाई महत्त्व दिई नमुना अभ्यासमा समावेश गरिएको, बोधात्मक अभ्यासहरू असन्तुलित रहेका, अभ्यासहरू प्रयोगात्मक सिर्जनात्मक देखिने, कन्ठ गर्ने प्रश्नहरूको सङ्ख्या कम रहेको, एकाङ्कीमा सिर्जनात्मक अभ्यासको कमी रहेको, शब्दभण्डारअन्तर्गतका सिर्जनात्मक अभ्यासहरूमा

प्रयोगात्मक र पहिचानात्मक क्षमता पहिचान गर्ने किसिमका प्रश्न कम रहेका र प्रयोजनपरक अभ्यास कम रहेका निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा भाषिक सीपअन्तर्गत पर्ने चारवटै सीपको महत्त्व दिई नमुना अभ्यास समावेश गरिएकाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

खड्का (२०५९) द्वारा *कक्षा आठको हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा आठको हाम्रो नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक विश्लेषण गर्नु, दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूका सबल र दुर्बल पक्षको पहिचान गर्नु, तुलनात्मक अध्ययन गर्न, अभ्यासहरूको सुधारका लागि सुझाव दिनु रहेका छन् । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा विधागत अभ्यासलाई विधासँगै प्रस्तुत गरिएको, यस अध्ययनमा समाविष्ट अभ्यासमध्ये लेखाइलाई सबैभन्दा बढी र पढाइलाई सबैभन्दा कम महत्त्व दिइएको, सजिलो नेपाली मालामा सुनाइभन्दा बोलाइमा, बोलाइभन्दा पढाइमा र पढाइमा भन्दा लेखाइमा अभ्यासको संयोजन बढी गरिएकाले सजिलो नेपाली पाठ्यपुस्तक अनुकूल रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा पाठ्यपुस्तक र पाठ्यक्रमको सम्बन्ध, भाषा पाठ्यपुस्तक अध्ययनका आधारहरू पनि अध्ययन गरिएका हुनाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

पौडेल (२०६२) द्वारा *कक्षा चारको मेरो नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरूको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा चारको मेरो नेपाली भाषा पाठ्यपुस्तकमा समावेश भएका नमुना अभ्यासहरूका सबल र दुर्बल पक्षहरूको पहिचान गर्नु, उक्त पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासको वर्गीकरण गर्नु, नमुना अभ्यासको सुधारको लागि सुझाब पेस गर्नु रहेका छन् । उक्त शोधमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्षको रूपमा पाठ्यक्रमले तोकेको व्याकरणका क्षेत्रहरू अभ्यासले समेट्न नसकेको, शब्द चयनमा असावधानी, खेल विधिसँग सम्बन्धित अभ्यासको कमै उल्लेख गरिएको छ भने

सिर्जनात्मक अभ्यास पनि समावेश गर्नुपर्ने, विद्यार्थीको स्तर, रुचि र क्षमतालाई पनि मध्यनजर गर्नुपर्ने, शब्द चयन गर्दा सावधानी अपनाउनु पर्ने कुराहरूको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा नमुना अभ्यासका बारेमा र नमुना अभ्यास सुधारसम्बन्धी सुझाव पनि रहेकाले शोधकार्य उपयुक्त रहेको छ ।

तिवारी (२०६८) द्वारा *कक्षा एघारको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरूको विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा एघारको सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासहरूलाई पाठ्यक्रमको आधारमा विश्लेषण गर्नु, पाठ्यपुस्तकमा रहेका व्याकरणात्मक अभ्यासहरूलाई विधा अनुरूपता, स्तरीयता र विविधताको आधारमा विश्लेषण गर्नु रहेको छ । उक्त शोधमा पुस्तकालयीय विधि र क्षेत्रीय विधिअन्तर्गत प्रश्नावली, सूचना सङ्कलनमा केन्द्रित रहेको छ । उक्त शोधको निष्कर्षमा व्याकरणको पाठ्यपुस्तकको स्तरण हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तकमा निकै हदसम्म तालमेल मिलाउन खोजेको पाइन्छ । पाठ्यक्रमको अपेक्षा पूरा गर्न व्याकरणपछि हरेक ठाउँमा अभ्यासको व्यवस्था समेत गरी निकै राम्रो बनाउने चेष्टा गरिएको, सैद्धान्तिक ज्ञान थप्नु पर्ने, कार्यमूलक व्याकरणको अवधारणा अनुरूप पाठ्यपुस्तक निर्माताहरूको ध्यान पुगेको देखिन्छ । उक्त शोधकार्यमा व्याकरणात्मक अभ्यासको पनि विश्लेषण गरिएका हुनाले मैले गर्न लागेको शोधकार्यका निम्ति पनि उपयुक्त रहेको छ ।

कोइराला (२०६९) द्वारा *कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताको आधारमा अध्ययन गर्नु, नमुना अभ्यासको सबल र दुर्बल पक्ष केलाउनु, विधा तथा सीपगत वितरणको आधारमा नमुना अभ्यासको वर्गीकरण गर्नु रहेको छ । उक्त अध्ययनमा पुस्तकालयीय विधि र छलफल विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा शब्दवर्गमा ध्यान नदिएको, सुनाइ र पढाइको तुलनामा लेखाइ सीपमा जोड दिइएको, वस्तुगत प्रश्नलाई समानुपातिक रूपमा समावेश नगरिएको, पाठ्यक्रमका उद्देश्य अनुरूपका अभ्यासहरू राखिनु पर्ने, विद्यार्थीको

उमेर, स्तर, रुचिलाई ख्याल गरी नमुना अभ्यास निर्माण गर्नुपर्ने, व्याकरण अभ्यासमा क्रमबद्धमा मिलाउनु पर्ने जस्ता निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा परिभाषाहरू दिइएकाले नमुना अभ्यासको सबल र दुर्बल पक्षको पनि व्याख्या गरिएकाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

कँडेल (२०७०) द्वारा *कक्षा चार र पाँचको पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा चार र पाँचको पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको भाषिक सीपका आधारमा स्वरूप पहिल्याउनु, विधाको प्रयोजन अनुसार नमुना अभ्यास रहे नरहेको औंल्याउनु, तहगत दृष्टिले नमुना अभ्यासहरू के कस्ता छन् निर्क्यौल गर्नु रहेको छ । उक्त शोधकार्य पुस्तकालयीय विधिमा आधारित रही प्राथमिक र द्वितीयक स्रोतलाई प्रयोगमा ल्याइएको छ । उक्त शोधकार्यको निष्कर्षको रूपमा सीपसम्बन्धी अभ्यासमा बोलाइ सीप कम प्रयोग भएको, लेखाइ सीपलाई बढी प्राथमिकता दिइएको, विधा अनुरूपको प्रश्नमा जोड नदिइएको, व्याकरणात्मक अभ्यासमा दुवै कक्षामा व्याकरणका कोटिहरूको परिचयात्मक अभ्यास नभएको पाइन्छ । पाठ्यक्रमले तोकेका शैक्षणिक उद्देश्य पूरा गर्ने उद्देश्यले अभ्यास निर्माण गर्नुपर्ने, व्याकरणका अभ्यासलाई क्रमबद्ध रूपमा राख्नुपर्ने, दुवै कक्षामा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित प्रश्नहरू बढाउनु पर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा भाषिक सीपका आधारहरू र तहगत दृष्टिले नमुना अभ्यासहरूको पनि उल्लेख गरिएकाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

खड्का (२०७०) द्वारा *कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य पाठ्यपुस्तकमा अभ्यासहरू पाठ अनुरूप छन् छैनन्, अभ्यासहरू भाषिक सीपका आधारमा समाविष्ट गरिएका छन् छैनन् त्यसको बारेमा अध्ययन गर्नु, भाषिक अभ्यासहरू विशिष्ट उद्देश्य पूरा गर्न कतिको सहयोगी छन् भन्ने बारेमा अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्यमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्षका रूपमा समानुपातिक रूपमा चारवटै सीपलाई अभ्यासमा समावेश गर्न नसक्नु, विषयगत र वस्तुगत

प्रश्नहरूमा एकरूपता नहुनु दुर्बल पक्ष रहेका छन् । पाठ्यक्रमले निर्धारण गरेका विशिष्ट उद्देश्य प्राप्त गर्न सक्ने हेतुले अभ्यासको निर्माण गर्नुपर्ने, विषयगत र वस्तुगत प्रश्नका प्रचलित सबै स्वरूपलाई अभ्यासमा समावेश गरिनु पर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको उद्देश्य पाठ्यपुस्तकमा अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् छैनन्, अभ्यासहरू भाषिक सीपका आधारमा समाविष्ट उद्देश्य पूरा गर्न कत्तिको सहयोगी छन् भन्ने बारेमा अध्ययन गर्न लागेकाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

थापा (२०७०) द्वारा *कक्षा सात र कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको नमुना अभ्यासको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा सात र कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको भाषिक सीपका आधारमा स्वरूप पहिल्याउनु, विभिन्न प्रकृतिका विधाको प्रयोजन अनुसार नमुना अभ्यासहरू प्रयोजन भए नभएको औंल्याउनु, कक्षाको तहअनुसार पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूको सुधारको लागि सुझाव दिनु रहेका छन् । उक्त शोधकार्यमा पुस्तकालयीय विधि र तुलनात्मक विधिमा केन्द्रित रहेर उक्त शोधकार्य गरिएको छ । उक्त शोधकार्यको निष्कर्षको रूपमा पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्ने खालका अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने, विद्यार्थीहरूका बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्नको सङ्ख्या बढाउनु पर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा पाठ्यपुस्तक, पाठ्यक्रम, नमुना अभ्यासका बारेमा परिचय खण्ड, सैद्धान्तिक आधार लेख्नका निम्ति सहयोग पुऱ्याएकाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

बस्नेत (२०७०) द्वारा *माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूको विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य सैद्धान्तिक दृष्टिले नमुना अभ्यासहरूको विश्लेषण गर्नु, विधा अनुरूपताका आधारमा नमुना अभ्यासहरूको अध्ययन गर्नु, विधा अनुरूपताका आधारमा अभ्यासहरूको वितरण के कस्तो छ, ठम्याउनु, नमुना अभ्यासको सुधारको लागि सुझाव दिनु रहेको छ । उक्त अनुसन्धानमा पुस्तकालयीय विधिमा केन्द्रित रहेर प्राथमिक र द्वितीयक स्रोतबात सामग्री सङ्कलन गरेको छ । यस अनुसन्धानबाट नमुना अभ्यास विद्यार्थी तथा शिक्षकका लागि

प्रयुक्त देखिने, सृजनात्मक प्रश्नहरू विषयवस्तुमा कम समावेश भएको, विद्यार्थीको बौद्धिकता परीक्षण गर्ने खालका वस्तुगत प्रश्नहरू कम मात्रामा समावेश, व्याकरणात्मक अभ्यासहरू प्रयुक्त शीर्षकहरू दिएर समावेश गरिएका, शुद्ध लेखन, शब्दार्थ लेखन सबै विधामा समावेश गरिएको कुरा अध्ययनको निष्कर्षका रूपमा उल्लेख गरिएको छ । उक्त शोधकार्यमा पाठ्यपुस्तक बारेमा सैद्धान्तिक खण्ड स्पष्ट रूपमा दिइएको र सैद्धान्तिक दृष्टिले नमुना अभ्यासहरूको विश्लेषण गरिएकाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

के.सी. (२०७१) द्वारा *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधको उद्देश्य विधागत वितरणका आधारमा नमुना अभ्यासको विश्लेषण गर्नु, सीपगत वितरणका आधारमा नमुना अभ्यासको विश्लेषण गर्नु रहेको छ । उक्त शोध पुस्तकालयीय विधिको प्रयोग गरी प्राथमिक र द्वितीयक स्रोतहरूलाई सामग्री सङ्कलन गर्न प्रयोगमा ल्याइएको छ । उक्त शोधको निष्कर्षका रूपमा भाषा शिक्षणको निम्ति राखिएका नमुना अभ्यास शिक्षक तथा विद्यार्थीका लागि उपयुक्त र वैज्ञानिक देखिने, विधाअन्तर्गतका पाठ अलि जटिल नै देखिए तापनि विषयवस्तु समय सान्दर्भिक देखिने, भाषिक सीप विकास गराउने अभ्यासअन्तर्गत सुनाइ सीप विकास गराउने खालका अभ्यासको कमी रहेको पाइनुका साथै लेखाइ सीपसँग सम्बन्धित प्रश्नको बाहुल्यता रहेको पाइन्छ । पाठ्यक्रमले निर्देशन गरेअनुसार विधालाई समानुपातिक रूपले समावेश गर्नुपर्ने, भाषाका चार वटै सीपलाई अन्तरसम्बन्धित गराई पाठ्यपुस्तक समावेश गराउनु पर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यमा भाषिक सीपसँग सम्बन्धित प्रश्नहरूको निर्माण कसरी गर्ने, पाठ्यपुस्तक र पाठ्यक्रमका बारेमा परिभाषाहरू उल्लेख गरिएका हुनाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

श्रेष्ठ (२०७२) द्वारा *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासहरूको विश्लेषण गर्नु, उक्त पाठ्यपुस्तकमा समाविष्ट व्याकरणलाई पाठ्यक्रम अनुरूपताका आधारमा लेखाजोखा गर्नु,

उक्त पाठ्यपुस्तकमा समाविष्ट व्याकरणलाई पाठगत आधारमा विश्लेषण गर्नु, भाषिक सीप विकासका दृष्टिले व्याकरणको विश्लेषण गर्नु, रहेको छ । उक्त शोधकार्य पुस्तकालयीय विधिमा आधारित रही प्राथमिक र द्वितीयक स्रोतलाई प्रयोगमा ल्याइएको छ । समानुपातिक रूपमा भाषाका चारवटै सीपलाई अभ्यासमा समावेश गर्न नसक्नु पाठ्यपुस्तकको कार्यमूलक व्याकरण खण्डमा प्रस्तुत गरिएका व्याकरणिक विषयवस्तु सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत गर्दा विद्यार्थीहरूमा व्याकरणात्मक धारणा बसाल्न गाह्रो हुने हुँदा विषय क्षेत्र व्यापक बनाउनु पर्ने देखिन्छ । एउटै व्याकरणिक विषयवस्तुलाई सङ्क्षिप्त रूपमा धेरै पाठहरूमा पुनरावृत्ति गराइएको छ । यसरी टुक्रे रूपमा नदिई कुनै कुनै पाठमा विस्तृत दिनु पर्ने देखिन्छ । व्याकरणिक अभ्यासहरू बढीभन्दा बढी समावेश गर्नुपर्ने देखिन्छ । सङ्गति अन्तर्गत पर्ने लिङ्ग, वचन, पुरुष, आदरसम्बन्धी कम जानकारी दिइएकाले यसलाई अझ विस्तृत गर्नुपर्ने जस्ता निष्कर्षहरू निकालिएको छ । उक्त अध्ययनमा व्याकरणको सैद्धान्तिक आधारहरूको बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको हुनाले उक्त शोधकार्य उपयुक्त रहेको छ ।

पाण्डे (२०७२) द्वारा *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक भित्र समाविष्ट पाठगत व्याकरणात्मक अभ्यासहरूको पाठ्यक्रम अनुरूपताका दृष्टिले अध्ययन गर्नु, उक्त पाठ्यपुस्तक भित्र समाविष्ट व्याकरणिक कोटिको अध्ययन गर्नु, भाषिक सीप विकासका दृष्टिले उक्त कक्षाको कार्यमूलक व्याकरणको अध्ययन गर्नु, रहेको पाइन्छ । उक्त अनुसन्धानमा पुस्तकालयीय विधिमा केन्द्रित रहेर प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । शब्दवर्ग अन्तर्गतका अभ्यासहरू धेरै जसो पहिचानात्मक रहेका त्यस्तै सर्वनाम र विस्मयादिबोधक शब्दवर्गको प्रयोगात्मक अभ्यास समावेश गरिएको पाइँदैन । विस्मयादिबोधक सम्बन्धी अभ्यास एउटा पाठमा मात्र समावेश गरिएको र त्यो पनि परिचय र उदाहरणबिना पहिचान गर्न लगाइएको पाइन्छ । त्यसैले यस सम्बन्धि अभ्यास तथा धारणा थप गर्न सके अझ उपयोगी हुने देखिन्छ । व्याकरणिक अभ्यासहरू

विद्यार्थीलाई प्रशस्त अभ्यासको अवसर प्राप्त हुने गरी बढीभन्दा बढी राख्नु पर्ने देखिन्छ । परम्परागत निगमनात्मक विधिबाट व्याकरण सिकाउने पद्धतिलाई त्यागी उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाट नियम खोजी आगमनात्मक विधिबाट व्याकरण जस्तो जटिल विषयलाई बोध गराइएको निष्कर्ष निकालिएको छ ।

उपर्युक्त समीक्षाबाट नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट गरिएका नमुना अभ्याससम्बन्धी पर्याप्त अनुसन्धान भएको र कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन नगरिएको हुनाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक ठानिएको छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

पूर्वकार्यको आधारशिलाले एउटै विषयसँग सम्बन्धित अनुसन्धान पटक पटक दोहोरिने सम्भावना कम हुनुका साथै शोधार्थीलाई विगतको कार्यले वर्तमानमा खोज अनुसन्धान गर्न सहयोग पुग्ने हुँदा पूर्व अध्ययनको अत्यन्तै महत्त्व रहन्छ । शोधार्थीले शोधकार्य आरम्भ गर्दा वा त्यसका निम्ति शोधपत्र तयार पार्दा आफूले शोध गर्न चाहेको विषयमा के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्व अध्ययन भनिन्छ । व्यक्ति, समाज र राष्ट्रको आवश्यकता जनभावना र देशको परिस्थिति अनुसार पाठ्यक्रम निर्माण गरिन्छ । पाठ्क्रम निर्माण गर्दा बौद्धिक वर्ग, शिक्षण वर्ग, अभिभावक, विषय विशेषज्ञ, सल्लाहकार आदिका सल्लाह तथा सुझावलाई विश्लेषण गरेर तयार पारिन्छ । भाषिक सीपमा दक्षता हासिल गर्ने, अभ्यास र निरन्तर पुनरावृत्तिलाई जोड दिने तथा भाषिक सीपको सही मुल्याङ्कन गर्ने नमुना अभ्यास नै महत्वपूर्ण र उपयोगी हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू भन्दा पाठको प्रकृति अनुरूप समावेश गरिएका नमुना अभ्यास सिकाइ प्रदान गर्न पूर्वकार्यको अध्ययनले महत्वपूर्ण भूमिका खेल्दछ । सिकारुको व्यावहारिक परिवर्तनले मूल्याङ्कनका लागि समावेश गरिएका नमुना अभ्यासहरू सरलदेखि जटिलताको क्रममा हुनुपर्ने, नमुना अभ्यासहरू पाठ्यक्रमअनुरूप नै पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ

। साथै पूर्व कार्यको अध्ययनले अनुसन्धानकर्तालाई विभिन्न किसिमका पुस्तकहरूको अध्ययन गर्न र शोधपत्रसँग सम्बन्धित विषयमा ज्ञान प्राप्त गर्न समेत यसको महत्त्व हुन्छ ।

## २.३ नमुना अभ्यासको सैद्धान्तिक अवधारणा

### २.३.१ भाषा पाठ्यक्रम

भाषा पाठ्यक्रम भाषा सिकाइ सम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो (अधिकारी र शर्मा, २०७१:२१) । शिक्षण सिकाइलाई व्यवस्थित एवम् सोद्देश्यपूर्ण बनाउनका लागि पाठ्यक्रमको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रमले सम्पूर्ण शैक्षिक कार्यकलापलाई निश्चित दिशानिर्देश गरी लक्ष्यसम्म पुऱ्याउन मद्दत गर्दछ । पाठ्यक्रम शिक्षण तथा सिकाइका लागि बनाइएको व्यवस्थित, वैज्ञानिक, व्यावहारिक र विस्तृत योजना हो भने भाषा पाठ्यक्रम भाषिक सीप आर्जनका निम्ति लक्षित उद्देश्य प्राप्तिका लागि तयार गरिएको अभिलेख हो । तहगत रूपमा सिकारुले गर्नुपर्ने भाषिक सीप आर्जनका निम्ति गरिने क्रियाकलापलाई भाषा पाठ्यक्रमभित्र राखिएको हुन्छ । भाषा पाठ्यक्रमले भाषा सिकाइका सन्दर्भमा आवश्यक योजनाअनुसार सिकारुलाई लक्षित बिन्दुमा पुऱ्याउन शिक्षकलाई निर्देशन दिन्छ । भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षणसम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमलाई परिभाषित गर्न सकिन्छ (पौडेल, २०६७ : ५) । भाषा पाठ्यक्रममा भाषासँग सम्बन्धित सीपहरू, सिकाइ क्रियाकलाप जस्ता पक्षहरू निर्धारण गरिएको हुन्छ ।

भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) हरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । भाषाको पाठ्यक्रमले सिकाइको बोध (विषयजन्य ज्ञान सुनेर र पढेर बुझ्ने क्षमता) र अभिव्यक्ति (देखेर, जानेर, पढेर, सुनेर बुझेका कुरा बोलेर र लेखेर प्रकट गर्न सक्ने क्षमता) को विकासका निमित्त गर्नुपर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्छ (ढकाल, २०६७/०६८ :

५५) । अन्य विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञानलाई प्राप्त गर्ने उद्देश्य राखेको हुन्छ भने भाषा पाठ्यक्रममा भाषिक सीप हासिल गराउने उद्देश्य राखिएको हुन्छ ।

भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरू आर्जनका निम्ति गरिने सम्पूर्ण कार्यकलापहरू भाषा पाठ्यक्रमअन्तर्गत समावेश गरिएको हुन्छ । अतः भाषा पाठ्यक्रम भनेको भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता आधारभूत सीप र कलासँग सम्बद्ध भाषिक कार्यकलापलाई आधारित गराएर तयार गरिएको भाषा शिक्षण प्रशिक्षणको सङ्गठित स्वरूप हो । यसमा भाषिक उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया, भाषिक स्रोत र भाषिक मूल्याङ्कनका लागि साधन आदि स्पष्ट रूपमा उल्लेख गरिएको हुन्छ ।

### २.३.२ नमुना अभ्यासको परिचय

भाषा विचार विनिमयको माध्यम हो । भाषा ग्रहण गर्नु भन्नाले भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको प्रयोग गर्नु भन्ने बुझिन्छ । भाषाका सीप हासिल गर्न अभ्यासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विषयगत र विधागत प्रकृति अनुसार अभ्यासहरूको योजना गरिनु जरूरी हुन्छ (ढकाल, २०६८:१५७)

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू राखिनुको मूल अभिप्राय शिक्षण सिकाइलाई गतिशील एवम् प्रभावकारी बनाइ सक्षम बनाउनु हो । भाषिक सीप विकासका लागि विषयवस्तु सम्बद्ध विधामा मात्र शिक्षण सामग्री पर्याप्त हुँदैनन् । भाषिक सीप विकासमा स्थायित्व ल्याउन नमुना अभ्यास महत्त्वपूर्ण सामग्रीको रूपमा रहन्छ । पाठ्यविषय सबलीकरण, बोध र सिर्जनात्मक सीप विकास गर्ने कार्य असल अभ्यासका विशेषताहरू हुन् । पाठ्यक्रमले हरेक स्तर र तहका विद्यार्थीहरूको सीप अवधारणाको मापन गर्न भाषा पाठ्यपुस्तकका हरेक पाठको अन्त्यमा दिइएका सिकाइसँग सम्बन्धित अभ्यासहरूलाई नमुना अभ्यास भनिन्छ (अधिकारी र शर्मा २०६२:२७)। अभ्यासलाई सिकाइको मेरुदण्डको रूपमा पनि लिइन्छ । यसले विद्यार्थीको भाषिक सीप तथा दक्षता प्राप्तिको लेखाजोखा गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपाली बृहत् शब्दकोशमा (अधिकारी र भट्टराई, २०७१) अभ्यास शब्दलाई कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याई तेहेऱ्याई पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार गरिने मिहिनेत भनेर अर्थ्याइएको पाइन्छ । पाठ्यवस्तु शिक्षणपश्चात् विद्यार्थीहरूले के कति सिके सिकेनन् भन्ने कुराको जानकारीका निम्ति मूल्याङ्कनका साधनको रूपमा नमुना अभ्यासलाई लिइएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा फरक फरक विषयवस्तुको समावेश गर्नाले सिकाइमा अझ सहयोग गर्दछ । अलग अलग विषयवस्तुले अलग अलग भाषिक सीपमा जोड दिइएका हुन्छन् । अभ्यासले मानिसलाई पूर्ण बनाउँछ भनेझैँ पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले विद्यार्थीहरूलाई भाषिक सीपमा निपुर्ण बनाउँछ । विषयवस्तु कण्ठ गरेर उत्तीर्ण गर्ने विद्यार्थीको मानसिकतालाई हटाइ सिर्जनात्मक क्षमताको प्रयोग गर्नेतिर अभिप्रेरित गर्न पाठ्यक्रममा समेटिएका विषयवस्तुलाई क्रियाकलापमुखी र अभ्यासमुखी बनाइएको हुन्छ । यसले शिक्षक केन्द्रित विधिलाई भन्दा विद्यार्थी केन्द्रित विधिलाई प्रधानता दिँदै विषयवस्तुको स्वरूप तयार पारेको पाइन्छ (अधिकारी, २०६९/०७० : ३५) । अभ्यासले विद्यार्थीमा सिर्जनशीलताको विकास गर्दछ ।

त्यसैले लिखित, मौखिक र प्रयोगात्मक गरी तिनै प्रकारका सन्तुलन ल्याउने खालका अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ । सीप भन्ने कुरा जति अभ्यास गऱ्यो, त्यति बढ्दै र परिष्कृत हुँदै जान्छ । अपरिमार्जित सीपलाई परिमार्जित तुल्याउन अभ्यासकै निरन्तरता चाहिन्छ । प्राप्त सीपलाई परिपोषण र परिष्कार गर्न निरन्तर अभ्यासकै पुनरावृत्ति गर्ने वा दोहोऱ्याउने अवसरको आवश्यकता पर्दछ । अभ्यास नभए सीपले परिमार्जन पाउँदैन र पुनरावृत्ति नभए त्यसले परिष्कृति पाउँदैन (शर्मा र पौडेल, २०६८ : ९) । अभ्यासको स्तर कक्षा, विद्यार्थी क्षमता, रुचि र सिकाइ प्रवृत्तिअनुरूप तय गर्नुपर्दछ । शब्दभण्डारगत अभ्यास र सिर्जनात्मक अभ्यासहरूको पनि आवश्यक तर्जुमा र व्यवस्था मिलाई विषय क्षेत्रसँग सम्बन्धित शैली र प्रयोगका विविध पक्षलाई समेटी आवश्यक अभ्यासात्मक व्यवस्था मिलाउनुपर्दछ (पौडेल, २०६९ : २७३) । अभ्यासको संयोजनमा विशेष ध्यान दिएमा सिकाइलाई स्थायित्व र प्रभावकारी बनाउन सकिन्छ ।

नमुना अभ्यास पाठ्यक्रमले तोकेका शैक्षणिक उद्देश्य मापन गर्न सकिने ढङ्गबाट तयार गर्नुपर्दछ । पाठको प्रकृति, प्रस्तुति र ढाँचासँग मिल्दोजुल्दो किसिमले अभ्यासमा लिखित, मौखिक, प्रयोगात्मक तथा व्याकरणात्मक अभ्यासको संरचना व्यवस्थित गरिनु पर्दछ । नमुना अभ्यासलाई विद्यार्थीको रुचि, क्षमता र स्तर सुहाउँदो, विधाको क्षेत्र र क्रमलाई ध्यान दिएर भाषिक पुनरावृत्ति पक्षलाई जोड दिनुपर्दछ । विद्यार्थीको स्तरअनुसार के कति शब्दभण्डारको विकास गराउने तथा वाक्य र रचनागत सीप विकास गराउने, उमेर स्तरगत परिपक्वता कस्तो रहेको छ ? सो कुरालाई विशेष ध्यान  दिनुपर्दछ ।

### २.३.३ नमुना अभ्यासको महत्त्व

भाषा शिक्षण भाषिक सीपको शिक्षण हो । यसमा साहित्यका विविध विधाका माध्यमबाट ती सीपहरूलाई प्राप्त गर्ने उद्देश्य राखिन्छ । भाषा शिक्षणमा विधागत ज्ञान गौण र भाषिक सीपको ज्ञान प्रबल वा महत्त्वपूर्ण हुन्छ । यस्ता भाषिक सीपको विकासमा निरन्तर पुनरावृत्ति तथा निरन्तर मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । पुनरावृत्ति र मूल्याङ्कनका लागि नमुना अभ्यास निकै उपयोगी मानिन्छ । भाषा शिक्षणमा उच्चारण, शब्दभण्डार, वाक्यरचना, पठनबोध, लेख, रचनात्मक सीप,  भाषिक ज्ञान जस्ता समग्र पक्षको क्रमशः अभ्यास गराइ मूल्याङ्कन गरिनुपर्दछ । विद्यार्थीको स्तर, रुचि, क्षमता, दक्षतालाई मध्यनजर गरी पाठ्यपुस्तकमा नमुना अभ्यासको छनोट गरिन्छ । पहिलो भाषा र दोस्रो भाषा सिकाइ दुवैका लागि अभ्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । पाठको सन्देश, पात्रगत चित्रण आदिसँग सम्बन्धित ज्ञान, बोध, व्यावहारिक सीप तथा उच्च दक्षताको विकास गर्ने किसिमका नमुना अभ्यासहरूको समावेश गर्नु आवश्यक हुन्छ । विद्यालय स्तरका पाठ्यपुस्तकमा सम्बन्धित पाठभित्रै प्रयोग भएको भाषिक सापेक्षतामा व्याकरणको प्रयोग सन्दर्भ दिई त्यसबाट उदाहरण खोज्ने, नियम बनाउने र व्याकरण प्रयोग गर्ने गरी नमुना अभ्यासलाई संयोजन गर्नुपर्दछ (ढुङ्गेल र दाहाल, २०५७ : ८७) । वर्णविन्यास र शब्दभण्डार, उखान टुक्का जस्ता पक्षहरूमा पनि पाठको प्रकृतिअनुरूप अभ्यासको संयोजन गरी भाषिक सीपमा जोड दिनुपर्दछ । पाठ्यपुस्तकमा राखिएका विधा एवम् उप विधाभन्दा त्यसका आधारमा गराइने भाषिक अभ्यासको महत्त्वपूर्ण स्तम्भ भाषिक नमुना

अभ्यास हुन आउँछ । भाषिक नमुना अभ्यासले शिक्षक र विद्यार्थी दुवैका लागि निर्देशनको काम गर्दछ (अधिकारी, २०५३ : ७४) । त्यसैले अभ्यासको निर्देशन पनि सही र स्तरअनुकूल हुनुपर्दछ ।

अतः पाठ्यक्रमका उद्देश्य र नमुना अभ्यासको प्रत्यक्ष सम्बन्ध हुन्छ । विषयवस्तु विना भाषाको सिकाइ सम्भव हुँदैन । साथै विषयवस्तुको शिक्षण मात्रै भाषा शिक्षण होइन; यो त आधार सामग्री मात्रै हो, जसका माध्यमबाट विभिन्न सीपको अभ्यास गराइन्छ । पठनबोध, उच्चारण, शब्दभण्डार, सस्वरपठन, मौखिक अभिव्यक्ति विभिन्न पक्षको अभ्यास गराउने प्रावधान हुनुपर्दछ । जुनसुकै तहमा पनि भाषिक व्यवस्थाको खोजी गर्ने, प्रयोग गर्ने, तिनैबाट नियम बनाई नमुना अभ्यास गराउनु आवश्यक हुन्छ । कण्ठस्थीकरण भन्दा उपयोगी र जीवनोपयोगीलाई अत्यधिक जोड दिन यस्ता नमुना अभ्यासहरूको महत्त्व रहन्छ ।

### २.३.४ भाषा पाठ्यपुस्तकको परिचय

भाषा पाठ्यपुस्तक भनेको भाषा पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्ने गरि विषय विशेषज्ञद्वारा संकलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तु छनौट र स्तरण गरि प्रस्तावित र अनुमोदित महत्त्वपूर्ण शिक्षण सामग्री हो (ढकाल २०६८:१२१) । भाषा पाठ्यपुस्तक विशेष गरेर विद्यार्थीहरूको मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै उनीहरूको रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्ति आदिलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा राखी तयार गरिएको हुन्छ । यसले विद्यार्थीलाई अभ्यास गर्न, गृहकार्य गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन तथा स्वाध्यायन गरेर सिक्नसमेत महत्त्वपूर्ण सघाउ पुऱ्याउँछ ।

अन्य विषयका पाठ्यपुस्तक झैँ भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमका उद्देश्यअनुरूप तयार गरिएको हुन्छ । यसको सहयोगले विद्यार्थीहरू

सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूप भाषिक अपेक्षाहरू हासिल गर्दछन् । यसमा भाषा पाठ्यक्रमका अपेक्षाअनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकताहरू ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न के पढ्ने, कति पढ्ने, कस्तो अभ्यास गरेर पढ्ने, कुन अनुक्रममा पढ्ने आदि कुरालाई आत्मसात गरेर भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ (पौडेल, २०६७ : १२७) । भाषा पाठ्यपुस्तकका सहयोगले शिक्षकलाई योजनाबद्ध भाषा शिक्षण गर्न, विद्यार्थीहरूलाई उपयुक्त अभ्यास गराउन, शिक्षण सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न महत्त्वपूर्ण मद्दत प्राप्त हुन्छ । त्यस्तै विद्यार्थीहरूलाई पनि भाषा पाठ्यपुस्तककै सहयोगले भाषिक सीपहरू सिक्न, अभ्यास गर्न, दोहोऱ्याएर पढ्न, गृहकार्य गर्न र भाषिक सबलता हासिल गर्न ठूलो मद्दत मिल्दछ । तसर्थ भाषा पाठ्यपुस्तक भाषा शिक्षण सिकाइको भरपर्दो पाठ्यसामग्री हो भन्न सकिन्छ ।

### २.३.५ भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र नमुना अभ्यासको अनुरूपात्मक सम्बन्ध

हरेक देशको शिक्षा नीति राष्ट्रिय आवश्यकतालाई हेरेर तर्जुमा गरिन्छ । पाठ्यक्रमको निर्माण गर्दा त्यस देशको भाषा नीतिअनुरूप निर्माण गरिनु जरुरी हुन्छ । भाषापाठ्यक्रम मातृभाषीका लागि मात्रै तयार गरिँदै छ वा विमातृभाषी विद्यार्थीहरू पनि यसैमा संम्लग्न हुन्छन् भन्ने कुरालाई बिर्सनु हुँदैन (अधिकारी, हेमाङ्गराज, २०७१ : २५) । त्यसैगरी राष्ट्रभाषा, राष्ट्रिय भाषा तथा सञ्चार एवम् सम्पर्कको माध्यम भाषालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले राष्ट्रिय आवश्यकताको अन्वेषण गरी भाषापाठ्यक्रमको योजना तर्जुमा गरिनुपर्दछ । शिक्षाको स्वरूप निरन्तर रूपमा परिवर्तन भइरहने र गतिशील हुने भएकाले पाठ्यक्रम पनि देश, काल, परिस्थिति, सामाजिक आवश्यकता, विज्ञान र प्रविधिको प्रभाव तथा अन्तर्राष्ट्रिय परिवेश आदि कारणले परिवर्तन हुने गर्दछ ( आचार्य, टंकप्रसाद र बस्नेत होमबहादुर, २०६८ : १५) । भाषापाठ्यक्रम निर्माणका लागि दार्शनिक तथा सैद्धान्तिक धारणाहरूलाई पृष्ठाधारका निर्माणका रूपमा लिइन्छ । त्यस्तै शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत, कक्षागत र विषयगत उद्देश्यहरूको निर्धारण राष्ट्रिय आवश्यकता र शैक्षिक कार्यक्रमको लक्ष्यअनुरूप गरिन्छ । ती उद्देश्यहरू परिपूर्तिका लागि

के कस्ता भाषिक सीपगत उद्देश्य पूरा गर्नुपर्ने हो भनी सीपगत उद्देश्यहरूको निर्धारण भाषापाठ्यक्रममा गरिन्छ ।

यसरी निर्धारित उद्देश्यहरूको परिपूर्तिका लागि उपयुक्त हुने गरी भाषा पाठ्यवस्तुको छनोट गरिन्छ । भाषिक विषयवस्तु वा पाठ्यवस्तुका असीमित स्रोतहरू हुन्छन् र ती विभिन्न विधामा आधारित हुन्छन् ती असीमित स्रोतहरूबाट उद्देश्यअनुकूल, विद्यार्थीअनुकूल हुने गरी पाठ्यवस्तुहरूको छनोट र निर्धारण गर्नुपर्ने भएकाले यो त्यति सजिलो छैन (पौडेल, २०६९ : २३३) । भाषापाठ्यक्रमले पाठ्यवस्तु शिक्षणका विधि तथा कार्यकलापका बारेमा निर्देश गरेको हुन्छ । त्यसैअनुरूप मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रममा निर्धारण गरिएको हुन्छ । कुन विधा र पाठबाट के कस्ता प्रश्नहरू सोध्ने, तिनका लागि कति अङ्क दिने भन्ने कुरा पनि पाठ्यक्रमले निर्दिष्ट गरेको हुन्छ । यसरी पाठ्यक्रमले निश्चित समयावधिभित्र उक्त विषयका लागि प्राप्त हुने पाठ्यभारका आधारमा विधागत समय र प्रत्येकका लागि अङ्कभार समेत छुट्याइएको हुन्छ । अतः यसले शैक्षिक कार्यकलापमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

पाठ्यक्रमले निर्देश गरेको जम्मा समयावधि पाठ्यभार र पूर्णाङ्कका आधारमा निर्धारित लक्ष्य हासिल गर्नका लागि पाठ्यवस्तुहरूको एकीकृत स्वरूपमा पाठ्यपुस्तक निर्माण गरिन्छ । भाषा पाठ्यपुस्तकलाई दुई आधारमा अध्ययन गर्नुपर्छ ती हुन् : आन्तरिक र बाह्य आधार (अधिकारी र शर्मा, २०७१ : २५) । पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेको पाठ्यवस्तुलाई उपयुक्त किसिमले छनोट गरिन्छ र स्तरसापेक्ष स्तरीय रूपमा स्तरण गरिन्छ । यसरी पाठ्यवस्तुको छनोट गर्दा विद्यार्थीको आवश्यकता, रुचि र क्षमतालाई ख्याल गरिनुपर्दछ भने स्तरणका क्रममा सरलदेखि जटिलताको क्रमलाई ख्याल गरिनुपर्दछ । उपयुक्त किसिमका पाठ्यवस्तुको छनोट, विधागत रूपमा गरिएको हुन्छ । विधा शिक्षणको उद्देश्यअनुरूप कार्यकलाप सञ्चालन गर्न शिक्षकलाई कार्ययोजना तयार गर्न पनि यसले सहयोग गर्दछ । यो सरल, सहज, विश्वसनीय, सुलभ, रुचिपूर्ण र भरपर्दो साधन हो (ढकाल, २०६८ : १२१) ।

भाषा अभ्यास तथा पुनरावृत्तिबाट सिकिन्छ । भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासले विद्यार्थीले बढीभन्दा बढी अभ्यास गर्न सघाउ पुऱ्याउनुपर्ने हुन्छ । यसका लागि नमुना अभ्यासमा स्पष्ट र छिटोछरितो निर्देशनको आवश्यकता पर्दछ । भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पाठ्यक्रमअनुरूप हुनुपर्दछ भने पाठभित्र समाविष्ट अभ्यासहरू पाठअनुरूप नै हुनुपर्दछ । अतः भाषापाठ्यक्रम, पाठ्यवस्तु र अभ्यासको अनुरूपात्मक सम्बन्ध रहेको हुन्छ । नमुना अभ्यास भाषा पाठ्यपुस्तकको अभिन्न अङ्ग हो । यसमा दिइने निर्देशन स्पष्ट हुनुपर्दछ । नमुना अभ्यास विद्यार्थीको कठिनाइ क्षेत्र पत्ता लगाउन सहायक हुनुपर्दछ (अधिकारी र शर्मा, २०७१ : २७) । नमुना अभ्यासलाई प्रभावकारी गराउन त्यसमा समावेश गरिने प्रश्नहरूको विविधीकरणमा ध्यान दिनुपर्दछ । भाषापाठ्यपुस्तक नमुना अभ्यासमा मुख्यतः पहिचानात्मक, मूल्याङ्कनात्मक र उत्पादनात्मक (अभ्यासात्मक) प्रश्नहरू समावेश गर्नुपर्ने हुन्छ । त्यस्तै विषयवस्तुमा आधारित प्रश्नहरूलाई पनि स्तरसापेक्ष रूपमा क्रमशः समावेश गर्दै लैजानुपर्ने हुन्छ । विषयवस्तुमा आधारित प्रश्नहरू अर्थबोध, तर्कपूर्ण अभिव्यक्ति, व्याख्या तथा भाषिक सीपसम्बद्ध उपलब्धिहरूको सबलीकरण गर्ने किसिमले राखिनुपर्दछ । सकेसम्म विभिन्न तरिकाले भाषिक पाठ्यवस्तुको सबलीकरण होस् भन्ने विचार गरी पर्याप्त सङ्ख्यामा प्रश्नहरू दिइनुपर्छ । यस्ता प्रश्नहरू भाषिक सीप विकासका लागि उपयोगी र भाषा सिकाइमा रुचि जगाउने खालका हुनुपर्दछ (अधिकारी र शर्मा, २०७१ : २७) । त्यस्तै अभ्यासमा परिचयात्मक, धारणात्मक, प्रयोगात्मक, पहिचानात्मक, सिर्जनात्मक गरी विविध किसिमका प्रश्नहरू समावेश गरिनुपर्दछ । यसअन्तर्गत विषयगत, वस्तुगत तथा सन्दर्भपरक (वस्तु, चित्र वर्णन) अभ्यासहरूलाई एकीकृत गरिनु आवश्यक हुन्छ ।

नमुना अभ्यास र पाठ्यक्रमको अनुरूपात्मक सम्बन्ध हुने कुरा मननीय छ । विद्यार्थीले गर्ने अभ्यास, कार्यकलापमा नै पाठ्यक्रमको उद्देश्य निर्भर रहन्छ । नमुना अभ्यासले एकातिर विद्यार्थीलाई क्रियाकलापोन्मुख गराउँछ भने अर्कोतिर मूल्याङ्कनात्मक पनि हुन्छ । अभ्यासमा समावेश गरिने प्रश्नहरू विशिष्टीकरण तालिकासँग पनि मेल खाने हुनुपर्दछ । नेपाली विषयको विशिष्टीकरण तालिकामा जम्मा चार तहका प्रश्नहरूबाट

मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । जसअन्तर्गत ज्ञान, बोध, व्यावहारिक सीप र उच्च दक्षताको मापन गर्ने प्रश्नहरू समावेश गरिन्छन् । ज्ञानअन्तर्गत पढेर जानिने किसिमका प्रश्नहरू सोधिन्छन् । यसअन्तर्गत शब्दार्थ र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्दछन् । बोधअन्तर्गत सिकेका, पढेका कुराहरू बुझ्ने र वर्णन गर्ने क्षमताको मापन गरिने किसिमका प्रश्नहरू समावेश गरिन्छ । वाक्यरचना, पदसङ्गति, शब्दनिर्माण, वर्णविन्यास, कारक र विभक्ति आदि व्याकरणसँग सम्बन्धित प्रश्नहरू पनि व्यावहारिक सीपअन्तर्गत समावेश गरिएका हुन्छन् । उच्च दक्षतामा विश्लेषणात्मक, संश्लेषणात्मक र मूल्याङ्कनात्मक प्रश्नहरू रहन्छन् । यसमा विवेचनात्मक, सङ्क्षिप्त उत्तरात्मक, सारांशलेखन, व्याख्या र स्वतन्त्र रचना क्षेत्रलाई समेटिएको हुन्छ । यसरी विशिष्टीकरण तालिकामा सोधिने प्रश्नहरूका प्रकारहरूलाई नमुना अभ्यासमा समावेश गरी विद्यार्थीलाई बढीभन्दा बढी अभ्यास गराउन सकिएमा परीक्षाफलमा पनि प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ । अतः भाषापाठ्यपुस्तकलाई आधार मानी अभ्यासात्मक कार्यकलाप गराउनु जरुरी हुन्छ र त्यसै प्रक्रियाबाट पाठ्यक्रमका निर्दिष्ट लक्ष्यहरू हासिल गर्न सकिन्छ । सैद्धान्तिक ज्ञानबाट मात्र भाषिक सीप प्राप्त हुन सक्दैनन् । नमुना अभ्यासमा विद्यार्थीको सिर्जनात्मक क्षमतालाई उजागर गर्न सक्ने अभ्यासहरू पनि समावेश गरिनु आवश्यक हुन्छ (ढकाल, २०६८ : १५७) । नमुना अभ्यासले विद्यार्थीलाई क्रियाशील गराउन मद्दत गर्दछ ।

### २.३.६ नमुना अभ्यासको स्वरूप र प्रकृति

विषयवस्तुसँग सम्बन्धित विविध प्रश्नका प्रकारहरूको सिङ्गो रूपलाई नमुना अभ्यास भनिन्छ । यसकै आधारमा विद्यार्थीहरूको भाषिक क्षमता विकासको अपेक्षा राखिन्छ । त्यसैले नमुना अभ्यासलाई भाषा सिकाइमा शिक्षण कार्यकलापको आधार स्तम्भका रूपमा हेरिन्छ । भाषा पाठ्यपुस्तकमा राखिएका पाठहरू भाषिक सीप हासिल गर्ने साधन मात्र हुन । भाषा शिक्षणको साध्य भनेका भाषिक सीपहरू हुन (ढकाल २०६८:१३६)। अभ्यास निर्माण गर्नुको प्रमुख उद्देश्य नै शिक्षण प्रक्रियालाई गतिशील,

स्तरीय र प्रभावकारी बनाउनु हो । यसले सिकारुलाई आत्म मूल्याङ्कन गर्न हौसला प्रदान गर्दछ ।

विषयगत र वस्तुगत गरी प्रश्नहरू दुई किसिमका हुन्न् । विषयगत प्रश्नअन्तर्गत निबन्धात्मक (लामो उत्तरात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्न) का साथै प्रसङ्गसहित व्याख्या गर्ने प्रश्नहरू पर्दछन् ।

वस्तुगत प्रश्नअन्तर्गत मुख्यतः खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न, ठीक बेठीक छुट्याउने प्रश्न, बहुवैकल्पिक प्रश्नहरू पर्दछन् । प्रस्तुत शोधकार्य कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययनसँग सम्बन्धित रहेकाले उक्त पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासहरूसँग सम्बन्धित प्रश्नहरूको चर्चा गर्नु उपयुक्त हुन्छ :

**(क) लामो उत्तरात्मक प्रश्न**

लिखित अभिव्यक्ति परीक्षणको लागि तयार पारिने प्रश्नहरूलाई लामो उत्तरात्मक प्रश्न भनिन्छ । चिठी निबन्ध, प्रतिवेदन, समीक्षा, दैनिकी लेखनसँग सम्बन्धित प्रश्नहरूनै लामो उत्तरात्मक प्रश्न हो (ढकाल २०६८:३७८) । लामो उत्तरात्मक प्रश्नहरू पाठका विषयवस्तु, वर्णविन्यास, मौलिकता लेखन शैली र भाषिक सीप आदि परीक्षण गर्न प्रयोग गरिन्छ । विद्यार्थीको लेखन सीप अभिवृद्धि तथा अभिव्यक्ति क्षमताको लागि निबन्ध, संरचना, व्याख्या, लेख रचनात्मक प्रश्न समावेश गर्न सकिन्छ । यस्ता किसिमका प्रश्नहरूले विद्यार्थीहरूमा वर्णविन्यास, वाक्य ढाँचाको ज्ञान, अनुच्छेद गठन, वाक्यको सिलसिलेवार, प्रस्तुतिको ज्ञान, लेखन शैलीजस्ता पक्षको मापन गर्न प्रयोग गरिन्छ । तल्ला कक्षाहरूमा लामो उत्तरात्मक प्रश्नहरू कमै मात्रामा समावेश गरिएको पाइन्छ ।

**(ख) छोटो उत्तरात्मक प्रश्न**

छिटो छरितो ढङ्गले कम समयमा विद्यार्थीको दक्षता मापन गर्ने प्रश्नलाई छोटो उत्तरात्मक प्रश्न भनिन्छ । साना कक्षामा प्रत्यक्ष वा सतही प्रकृतिका प्रश्न उपयोगी हुन्छन् भने ठूला कक्षामा निचोडमूलक, संभावनामूलक र समीक्षात्मक प्रकृतिका हुन सक्ने

भए पनि मूलतः यसको आकार संक्षिप्त हुनु आवश्यक हुन्छ (ढकाल २०६८:३७९) । विद्यार्थीको स्तर हेरी एक शब्ददेखि आठ र दस हरफसम्मको उत्तर दिन सकिने प्रश्न नै छोटो उत्तरात्मक प्रश्न हुन् । शब्दार्थ, शब्द प्रयोग, वाक्य निर्माण, वर्णविन्यास, सङ्क्षेपीकरण, भाव विस्तार गर्ने जस्ता सीपको परीक्षण गर्नका लागि यस्ता किसिमका अभ्यासको प्रयोग गरिन्छ । यस्ता खालका प्रश्न विश्वसनीय र वैध हुन्छन् ।

**(ग) वस्तुगत प्रश्न**

भाषिक सीपको मूल्याङ्कनका लागि बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास र भाषातत्त्वको क्षमता पहिचान गर्नका लागि वस्तुगत प्रश्नहरूलाई उपयोग गर्न सकिन्छ । विद्यार्थीको अभिव्यक्तिगत क्षमताको जानकारी लिन यो उपाय उपयोगी हुँदैन । यसमा व्यक्तिले आफ्नो स्वतन्त्र विवेक र समझलाई प्रयोग गर्न नपाउने भएको हुँदा वस्तुगत भनिएको हो (ढकाल २०६८:३८०) । वस्तुगत प्रशनबाट एक पाठमा एउटा कुनै खास कुराको धेरै समयमा प्रश्नपत्रहरू जाँच्न सकिने, पूर्वाग्रही नहुने, विद्यार्थीको सीप, दक्षता, स्मरण शक्तिको धेरै पटक मापन गर्न सकिने भएकाले यस्ता प्रश्न तल्लो तहमा अत्यन्त उपयोगी मानिन्छन् ।

**(घ) खाली ठाउँ भर्ने प्रश्न**

विद्यार्थीको शब्द प्रयोग पहिचानका लागि खाली ठाँउ भर्ने प्रश्नको प्रयोग गरिन्छ । विद्यार्थीमा भएका संज्ञानात्मक ज्ञान, सीप क्षमताको मापन गर्न, स्मरण शक्ति पत्ता लगाउन, वाक्य सङ्गति मिलाउन, चिह्नको प्रयोग गर्ने क्षमताको मापन गर्न सकिन्छ । यस्ता प्रश्नहरूको प्रकृति स्वतन्त्र र विकल्पयुक्त हुन्छन् । यसबाट पनि विद्यार्थीको भाषिक सीप, भाषातत्व र विषयजन्य ज्ञानको स्तरमापन हुन सक्छ (ढकाल २०६८:३८२) ।

**(ङ) जोडा मिलाउने प्रश्न**

प्रश्न र उत्तरका बीच सम्बन्ध देखाउने प्रकृतिको प्रश्नलाई जोडामिलाउने प्रश्न भनिन्छ (ढकाल,२०६८:३८२) । शब्दको प्रयोग, पहिचान, सम्बन्ध पत्ता लगाउने क्षमताको जाँच जोडा मिलाउने प्रश्नबाट गर्न सकिन्छ । जोडा मिलाउने प्रश्नलाई दुई समूहमा राखिन्छ । अघिल्लो समूहमा एकथरी शब्दहरू दिने र पछिल्लो समूहमा अर्थहरू छ्यासमिस पारेर अघिल्लो समूहमा दिइएका शब्दहरूको अर्थ दिइएको हुन्छ । जोडा मिलाउने प्रश्नमा धर्का तान्ने तरिका पनि प्रयोग गर्न सकिन्छ ।

**(च) ठीक बेठीक छुट्याउने प्रश्न**

प्रश्नका रूपमा ठीक वा बेठीक कुरा दिइएको हुन्छ । त्यस्ता कुरालाई सत्य वा असत्य ठहर गर्ने कुरालाई ठीक बेठीक छुट्याउने प्रश्न भनिन्छ (ढकाल,२०६८:३८४) । निम्नमाध्यमिक तहका विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान, पढाइप्रतिको ध्यानाकर्षण, पढाइप्रतिको रुचि र उत्सुकता के कस्तो छ भनेर मापन गर्न ठीक बेठीक छटुयाउने प्रश्नको प्रयोग गरिन्छ । पचास प्रतिशत सही र पचास प्रतिशत जति गलत वाक्यहरू छ्यासमिस गरेर दिई सिरानमा ठीक (), बेठीक () वा सही गलत आदि सङ्केतद्वारा छुट्याउन लगाइने प्रकृतिका प्रश्नहरू यसअन्तर्गत पर्दछन् ।

**(छ) बहु वैकल्पिक प्रश्न**

प्रश्नमै चारवटा वैकल्पिक उत्तरहरूको व्यवस्था गरी त्यसैबाट सही उत्तर पत्ता लगाएर चिनो लगाउन निर्देशन गरिने प्रश्नलाई बहुवैकल्पिक प्रश्न भनिन्छ । सिरानमा स्पष्ट निर्देशन दिई बहुवैकल्पिक प्रश्न निर्माण गरिएको हुनुपर्छ (ढकाल,२०६८:३८०) । भाषिक परीक्षणका क्रममा यस्ता प्रश्नहरू खासगरी श्रुतिबोध र पठनबोधका साथै व्याकरण तत्त्व, वर्णविन्यास, शब्दार्थ, शब्द निर्माण र वाक्यगठन आदि कुराको धारणात्मक ज्ञानका साथै प्रयोगात्मक सुझ ठम्याउनका लागि उपयोग गर्न सकिन्छ ।

### २.३.७ कार्यमूलक व्याकरण

व्याकरण भन्नाले त्यस्तो व्यवस्था हो, जुन मुख्यतः रूपगत तथा वाक्यगत हुन्छ । शरीरमा नसाको महत्त्व भएझैँ भाषाका लागि व्याकरणको महत्त्व हुन्छ । व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासहरूबाट व्याकरणसम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । परम्परागत मान्यताअनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ (शर्मा र पौडेल,२०६८:१८४) । परम्परागत व्याकरणका दृष्टिमा व्याकरणको औपचारिक शिक्षाविना भाषालाई शुद्ध रूपमा बोल्न र लेख्न असम्भव छ र कुनै पनि भाषाका प्रयोक्ता वा वक्ताहरूले शुद्ध भाषा सिक्नु छ भने व्याकरण सिक्नु आवश्यक छ । यस प्रसङ्गमा आफ्नो मातृभाषामा बोल्न सानैदेखि जानेका भए पनि शिक्षार्थीले व्याकरण जानेका हुँदैनन् भन्ने कुरा समेत परम्परागत व्याकरणको उपर्युक्त कथनले सङ्केत गरेको देखिन्छ । उक्त किसिमको व्याकरण समग्र रूपमा पढिसक्दा पनि शुद्ध लेख्न बोल्न नजान्ने विद्यार्थीहरू फेला पार्न सकिन्छ । यो व्याकरणसम्बन्धी परिभाषालाई ध्यान राख्दा यसलाई विद्यार्थीहरूको भाषिक शुद्धताको विकास गर्न उपयोगमा ल्याइने साधनका रूपमा नमानी स्वयम्मा साध्यका रूपमा मानेको पाइन्छ ।

भाषा वैज्ञानिकहरू व्याकरणलाई भाषाविज्ञानको एउटा मूलभूत एवम् महत्त्वपूर्ण अङ्गका रूपमा लिने गर्दछन् । व्याकरण कुनै पनि भाषाका रूपगत तथा वाक्यगत संरचनाको वर्णन वा विश्लेषणसँग सम्बन्धित छ । भाषामा भएका उक्त संरचनात्मक विशेषताहरूको वर्णन व्याकरण भएकाले व्याकरण भनेको भाषाका तत्त्वहरूसँग सम्बन्धित छ र त्यसैले भाषासँग यसको अभिन्नता रहन्छ भन्ने भनाइ स्वतः स्पष्ट हुन्छ । नियम र सिद्धान्त रटाउन वा घोकाउनतर्फ नलागी व्याकरणात्मक संरचना प्रयोग गर्ने सुझ र अवधारणा नलागी व्याकरणात्मक संरचना प्रयोग गर्ने सुझ र अवधारणा बसाल्ने कोसिस गर्नु उचित हुन्छ (शर्मा र पौडेल,२०६८:२१९) । आगमनात्मक पद्धतिबाट व्याकरण शिक्षण गर्न सकेमा विद्यार्थीहरूले सजिलो तवरले व्याकरण बुझ्न सक्दछन् ।

व्याकरणको सिकाइ शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा, उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठ भित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइ दिनु उपर्युक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूको आफ्नो भाषा प्रयोगमा अन्तर्निहित व्याकरणाको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय छ । यस तहमा छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण सिकाइ गर्नु बोझिलो हुने र उद्देश्यअनुकूल नहुने पनि मननीय छ । व्याकरणलाई रचनामुखी बनाउन लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव आदि विभिन्न वाक्यकोटिअनुसार छोटा वर्णनहरू गर्न लगाउनु पनि आवश्यक छ ।

व्याकरण एक आफैंमा अमूर्त तत्त्व हो । भाषालाई हरेक तरिकाले खेलाउन र प्रयोग गर्न सक्ने सामर्थ्यको विकास भएपछि मात्र व्याकरणात्मक धारणा बसाल्नु उपयुक्त हुन्छ तर त्यो धारणा पनि प्रयोग सचेतताको अन्तर सम्बन्धबाट निर्देशित हुनु आवश्यक छ । त्यसैले प्रारम्भिक तह पार भएपछि क्रमशः सैद्धान्तिक जटिलतालाई हाबी हुन नदिएर प्रयोगपरक कुशलताकै आधारबाट व्याकरणात्मक धाराणा र प्रयोग सामर्थ्य विकास गर्नतर्फ व्याकरण शिक्षण प्रोत्साहित हुनुपर्दछ । व्याकरण सिकाउनुको अर्थ व्याकरणका नियम, सूत्र र उदाहरणहरू भन्न र लेख्न सक्ने तुल्याउन नभएर भाषिक प्रयोगमा व्याकरणात्मक सचेतता अँगालेर विशुद्धता, उपयुक्तता र सर्वस्वीकार्य प्रयुक्ति सम्प्रेषण गर्न सक्ने सामर्थ्य दिलाउनु हो ।

त्यसैले निम्नमाध्यमिक तहसम्मको व्याकरण शिक्षण पनि प्रयोग सचेततातर्फ नै मूलतः केन्द्रित हुनुपर्दछ । उच्च तहमा पनि भाषाको अध्ययन गर्न चाहने र अनुसन्धान गर्न चाहनेका लागि मात्र सैद्धान्तिक ज्ञान अपेक्षित हुन सक्छ । नियम एकातिर र प्रयोग अर्कोतर्फ हुने खालको अप्रासङ्गिक व्याकरण शिक्षण एक जटिल र निरस कुरा भए पनि यसलाई सचेततापूर्वक विद्यार्थीको स्तर र पूर्वानुभवसँग सम्बन्धित बनाई प्रयोग प्रसङ्ग र अभ्यासका माध्यमले शिक्षण गरिनु उपयुक्त हुन्छ साथै सैद्धान्तिक ज्ञानतर्फ भन्दा उपयुक्त प्रयोग सचेतताको विकास सगर्नतर्फ व्याकरण शिक्षण डोरिनुपर्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान कसरी सम्पन्न गरिँदैछ भनि स्पष्ट गर्ने क्रममा अध्ययन विधि महत्वपूर्ण मानिन्छ । प्रस्तुत शोधकार्य पुस्तकालयीय विधिद्धारा सम्पन्न गरिएको छ । जसमा तथ्याङ्क संकलन गर्दा प्राथमिक र द्धितियक स्रोतका सामग्रीको उपयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क स्रोत

प्रस्तुत अनुसन्धानकार्य सम्पन्न गर्नका निम्ति निम्नलिखित दुई किसिमका बाट तथ्याङ्क सङ्कलन गरिएको छ :

### ३.२.१ प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य सम्पन्न गर्दा कक्षा आठको नेपाली पाठ्यपुस्तक तथा पाठ्यक्रलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ ।

### ३.२.२ द्धितीय सामग्री

प्रस्तुत शोधकार्य सम्पन्न गर्दा द्धितीय सामग्रीका रूपमा शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरू, शोधपत्रसँग सम्बन्धित पुस्तकहरू, व्याकरणसँग सम्बन्धित पुस्तकहरू, शब्दकोश आदिलाई लिइएको छ ।

## ३.३ व्याख्या विश्लेषण

औपचारिक शिक्षामा पाठ्यपुस्तकभित्र नमुना अभ्यासलाई क्रमबद्ध रूपमा समावेश गरिएको पाइन्छ । नमुना अभ्यासले विद्यार्थीहरूलाई भाषिक सीप हासिल गर्न मद्दत पुग्दछ । पाठ्यक्रमअनुरूपताका आधारमा नमुना अभ्यासहरूलाई समावेश गर्नुपर्दछ, यस

पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूलाई पाठ्यक्रमअनुरूपताका आधारमा राखिएको छ कि छैन भनेर व्याख्या विश्लेषण गरिएको छ ।

पाठगत आधारमा विधागत नमुना अभ्यासहरू पाठ्यक्रमका उद्देश्यअनुरूप छन् कि छैनन्, प्रत्येक पाठअनुसार नमुना अभ्यासलाई राखिएको छ कि छैन, नमुना अभ्यासको आकार कस्तो छ भनी तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ । त्यस्तै भाषाका चारवटा सीपलाई क्रमबद्ध रूपमा र एकीकृत रूपमा नमुना अभ्यासमा समावेश गरिएको छ कि छैन, चार सीपलाई पाठ्यक्रममा निर्धारण गरेबमोजिम नमुना अभ्यासमा समावेश गरिएको छ कि छैन, सीपगत आधारमा नमुना अभ्यास एकीकृत गरी तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ३.४ शोधपत्रको रूपरेखा

' नमुना अभ्याका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकको अध्ययन' शोधलाई सात अध्यायमा रहेर विश्लेषण गरिएको छ ।

### ३.४.१ अध्याय एक : शोधको परिचय

यस अधयायमा शोध परिचय, पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, शोधको औचित्य र शोधको सीमाङ्कनजस्ता उपशीर्षकहरू रहेका छन् ।

### ३.४.२ अध्याय दुई : सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

यस अध्याय अन्तर्गत पुस्तक र शोधपत्र पुनरावलोकन रहेका छन् । त्यसपछि पूर्व अध्ययनको महत्त्व रहेको छ । यसैक्रममा नुमना अभ्यासको सैद्धान्तिक अवधारणामा नमुना अभ्यासको परिचय र नमुना अभ्यासको महत्त्व रहेको छ । नमुना अभ्यासको स्वरूप र प्रकृतिमा लामो उत्तरात्मक प्रश्न, छोटो उत्तरात्मक प्रश्न र वस्तुगत प्रश्न रहेका छन् । वस्तुगतभित्र खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न, ठीक, बेठीक छुट्याउने प्रश्न र बहुवैकल्पिक प्रश्नलाई समावेश गरिएको छ । अन्तिम उपशीर्षकमा नमुना अभ्यासमा समाविष्ट कार्यमूलक व्याकरण रहेको छ ।

### ३.४.३ अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

यस अध्याय अन्तर्गत सामग्री सङ्कलनका स्रोत अन्तर्गत पर्ने प्रथमिक स्रोत र द्धितीय स्रोत  साथै तिनको व्याख्या शोधपत्रको रूपरेखा, व्याख्या विश्लेषणजस्ता उपशीर्षक रहेका छन् ।

### ३.४.४ अध्याय चार : व्याख्या विश्लेषण

यस अध्यायमा पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको पहिचान र कार्यमूलक व्याकरणमा समाविष्ट नमुना अभ्यासको व्याख्या विश्लेषण रहेको छ ।

यसमा उद्देश्यअनुरूप पाठ्यक्रम अनुरूपताका आधारमा विधागत अभ्यासहरू पाठ्यपुस्तकमा राखिएको छ कि छैन, अभ्यासको आधार कस्तो छ भनी तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ । पाठगत आधारमा नमुना अभ्यासको व्याख्या विश्लेषणमा पाठ एक, दुई, तिन, चार, पाँच, छ, सात, आठ, नौ, दस, एघार, बाह्र, तेह्र, चौध, पन्ध्र, सोह्र, सत्र र अठार.......   बाइस) पाठलाई क्रमअनुसार राखिएको छ । भाषिक सीपका दृष्टिले नमुना अभ्यासको विश्लेषणमा क्रमशः सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई राखिएको छ । त्यसैगरी एककालिकताको सिद्धान्तअनुसार सुनाइ र पढाइ, बोलाइ र लेखाइ, बोलाइ र सुनाइ, पढाइ र लेखाइ, सुनाइ र लेखाइ, पढाइ र बोलाइ सीपलाई राखिएको छ ।

### ३.४.५ अध्याय पाँच : पाठगत आधारमा अध्ययन विश्लेषण

यस अध्याय अन्तर्गत पाठगत आधारमा नमुना अभ्यासको अध्ययनलाई पाठ एकदेखि पाठ बाइससम्म राखेर व्याख्या विश्लेषण गरिएको छ ।

### ३.४.६ अध्याय छ : भाषिक सीपका आधारमा व्याख्या विश्लेषण

यस अध्ययन अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सुनाइ र पढाइ, बोलाइ र लेखाइ, बोलाइ र सुनाइ, पढाइ र लेखाइसम्बन्धी नमुना अभ्यासको विश्लेषण गरिएको छ ।

### ३.४.७ अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

यस अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । जसमा सारांश, निष्कर्ष तथा उपादेयताभित्र नीतिगत र प्रयोगगत रहेका छन् । अन्तमा सन्दर्भग्रन्थ सूची र व्यक्तिवृत्त रहेका छन् ।

# अध्याय चार

# व्याख्या विश्लेषण

## ४.१ पाठ्यक्रमअनुरूपताका आधारमा नमुना अभ्यासको व्याख्या विश्लेषण

कुनै पनि तहको पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको मुख्य शैक्षिक सामग्री मानिन्छ । शिक्षाको राष्ट्रिय उद्देश्यलाई आधार मानेर तयार पारिएको कक्षा आठको पाठ्यक्रमको अपेक्षित उद्देश्य हासिल गर्न पाठ्यपुस्तक कति सफल छ र त्यसका पछाडि अभ्यास निर्माण प्रक्रियाका क्रममा के कस्ता अभ्यासहरूलाई पाठ्यपुस्तकमा समावेश गरिएको छ ती अभ्यासहरूले विद्यार्थीहरूको आन्तरिक र बाह्य मूल्याङ्कन गर्न सहयोग पुऱ्याएका छन् कि छैनन ? प्रत्येक पाठअनुसार अभ्यासलाई क्रमबद्ध रूपमा राखिएको छ कि छैन ? भनी अध्ययन विश्लेषण यस अध्यायमा प्रस्तुत गरिन्छ ।

भाषापाठ्यक्रम अन्य विषयको पाठ्यक्रम भन्दा भिन्न किसिमको हुन्छ । भाषा पाठ्यक्रममा भाषिक सीप पक्षलाई महत्त्व दिएर निर्माण गरिएको हुन्छ । भाषिक सीपहरू भाषिक अभ्यासबाट नै शब्दभण्डार, वाक्य रचना, लिखित तथा मौखिक अभिव्यक्ति, शुद्ध उच्चारण, व्याकरणको ठीक ढङ्गबाट प्रयोग गरेर सुनेर, पढेर बुझ्ने क्षमताको विकास गराउने उद्देश्य राखिन्छ । यी उद्देश्य पाठ्यपुस्तकमा प्रस्तुत भएको हुन्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यअनुरूप अभ्यासहरूको छनोट गरिएको छ कि छैन भनी हेर्ने प्रयास गरिएको छ । नमुना अभ्यासमा विद्यार्थीका लागि गर्ने प्रशस्त अवसर दिइएको हुनुपर्दछ । उक्त अभ्यास पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने खालको हुनुपर्दछ । अभ्यासले शिक्षक तथा विद्यार्थी दुवैका लागि थप क्रियाकलाप गर्ने मार्गदर्शन गर्नुपर्दछ । त्यसबाट नै पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्राप्ति सम्भव छ । पाठ्यक्रमका उद्देश्यलाई यहाँ मुख्य गरी तहगत आधारमा वर्गीकरण गरी सोही बमोजिम अभ्यास योजनाको अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.१.१ पाठ्यक्रमअनुरूपताका आधारमा नमुना अभ्यासको अध्ययन

कुनै पनि तहको पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको मुख्य शैक्षिक सामग्री मानिन्छ । भाषा पाठ्यपुस्तकले भाषिक सीपमा दक्ष बनाउने उद्देश्य राखेको हुन्छ । भाषा पाठ्यपुस्तक भाषिक सीपमा दक्ष बनाउने उद्देश्य परिपूर्ति गर्ने किसिमका विषयवस्तुलाई समावेश गरेर अभ्यासहरूको निर्माण गर्नुपर्दछ । कुन तहका बालबालिकाहरूका लागि के कस्ता अभ्यासहरू निर्माण गर्नुपर्ने हो भन्ने पक्षमा भाषाविद्हरूले ख्याल गर्नुपर्दछ, अभ्यासले नै विद्यार्थीहरूमा निखारता ल्याउने भएकै कारणले नै सबै वर्ग जातजाति, समुदायका विद्यार्थीहरूलाई मिल्दोजुल्दो किसिमको अभ्यासको निर्माण गर्नु उपर्युक्त हुन्छ । भाषिक सीपका उद्देश्यहरू पूरा गर्ने अभ्यास तयार भएको छ वा छैन भनी अध्ययन गरिनु पर्दछ । कक्षा आठको पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासलाई व्याख्या विश्लेषण गर्ने क्रममा पाठ्यक्रममा रहेका भाषिक सीप र सक्षमतालाई आधार मानिएको छ ।

#### ४.१.१.१ सुनाइ र बोलाइ

सुनाइ र बोलाइ भाषाका मौखिक पक्ष हुन् । जब बालकले सुनाइको केही अनुभव प्राप्त गरेको हुन्छ । तब ऊ बोलाइतिर प्रवृत्त हुन सक्छ । सुनाइ भाषाको पहिलो चरण हो भने बोलाइ दोस्रो चरण हो (ढकाल, २०६६ : १७४) । सुनेर बुझ्न सक्ने क्षमता विकसित गर्न गराउन विभिन्न क्रियाकलाप गराउनु आवश्यक हुन्छ ।

भाषाका चार सीपहरूमा सर्वप्रथम बालकले सुनेर केही व्यक्त गर्न खोज्दछ, त्यही नै बोलाइ हो । यस पाठ्यक्रममा सुनाइ र बोलाइका उद्देश्यहरू एकै ठाउँमा राखिएका छन् । कुनै पनि व्यक्तिले बोलेको वा पाठ्यसामग्रीलाई मौखिक रूपमा सस्वरवाचन गरेको सुनेर बुझ्नुलाई सुनाइ भनिन्छ । यसमा भाषा सुन्नु र त्यसमा व्यक्त भएका विचार एवम् भावलाई ग्रहण गर्नु हो (पौडेल र शर्मा, २०६० : ९५) । यसरी विद्यार्थीहरू सुनाइ र बोलाइ सीपमा सक्षम भएपछि मात्रै पढाइ र लेखाइ सीपमा सक्षम हुन्छन् ।

२०७२ सालमा परिवर्तन भएको कक्षा आठको नेपाली भाषा पाठ्यक्रमले भाषाका सुनाइ र बोलाइ सीपलाई एकै ठाउँमा प्रस्तुत गरेको छ । सुनाइ र बोलाइ सीपसँग सम्बन्धित सक्षमता र अभ्यासहरू निम्नानुसार प्रस्तुत गरिन्छ :

- शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप शब्द उच्चारण गर्न,
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- अरुले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न,
- सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न,
- विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न,
- साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन,
- कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन,
- आफूले देखे सुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाइ मौखिक वर्णन गर्न,
- मौखिक अभिव्यक्ति सुनेर प्रतिक्रिया दिन तथा हाउभाउ र अभिनयको ख्याल गर्ने,
- भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न,
- समुदायका व्यक्तिहरूसँग शिष्टतापूर्वक कुराकानी गर्न,
- वक्ताहरूको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न ।

पाठ्यक्रममा सुनाइ र बोलाइ सीपअन्तर्गत बाह्र वटा सक्षमता राखिएका छन् । यी सक्षमताहरू परिपूर्ति गर्न पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरू समावेश गरिएका छन् । शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न भन्ने सक्षमताका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू दिइएको छ : पाठ १ को अभ्यास १,१४ (पृष्ठ ९,१२), पाठ २ को अभ्यास ९,१० (पृष्ठ ११), पाठ ३ को अभ्यास १०,१२ (पृष्ठ १८), पाठ ४ को अभ्यास ११, १२ (पृष्ठ २८,२९), पाठ ५ को अभ्यास ९ (पृष्ठ ३४), पाठ ६ को अभ्यास १५ (पृष्ठ ४४), पाठ ७ को अभ्यास १५ (पृष्ठ ५१), पाठ ८ को अभ्यास ४, १३ (पृष्ठ ५६, ५७), पाठ १० को अभ्यास १३ (पृष्ठ ७३),

पाठ ११ को अभ्यास ११ (पृष्ठ ७८), पाठ १२ को अभ्यास ११ (पृष्ठ ८३), पाठ १३ को अभ्यास ९,३ (पृष्ठ ९०,९१), पाठ १४ को अभ्यास ९,१२ (पृष्ठ ९९, १००), पाठ १५ को अभ्यास ९,१२ (पृष्ठ ९८), पाठ १६ को अभ्यास १४ (पृष्ठ ११३), पाठ १७ को अभ्यास १० (पृष्ठ १२१), पाठ १८ को अभ्यास ९ (पृष्ठ १२५), पाठ १९ को अभ्यास १०,१३ (पृष्ठ १३२), पाठ २० को अभ्यास १२ (पृष्ठ १४२), पाठ २१ को अभ्यास १३,१५ (पृष्ठ १५१), पाठ २२ को अभ्यास ७,११ (पृष्ठ १६१) ।

शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न भन्ने सक्षमताको लागि  पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १ को अभ्यास ११,१४ (पृष्ठ ८), पाठ २ को अभ्यास १०,११ (पृष्ठ ११), पाठ ३ को अभ्यास १४ (पृष्ठ १९), पाठ ४ को अभ्यास ११ (पृष्ठ २८), पाठ ५ को अभ्यास ९ (पृष्ठ ३४), पाठ ६ को अभ्यास १४ (पृष्ठ ४४), पाठ ७ को अभ्यास ९ (पृष्ठ ४९), पाठ ८ को अभ्यास १२ (पृष्ठ ५७), पाठ ९ को अभ्यास १७ (पृष्ठ ६६), पाठ १० को अभ्यास १३ (पृष्ठ ७३), पाठ ११ को अभ्यास १० (पृष्ठ ७८), पाठ १२ को अभ्यास ११ (पृष्ठ ८३), पाठ १३ को अभ्यास १३ (पृष्ठ ९२), पाठ १४ को अभ्यास १३ (पृष्ठ १००), पाठ १५ को अभ्यास १०,१३ (पृष्ठ १०८), पाठ १६ को अभ्यास १४,१५,१६ (पृष्ठ ११३, ११४), पाठ १७ को अभ्यास १०,१२ (पृष्ठ १२१), पाठ १८ को अभ्यास १२ (पृष्ठ १२५), पाठ १९ को अभ्यास ९,११ (पृष्ठ १३२), पाठ २० को अभ्यास १० (पृष्ठ १४१), पाठ २१ को अभ्यास १७ (पृष्ठ १५२), पाठ २२ को अभ्यास ८ (पृष्ठ १६१) ।

अरुले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न भन्ने सक्षमताको लागि  पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १० को अभ्यास २२ (पृष्ठ ६८), पाठ १५ को अभ्यास १८ (पृष्ठ १०८) ।

सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न भन्ने सक्षमताको लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १६ को अभ्यास ७ (पृष्ठ ११२) ।

विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न भन्ने सक्षमताको लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् :

पाठ १० को अभ्यास २१ (पृष्ठ ७४), पाठ १४ को अभ्यास १५ (पृष्ठ १००), पाठ १३ को अभ्यास १४ (पृष्ठ ९२) ।

साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १२ को अभ्यास १ (पृष्ठ ८१), पाठ १८ को अभ्यास १ (पृष्ठ १२३) ।

कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ ८ को अभ्यास ४ (पृष्ठ ५६), पाठ १० को अभ्यास १ (पृष्ठ ७१), पाठ १३ को अभ्यास १४,२४ (पृष्ठ ९२,९४), पाठ १४ को अभ्यास १५ (पृष्ठ ९८,१००) ।

आफूले देखे सुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाइ मौखिक वर्णन गर्न भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ २ को अभ्यास १८ (पृष्ठ १३), पाठ ४ को अभ्यास २२ (पृष्ठ ३१), पाठ ८ को अभ्यास ४ (पृष्ठ ५६), पाठ १० को अभ्यास ५ (पृष्ठ ७२), पाठ १३ को अभ्यास १४ (पृष्ठ ९२), पाठ १४ को अभ्यास १५ (पृष्ठ १००) ।

मौखिक अभिव्यक्ति सुनेर प्रतिक्रिया दिन तथा हाउभाउ र अभिनयको ख्याल गर्न भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ ६ को अभ्यास ७ (पृष्ठ ४३), ।

भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १३ को अभ्यास १ (पृष्ठ ९०), पाठ १७ को अभ्यास १ (पृष्ठ ११९) ।

समुदायका व्यक्तिहरूसँग शिष्टतापूर्वक कुराकानी गर्न भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ ८ को अभ्यास २० (पृष्ठ ५९), पाठ १० को अभ्यास ५७ (पृष्ठ ७२), पाठ १७ को अभ्यास १६ (पृष्ठ १२१) ।

वक्ताहरूको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न भन्ने सक्षमताका लागि निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १३ को अभ्यास २४ (पृष्ठ ९४) ।

यी सुनाइ र बोलाइ शिक्षणका कार्यकलापहरूलाई पाठमा समावेश गरेर सुनाइ र बोलाइ सीपका माध्यमबाट भाषाका अन्य सीपहरूको पनि विकास गर्न सकिन्छ । सुनाइ शिक्षणका केही कार्यकलापहरूलाई नमुनाका रूपमा मात्र लिइएको पाइन्छ । त्यस्तै पाठ्यपुस्तकमा समावेश भएका अभ्यासहरूका अतिरिक्त बोलाइ सीप विकासका लागि कुराकानी, चित्र तथा वस्तु वर्णन, नाटकीकरण तथा भूमिका निर्वाह, सारांश भन्ने कथा भन्ने, प्रश्नोत्तर भन्ने जस्ता अभ्यासहरू समावेश गर्नु उपयुक्त हुन्छ । पाठ्यपुस्तकमा बोलाइ सीप विकासका लागि केही अभ्यासहरू समावेश त छन् तर ती पर्याप्त देखिदैनन् ।

### ४.१.१.२ पढाइ

भाषाका चारै सीपमध्ये उत्तरवर्ती सीपअन्तर्गत पर्ने महत्त्वपूर्ण पढाइ सीप हो । पढाइ ग्रहणात्मक वा आदनात्मक सीप हो । व्यक्तिको साक्षरताको पहिलो खुड्किलो लेख्य भाषा पढ्न जान्नु हो । पढ्न जानेमा उसले आफ्नो सुविधाअनुसार ज्ञानार्जन गर्ने एउटा महत्त्वपूर्ण माध्यमको उपयोग गर्ने अवसर प्राप्त गर्दछ । बालकले लेख्य भाषा पढ्न जान्नु भनेको उसले ज्ञानको अर्को ज्योतिको ढोका खोल्नु हो (पौडेल र शर्मा, २०७० : १२१) । पढाइ विभिन्न किसिमका हुन्छन् । सस्वर पढाइ, मौन पढाइ र द्रुत पढाइ पाठ्यक्रमले राखेको पढाइ सीपसँग सम्बन्धित सक्षमता र अभ्यास निम्न छन् :

- लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
- पाठमा व्यक्त भावअनुसार गति, यति, लय मिलाई पढ्न,
- पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन,
- विभिन्न प्रयोजनका लागि प्रबन्ध/निबन्ध, जीवनी र कथा पढ्न,
- साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन,
- विभिन्न स्रोतका सामग्री तथा विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न,
- पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न,

– उखानटुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले पढाइ सीपसँग सम्बन्धित नौवटा सक्षमताहरू राखेको पाइन्छ । पाठ्यपुस्तकमा पढाइ सीप विकास गराउने किसिमका अभ्यासहरू राखिएका छन् । पाठ्यक्रमले राखेका सक्षमताहरू परिपूर्ति गर्न पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरू समावेश गरिएका छन् ।

लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न भन्ने उद्देश्य परिपूर्तिका लागि पाठ १ को अभ्यास १ (पृष्ठ २), पाठ २ को अभ्यास १ ( पृष्ठ ९), पाठ ७ को अभ्यास १ (पृष्ठ ४८), पाठ १२ को अभ्यास १ (पृष्ठ ८१), पाठ १८ को अभ्यास १ (पृष्ठ १२३) ।

पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन भन्ने उद्देश्य परिपूर्तिका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : पाठ १ को अभ्यास १५ (पृष्ठ ४), पाठ २ को अभ्यास १३ (पृष्ठ ११), पाठ ३ को अभ्यास १३ (पृष्ठ १९), पाठ ४ को अभ्यास १६ (पृष्ठ २९), पाठ ५ को अभ्यास ११ (पृष्ठ ३५), पाठ १३ को अभ्यास २२ (पृष्ठ ९४), पाठ १४ को अभ्यास ८ (पृष्ठ ९९), पाठ १९ को अभ्यास १३ (पृष्ठ १३२) ।

विभिन्न प्रयोजनका लागि प्रबन्ध/निबन्ध, जीवनी र कथा पढ्न भन्ने उद्देश्य परिपूर्तिका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : पाठ ३ को पृष्ठ १६ अभ्यास १, पाठ ४ को अभ्यास १ (पृष्ठ २६), पाठ ५ को अभ्यास १ (पृष्ठ ३६), पाठ ६ को अभ्यास १ (पृष्ठ ४२), पाठ ८ को अभ्यास १ (पृष्ठ ५५), पाठ ९ को अभ्यास १ (पृष्ठ ६४), पाठ ११ को अभ्यास १ (पृष्ठ ७६), पाठ १२ को अभ्यास १ (पृष्ठ ८१), पाठ १३ को अभ्यास १ (पृष्ठ ९०), पाठ १४ को अभ्यास १ (पृष्ठ ९८), पाठ १५ को अभ्यास १ (पृष्ठ १०६), पाठ १६ को अभ्यास १ (पृष्ठ ११२), पाठ १७ को अभ्यास १ (पृष्ठ ११९), पाठ १९ को अभ्यास १ (पृष्ठ १३०), पाठ २० को अभ्यास १ (पृष्ठ १३९), पाठ २१ को अभ्यास १ (पृष्ठ १४६), पाठ २२ को अभ्यास १ (पृष्ठ १६०) ।

साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन भन्ने उद्देश्य परिपूर्तिका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : पाठ

३ को अभ्यास ७ (पृष्ठ १८), पाठ १३ को अभ्यास २४ (पृष्ठ ९४), पाठ २१ को अभ्यास ९ (पृष्ठ १५०) ।

विभिन्न स्रोतका सामग्री तथा विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न भन्ने सक्षमता परिपूर्तिका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : पाठ २ को अभ्यास १० (पृष्ठ १८), पाठ ४ को अभ्यास ८ (पृष्ठ २८), पाठ ५ को अभ्यास ६ (पृष्ठ ३४), पाठ ६ को अभ्यास १० (पृष्ठ ४४), पाठ ८ को अभ्यास ११ (पृष्ठ ५७), पाठ ९ को अभ्यास ९ (पृष्ठ ६५), पाठ १० को अभ्यास ११ (पृष्ठ ७३), पाठ १४ को अभ्यास ९ (पृष्ठ ९९), पाठ १६ को अभ्यास १२ र १३ (पृष्ठ ११३), पाठ १८ को अभ्यास १० (पृष्ठ १२५), पाठ २० को अभ्यास ८ (पृष्ठ १४१), पाठ २१ को अभ्यास १४ (पृष्ठ १५१) ।

पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न भन्ने सक्षमता परिपूर्तिका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : पाठ २ को अभ्यास ११ (पृष्ठ ११), पाठ १७ को अभ्यास १० (पृष्ठ १२३), पाठ १८ को अभ्यास १२ (पृष्ठ १२५), पाठ १९ को अभ्यास ११ (पृष्ठ १३२), पाठ २० को अभ्यास १० (पृष्ठ १४१) ।

उखानटुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न भन्ने सक्षमता परिपूर्तिका लागि पाठ्यपुस्तकमा नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : पाठ २ को अभ्यास ९ (पृष्ठ ९), पाठ २२ को अभ्यास ७ (पृष्ठ १६१) ।

पाठ्यपुस्तकमा पढाइ सीप विकासका लागि विभिन्न अभ्यासहरू राखिए पनि विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौनवाचन गर्न, प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पाठहरू सस्वरवाचन गर्न र उखान टुक्काहरूको अर्थ बुझी उपर्युक्त ढङ्गले प्रयोग गर्न, साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन भन्ने अभ्यासहरू कमै राखिएको पाइन्छ ।

### ४.१.१.३ लेखाइ

सुनाइ/बोलाइ, पढाइपछि अर्को महत्त्वपूर्ण सीप लेखाइ हो । लेखाइ सीप आफ्ना मन मस्तिष्कमा रहेका भाव एवम् विचारलाई लिपि चिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई चिह्नहरूको प्रयोग गरिन्छ -पौडेल र शर्मा, २०७० : १४४) । लेखाइले मौखिक

अभिव्यक्तिको सीमित दायरालाई फराकिलो पार्दछ । सबै परिस्थितिमा श्रोताले विचार ग्रहण गर्ने अनुकूल अवसर पाउँदैनन् भने वक्तालाई पनि आफूले देखे, जाने, बुझे, पढे र अनुभव गरेका कुरा भन्ने अनुकूलता हुँदैन । यस्तो अवस्थामा लेखाइ अनिवार्य आधार बन्दछ । लेखाइलाई अभिव्यक्ति पक्षको रूपमा पनि चिनिन्छ । पाठ्यक्रमले राखेका लेखाइ सीपसँग सम्बन्धित सक्षमता निम्नानुसार छन् :

- हिज्जे र वाक्यगठन मिलाइ सफा र शुद्धसँग लेख्न,
- विभिन्न चिह्नको उपयुक्त ढङ्गले प्रयोग गर्न,
- आफूले देखे/सुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न,
- सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न,
- विभिन्न विषयहरूमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा पत्र, समवेदना, कथा, जीवनी र वादविवाद सिलसिला मिलाइ लेख्न,
- स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रबन्ध लेख्न,
- आफ्ना रुचिअनुसारका विषयमा मौलिक रचना गर्न,
- शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न,
- पाठका विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न,
- व्याकरणसम्मत वाक्य रचना गर्न,
- पाठमा प्रयुक्त उखानटुक्काहरूको अर्थ बुझी प्रयोग गर्न,

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा लेखाइ सीप विकासका लागि पाठ्यक्रमले १३ वटा सक्षमताहरू राखेका छन् । लेखाइ सीप विकासका लागिं आवश्यक विधाहरूमा प्रबन्ध, कथा, निवेदन, कविता आदि पर्दछन् । यी विधाअन्तर्गत विभिन्न पाठहरूको माध्यमबाट लेखाइ सीप विकास गर्न सकिन्छ ।

हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्ने भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ २ को अभ्यास १२ (पृष्ठ ११), पाठ ३ को अभ्यास १३ (पृष्ठ १९), पाठ ४ को अभ्यास १४ (पृष्ठ २९), पाठ ६ को अभ्यास १७ (पृष्ठ ४४), पाठ ८ को अभ्यास १४ (पृष्ठ ५७), पाठ ९ को

अभ्यास १८ (पृष्ठ ६६), पाठ १० को अभ्यास १४ र १५ (पृष्ठ ७३), पाठ १२ को अभ्यास १२ (पृष्ठ ८३), पाठ १३ को अभ्यास १५ र १६ (पृष्ठ ९२), पाठ १४ को अभ्यास १६ (पृष्ठ १०१), पाठ १६ को अभ्यास १५ (पृष्ठ ११३), पाठ १८ को अभ्यास १४ र १५ (पृष्ठ १२५), पाठ १९ को अभ्यास १२ (पृष्ठ १३२), पाठ २१ को अभ्यास १८ (पृष्ठ १५२), पाठ २२ को अभ्यास ९, १० र १२ (पृष्ठ १५२) ।

विभिन्न चिह्नको उपयुक्त ढङ्गले प्रयोग गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ ३ को अभ्यास १६ (पृष्ठ २१), पाठ १९ को अभ्यास १४,१५ र १६ (पृष्ठ १३४ र १३५) ।

आफूले देखे/सुनेका, पढेका, अनुभव गरेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १ को अभ्यास ६ (पृष्ठ ३), पाठ २ को अभ्यास १८ (पृष्ठ १३), पाठ ३ को अभ्यास ८ र १५ (पृष्ठ ९ र १८), पाठ ८ को अभ्यास ५ (पृष्ठ ५६), पाठ ९ को अभ्यास १६ (पृष्ठ ६६), पाठ १० को अभ्यास २१ (पृष्ठ ७४), पाठ १५ को अभ्यास १८ (पृष्ठ १०८), पाठ १७ को अभ्यास १६ (पृष्ठ १२१), पाठ १८ को अभ्यास १८ (पृष्ठ १२६), पाठ १९ को अभ्यास १० (पृष्ठ १३२), पाठ २० को अभ्यास १२ (पृष्ठ १४२) सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ ३ को अभ्यास ८ (पृष्ठ १८), पाठ ८ को अभ्यास ५ (पृष्ठ ५६), पाठ ९ को अभ्यास ६ (पृष्ठ ६५), पाठ १३ को अभ्यास ६ (पृष्ठ ९१) ।

विभिन्न विषयहरूमा अनुच्छेद, चिठी, निवेदन, निमन्त्रणा पत्र, समवेदना, कथा, जीवनी र वादविवाद सिलसिला मिलाइ लेख्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ ५ को अभ्यास ३ र ४ (पृष्ठ ३३ र ३४), पाठ ११ को अभ्यास ६ र १७ (पृष्ठ ७७ र ७९), पाठ १९ को अभ्यास १७ (पृष्ठ १३५) ।

स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रबन्ध लेख्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ

४ को अभ्यास २१ (पृष्ठ ३१), पाठ ९ को अभ्यास २२ (पृष्ठ ६७) ,पाठ १६ को अभ्यास २० (पृष्ठ ११४) ।

आफ्ना रुचिअनुसारका विषयमा मौलिक रचना गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १ को अभ्यास १९ (पृष्ठ ५), पाठ १२ को अभ्यास १८ (पृष्ठ ८३), पाठ १५ को अभ्यास १८ (पृष्ठ १०८), पाठ २२ को अभ्यास १७ (पृष्ठ १६३) ।

शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ २ को अभ्यास १७ (पृष्ठ १३), पाठ ३ को अध्यास १९ (पृष्ठ २२),पाठ ५ को अभ्यास १८ (पृष्ठ ५), पाठ १४ को अभ्यास २० (पृष्ठ १०२), पाठ १९ को अभ्यास १७ (पृष्ठ १३५), पाठ २१ को अभ्यास २३ (पृष्ठ १५५) ।

पाठका विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १ को अभ्यास ७ (पृष्ठ ३), पाठ २ को अभ्यास ६ (पृष्ठ १०), पाठ ६ को अभ्यास ६ (पृष्ठ ४३), पाठ ८ को अभ्यास ७ (पृष्ठ ५६), पाठ ९ को अभ्यास ५ (पृष्ठ ६५), पाठ १२ को अभ्यास ६ (पृष्ठ ८२), पाठ १७ को अभ्यास ५ (पृष्ठ १२०), पाठ १८ को अभ्यास ५ (पृष्ठ १२४), पाठ १९ को अभ्यास ६ (पृष्ठ १३१), पाठ २२ को अभ्यास ५ (पृष्ठ १६०) ।

व्याकरणसम्मत वाक्य रचना गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ १ को अभ्यास १७ ( पृष्ठ ५), पाठ २ को अभ्यास १६ (पृष्ठ १२), पाठ ४ को अभ्यास १७ (पृष्ठ ३०), पाठ ६ को अभ्यास १९ (पृष्ठ ४५), पाठ ७ को अभ्यास १३ (पृष्ठ ५०), पाठ ८ को अभ्यास १६ (पृष्ठ ५८), पाठ ९ को अभ्यास २१ (पृष्ठ ६७), पाठ १३ को अभ्यास २० (पृष्ठ ९३), पाठ १४ को अभ्यास १९ (पृष्ठ १०१), पाठ १५ को अभ्यास १६ (पृष्ठ १०८), पाठ १७ को अभ्यास १४ र १५ (पृष्ठ १२१), पाठ १८ को अभ्यास १४ र १५ (पृष्ठ १२५), पाठ २० को अभ्यास १५ (पृष्ठ १४४), पाठ २१ को अभ्यास २० र २२ (पृष्ठ १५३ र १५४) ।

पाठमा प्रयुक्त उखानटुक्काहरूको अर्थ बुझी प्रयोग गर्न भन्ने सक्षमता परिपूर्ति गर्नका लागि पाठ्यपुस्तकमा निम्नानुसारका नमुना अभ्यासहरू रहेका छन् : पाठ २२ को अभ्यास ७ (पृष्ठ १६१) ।

यसरी यी अभ्यासहरू हेर्दा पाठ्यक्रमले निर्देश गरेका लेखाइसम्बन्धी उद्देश्यहरू केही हदसम्म पूरा हुन सक्ने देखिन्छ । यसरी पाठगत सिकाइ उपलब्धिहरूका लागि भाषाका चार सीपलाई महत्त्वपूर्ण रूपमा लिइन्छ ।

सामान्यतया निम्नलिखित विधामा कक्षागत रूपमा निम्नानुसार पाठहरूको वितरण गर्नु उपयुक्त हुन्छ :

**तालिका नं. १**

**पाठ्यक्रमद्वारा निर्धारित कक्षा आठको पाठहरूको वितरण**

| विधा | पाठ सङ्ख्या |
|---|---|
| कविता | ४ |
| कथा | ६ |
| जीवनी | ४ |
| प्रबन्ध | ४ |
| चिठी | २ |
| रूपक | २ |
| जम्मा | २२ |

### ४.१.१.४ कार्यमूलक व्याकरणमा समाविष्ठ नमुना अभ्यास

कार्यमूलक व्याकरण भन्नाले व्याकरणका नियम छुट्टै रूपमा नपढाइ पाठ सँगसँगै व्याकरण शिक्षण गर्नु हो । बालबालिकाहरूलाई व्याकरण सिकाउनुको प्रयोजन भाषाको नियमहरूका बारेमा जानकारी नभएर उनीहरूको भाषा प्रयोगलाई शुद्ध, परिष्कृत र उपयुक्त बनाउनु हो (अधिकारी र शर्मा, २०५६ : १२१) । यसरी व्याकरणका नियमहरू कण्ठ गर्न लगाउने नभई भाषाको प्रयोग पक्षमा बढी महत्त्व दिएर भाषालाई प्रयोगकै माध्यमबाट स्तरीय बनाउनु भन्ने बुझिन्छ । परम्परागत व्याकरण शिक्षण प्रक्रियालाई

कार्यमूलक मान्न सकिँदैन । व्याकरण सिकाउन भाषाका संरचना, ढाँचा र नियमहरूको महत्त्व रहन्छ । यसलाई परिभाषा, नियममा नबाँधी भाषा प्रयोग गर्न लगाएर व्याकरण सिकाउने उद्देश्यले कार्यमूलक व्याकरण राखिएको छ ।

नेपाली भाषामा कार्यमूलक व्याकरण हालसम्म लेखिएका छैनन् । उक्त स्थितिमा शिक्षकहरूले नै भाषाका कार्यहरू पहिल्याई तिनमा उपयोगी हुने व्याकरणात्मक संरचना र नियमहरूलाई ध्यान दिई भाषाको प्रयोग सिकाउनु आवश्यक छ । व्याकरणलाई भाषाभन्दा अलग गरेर सिक्न सिकाउन सकिँदैन । व्याकरण सिक्नु भनेको विभिन्न पक्षको परिभाषा र उद्धरण भन्न सक्नु मात्र नभई भाषा प्रयोगलाई शुद्ध, उपयुक्त र स्तरीय बनाउनु हो । कार्यमूलक व्याकरण शिक्षणअन्तर्गत व्याकरणलाई यसरी सिकाउन सकिन्छ, पदसङ्गति, काल, पक्ष, अर्थ वा भाव, वाक्य परिवर्तन, वाच्य परिवर्तन, शब्दवर्ग, कारक र विभक्ति, उच्चारण, लेख्य चिह्न, वर्णविन्यास, शब्दभण्डार र उखान टुक्का, नाम, सर्वनाम आदि । विद्यार्थीलाई भाषा प्रयोग गर्न र प्रयोगकै माध्यमबाट व्याकरणका विभिन्न पक्षसँग परिचित हुन सक्छन् ।

### (क) पदसङ्गति

नि.मा.वि. पाठ्यक्रमले मौखिक तथा लिखित रूपमा लिङ्ग, वचन, पुरुष, आदरको मेल गरी अभिव्यक्त गर्न सक्ने बनाउने उद्देश्य राखेको पाइन्छ । पदसङ्गतिसम्बन्धी अभ्यासहरूलाई हेर्दा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पर्याप्त रूपमा राखिएको पाइँदैन । यस उद्देश्य परिपूर्तिको लागि पाठ एक्काइस पृष्ठ १५३, १५४ (अभ्यास २०, २१) मा कोष्ठकमा दिइएको सङ्केतको आधारमा वाक्य परिवर्तन गर र पदसङ्गति मिलाई पुनर्लेखन गर भनी दिइएको छ । पाठमा पदसङ्गति सम्बन्धी उद्धरणहरू पर्याप्त मात्रामा नदिइएको हुनाले पाठ्यक्रमको पदसङ्गति सम्बन्धी उद्देश्य पूरा हुन नसक्ने देखिन्छ । यसलाई पाठ्यक्रमअनुरूपताका दृष्टिले हेर्दा उपयुक्त मान्न सकिन्न ।

### (ख) काल

पाठ्यक्रमअनुसार कक्षा आठमा वर्तमान काल, भूतकाल र भविष्यत् कालको परिभाषा दिन र प्रयोग गर्न सक्ने उद्देश्य रहेको छ । यो उद्देश्य परिपूर्ति गर्नका लागि

पाठ एक्काइस पृष्ठ १५४ (अभ्यास २२) मा तलका वाक्यहरूलाई भविष्यत् कालमा बदल भनी दिइएको छ । कालसम्बन्धी स्पष्ट रूपमा परिभाषा र अभ्यास दिइएको पाइँदैन ।

**(ग) पक्ष**

नि.मा.शि. पाठ्यक्रमअनुसार कक्षा आठमा अपूर्ण पक्ष, पूर्ण पक्ष, अज्ञात र अभ्यस्त पक्षको परिभाषा दिन र प्रयोग गर्न सक्ने बनाउने उद्देश्य रहेको छ । यो उद्देश्य परिपूर्ति गर्नका लागि पाठ एक्काइस पृष्ठ १५४ (अभ्यास २२) मा तलका वाक्यहरूलाई भविष्यत् कालमा बदल भनी दिइएको छ । कालसम्बन्धी स्पष्ट रूपमा परिभाषा र अभ्यास दिइएको पाइँदैन ।

**(घ) अर्थ वा भाव**

कक्षा आठमा पाठ्यक्रमअनुसार आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थको परिभाषा दिन र प्रयोग गर्न सक्ने बनाउने उद्देश्य रहेको छ । उद्देश्य परिपूर्ति गर्नका लागि पाठ सात पृष्ठ ५० (अभ्यास १२, १३) मा माथिको तालिकाको अध्ययन गरी इच्छार्थ, आज्ञार्थ र सम्भावनार्थ क्रियापदको प्रयोग गरी पाँच पाँच वटा वाक्यहरू बनाऊ र कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा वाक्य परिवर्तन गर भनी दिइएको छ । यसरी अभ्यासलाई हेर्दा पाठ्यपुस्तकमा यससम्बन्धी अभ्यासहरू प्रशस्त मात्रामा राखिएको पाइन्छ ।

**(ङ) वाक्य परिवर्तन**

पाठ्यक्रमअनुसार लिङ्ग, वचन, पुरुष, आदर र करण, अकरण, काल र पक्षका आधारमा प्रयोग गर्न सक्ने बनाउने उद्देश्य रहेको छ । उद्देश्य परिपूर्ति गर्नका लागि पाठ बिस पृष्ठ १४४ (अभ्यास १५) कोष्ठकमा दिइएको सङ्केतको आधारमा वाच्य परिवर्तन गर भनी दिइएको छ । तर यिनीहरूको बारेमा परिभाषा दिइएको पाइँदैन ।

**(च) शब्दवर्ग**

मौखिक तथा लिखित रूपमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक शब्दहरूको प्रयोग गर्न सक्ने बनाउने

नि.मा.वि. तह कक्षा आठको नेपाली पाठ्यक्रमको उद्देश्य रहेको छ । यस उद्देश्य परिपूर्ति गर्न नाम शब्दको लागि पाठ एक पृष्ठ ४, ५ (अभ्यास १५, १६) मा पढ, बुझ गर र तिम्रो कक्षाकोठामा भएका दस वटा वस्तुका नाम शब्द लेखेर कक्षामा सुनाऊ भनी दिइएको छ । सर्वनामको उद्देश्य पूर्तिका लागि पाठ दुई पृष्ठ ११, १२ (अभ्यास १३, १४) मा पढ, बुझ गर र माथिको तालिका अध्ययन पाठबाट सर्वनाम प्रयोग भएका पाँचवटा वाक्यहरू खोजेर लेख भनी दिइएको छ । विशेषण शब्दको उद्देश्य पूर्तिका लागि पाठ पाँचमा पृष्ठ ३५ (अभ्यास ११) मा माथिको तालिकाको अध्ययन गरी तालिकामा नपरेका कुनै दसवटा विशेषण शब्द लेखेर शिक्षकलाई देखाऊ । तलका शब्दलाई तालिकामा दिइए जस्तै कस्तो, कत्रो, कति र कुन भनी प्रश्न गर र उपयुक्त शब्द छानेर भर भनी दिइएको छ । त्यसैगरी क्रियापदको उद्देश्य पूर्तिका लागि पाठ चौध पृष्ठ १०१ -अभ्यास १७, १८) मा पाठको तेस्रो अनुच्छेदका क्रियापदलाई अभ्यस्त भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर । तलका भूतकालका सामान्य पक्षका क्रियापदलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर भनी दिइएको छ । क्रियायोगीका लागि पाठ प्रयोग भएको पाइँदैन । नामयोगीको उद्देश्य पूर्तिका लागि पाठ एघार पृष्ठ ७९ (अभ्यास १४) मा पाठमा प्रयोग भएका नामयोगी शब्द टिप भनी दिइएको छ । संयोजक र निपातको लागि पाठ आठ पृष्ठ ५८ (अभ्यास १८) मा माथिको पाठबाट फरक फरक संयोजक भएका तिनवटा वाक्य खोजेर लेख । पृष्ठ ७९ (अभ्यास १४) मा निपात संयोजक शब्द टिप भनी दिइएको छ । विस्मयादिबोधकको उद्देश्य पूर्तिका लागि पाठ दस ७४ (अभ्यास १८) मा पाठबाट विस्मयादिबोधक शब्द लेखेर शिक्षकलाई देखाऊ भनी भनिएको छ ।

यसरी अभ्यासहरूलाई हेर्दा पाठ्यपुस्तकमा यससम्बन्धी अभ्यासहरू प्रशस्त मात्रामा राखिएको पाइन्छ । तर परिभाषा दिइएको पाइँदैन ।

### (छ) वाच्य परिवर्तन

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा वाच्य परिवर्तन उद्देश्य परिपूर्तिका लागि पाठ बिस पृष्ठ १४४ (अभ्यास १५) मा कोष्ठकमा दिइएको सङ्केतको आधारमा वाच्य परिवर्तन गर भनी दिइएको छ । तर कर्मवाच्य, कर्तृवाच्य र भाव वाच्यको परिभाषा भनेर दिइएको पाइँदैन ।

### (ज) कारक र विभक्ति

नेपाली भाषा पाठ्यक्रमले मौखिक तथा लिखित रूपमा कारक र विभक्तिको प्रयोग गर्न सक्ने बनाउने उद्देश्य राखेको छ । यो उद्देश्य पूरा गर्न कक्षा आठको भाषा पाठ्यपुस्तकमा रहेका पाठहरूमा उचित मात्रामा कारक र विभक्तिको प्रयोग गरिएको पाइन्छ । विद्यार्थीहरूलाई पाठमा समावेश भएका कारक र विभक्ति देखाएर यिनको प्रयोगकको ज्ञान दिन सकिन्छ । नमुना अभ्यासहरूमा पाठ तिन पृष्ठ १९, २० -अभ्यास १६, १७, १८) मा तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको कारक पहिचान गर : कारक र विभक्तिका बारेमा थप जानकारीका लागि तलको तालिका पढ : कोष्ठकमा दिइएको सङ्केतअनुसार विभक्ति चिह्न राखेर खाली ठाउँ पूरा भर : भनी दिइएको छ ।

### (झ) उच्चारण

पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्नका लागि पाठ एकदेखि पाठ बाइससम्मका अभ्यास ११ मा तलका शब्द शुद्धसँग उच्चारण गगर भनी दिइएको पाइन्छ ।

### (ञ) लेख्य चिह्न

नि.मा.शि. पाठ्यक्रमा समावेश गरिएका लेख्य चिह्न अन्तर्गत पूर्णविराम, प्रश्न चिह्न, अल्पविराम, अर्धविराम, उद्गार चिह्न, योजक चिह्न, कोष्ठक चिह्न, उद्धरण चिह्न, निर्देश चिह्नको प्रयोग र परिभाषा गर्न सक्ने बनाउने उद्देश्य राखेको पाइन्छ । यस उद्देश्य परिपूर्तिका लागि पाठ उन्नाइसको पृष्ठ १३२, १३४, १३३ (अभ्यास १३) मा पढ र बुझ : भनी क, ख, ग, घ गरी उद्धरण दिइएको पाइन्छ, (?) यो प्रश्न चिह्न हो । ( । ) यो पूर्णविराम चिह्न हो, (,) यो अल्पविराम चिह्न हो, (;) यो अर्धविराम चिह्न हो । (“ ” ), (‘ ’) यो उद्धरण चिह्न हो । ( : ) यो निर्देशक चिह्न हो भनी विभिन्न चिह्नको प्रयोग गरी दिइएको छ । अभ्यास १४ मा उपयुक्त चिह्नको प्रयोग गरी शुद्ध गर भनी दिइएको छ । यसरी पाठ्यपुस्तकमा पर्याप्त मात्रामा पाठ्यक्रमले तोकेअनुसारका लेख्य चिह्नहरूको प्रयोगले उद्देश्यपूर्ण रूपमा पूरा हुने देखिन्छ ।

**(ट) वर्णविन्यास**

कक्षा आठको नेपाली भाषा पाठ्यक्रमले लिखित रूपमा पाठमा प्रयुक्त शब्दहरूमा वर्णविन्यासको उपयुक्त प्रयोग ह्रस्व दीर्घ (इ, ई, उ, ऊ, य/ए, श/ष/स, ग्यँ/ज्ञ, रि/ऋ, छ/क्ष, ज्ञ/ण, नप, शिरबिन्दु/चन्द्रबिन्दु, विसर्ग र पदयोग र पदवियोगको प्रयोग र परिभाषा गर्न सक्ने बनाउने उद्देश्य राखेको छ । यस उद्देश्य परिपूर्तिका लागि पाठ चार पृष्ठ २९ (अभ्यास १४) मा पाठबाट 'य' र 'ए' लागेका दस दस वटा शब्दहरू खोजेर लेख भनी दिइएको छ । पाठ पृष्ठ ४४ (अभ्यास १७) मा उदाहरण हेरी अन्य सामग्रीको अध्ययन गरी ऋ र रि लागेका पाँच पाँच वटा शब्दहरू टिप भनी दिइएको छ । पाठ आठ पृष्ठ ५७ (अभ्यास १४) मा 'ण' र 'न' प्रयोग भएका दस दस वटा शब्दहरू पाठबाट खोजेर लेख भनी दिइएको छ। पाठ दस पृष्ठ ७३ (अभ्यास १४) मा पाठको दसौं अनुच्छेद राम्ररी पढ र त्यहाँ प्रयोग भएका ह्रस्व इकार र दीर्घ इकार लागेका पाँच पाँच वटा शब्दहरू पाठबाट खोजेर लेख भनी दिइएको छ । तर शिरबिन्दु/चन्द्रबिन्दु र विसर्गको उद्देश्य पूरा गर्नका लागि अभ्यासका रूपमा लिइएको पाइँदैन ।

**(ठ:) उखान टुक्का**

नि.मा.शिक्षा तहको नेपाली भाषा पाठ्यक्रमले मौखिक तथा लिखित रूपमा प्रसङ्ग मिल्ने गरी उखान टुक्का प्रयोग गर्न सक्ने बनाउने उद्देश्य राखेको छ । यस उद्देश्य परिपूर्तिका लागि पाठ दुई पृष्ठ ११ (अभ्यास ९) मा पढ, बुझ र गर : र तलका उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर भनी दिइएको छ । त्यसैगरी पाठ बाइस पृष्ठ १६१ (अभ्यास ७) मा तलका टुक्कालाई उदाहरणमा देखाए जस्तै गरी वाक्यमा प्रयोग गर भनी दिइएको छ । यसरी पाठ्यक्रमका उद्देश्यलाई पूरा गर्न उखान टुक्कासम्बन्धी अभ्यास प्रशस्त दिइएको पाइन्छ ।

नि.मा.वि. तहको पाठ्यक्रम (२०६९) र कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक २०७२ ले कार्यमूलक व्याकरण भनी व्याकरणलाई कार्यमूलक ढङ्गले सिकाउने अपेक्षा गरेको छ । पाठ्यक्रममा पनि कार्यमूलक व्याकरणसम्बन्धी राम्रो जानकारी दिइएको पाइन्छ । यस तहमा व्याकरण सिकाइ गर्नुको उद्देश्य बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । पाठ्यपुस्तकमा पनि प्रत्येक पाठको अन्त्यमा कार्यमूलक

व्याकरणलाई अभ्यासको रूपमा समावेश गरेको हुनाले विद्यार्थीहरूलाई व्याकरणसम्बन्धी जानकारी लिन सजिलो परेको पाइन्छ । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्ट्याई गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बन्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ ।

**(ड) शब्दभण्डार**

कक्षा आठको नेपाली भाषा पाठ्यक्रममा पाठमा प्रयुक्त शब्दहरूलाई केन्द्रबिन्दु मानी विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको पाइन्छ । प्रत्येक पाठमा शब्दभण्डार सम्बन्धी अभ्यासहरू राखिएका छन् । यस उद्देश्य परिपूर्तिका लागि पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, समावेशक/प्राविधिक, अनुकरणात्मक शब्दहरू पाठ्यक्रमले राखेको पाइन्छ । पाठ एक पृष्ठ ३ (अभ्यास ८, ९) मा उल्टो अर्थ आउने शब्दको जोडा मिलाऊ र तलका शब्दको उस्तै अर्थ दिने शब्द लेख : भनी दिइएको छ । पाठ दुई पृष्ठ १० (अभ्यास ७) मा मिल्ने अर्थ छानेर जोडा मिलाऊ भनी दिइएको छ । पाठ पाँच पृष्ठ ३४ (अभ्यास ५) मा मिल्ने अर्थ छानेर जोडा मिलाऊ भनी दिइएको छ । पाठ पाँच पृष्ठ ३४ (अभ्यास ७) मा तलका शब्दको विपरीतार्थी शब्द लेख भनी दिइएको छ । पाठ छ पृष्ठ ४४ (अभ्यास ११, १२) मा पर्यायवाची शब्द छानेर जोडा मिलाऊ । अनुकरणात्मक शब्दसँग मिल्दो क्रिया छानेर जोडा मिलाऊ : भनी दिइएको छ । पाठ तेह्र पृष्ठ ९२ (अभ्यास १०) मा तल दिइएका प्राविधिक शब्दलाई वाक्यमा प्रयोग गर भनी दिइएको छ । त्यसैगरी शब्दको अर्थ भन र जोडा मिलाऊ भनेर प्रत्येक पाठमा दिइएको पाइन्छ ।

यस पाठ्यपुस्तकमा विभिन्न अभ्यास नमुनालाई हेर्दा पाठ्यक्रमले तोकेअनुसार नै दिइएको पाइन्छ । निर्दिष्ट पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त विभिन्न किसिमका शब्द तथा उखान टुक्काको सिकाइ गर्नाले भाषिक बोध तथा अभिव्यक्ति सामर्थ्य बढाउन सहयोग पुऱ्याउँछ ।

**(ढ) व्यावहारिक लेखन**

पाठ्यक्रममा व्यावहारिक लेखनअन्तर्गत दैनिक दिनचर्यामा आइपर्ने निवेदन, निमन्त्रणा, संवेदना आदिजस्ता पाठहरूको उद्देश्य पूरा हुने गरी राखिएको पाइन्छ । उक्त उद्देश्य परिपूर्तिका लागि पाठ पाँच पृष्ठ २४ (अभ्यास ४) मा विद्यालयको पुस्तकालयमा नियमित रूपमा पत्रपत्रिका उपलब्ध गराइदिन अनुरोध गरी विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख र विद्यालयले गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति आफूले पाउन अनुरोध गरी आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख भनी दिइएको छ । पाठ एघार पृष्ठ ७७ (अभ्यास ७) मा आफ्नो विद्यालयले आयोजना गरेको कुनै कार्यक्रमको वर्णन गरी आफ्नो साथीलाई एउटा चिठी लेख भनी दिइएको छ । यसै पाठको पृष्ठ ७९ सिर्जनात्मक अभ्यास १७ मा आफूले जाडो बिदाको छुट्टिमा गरेको कुनै रमणीय ठाउँको वर्णन गरी आफ्ना साथीलाई चिठी लेख भनी दिइएको पाइन्छ ।

## अध्याय पाँच

# पाठगत आधारमा अध्ययन विश्लेषण

## ५.१ पाठगत आधारमा  नमुना अभ्यासको अध्ययन

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा जम्मा बाइसवटा पाठहरूलाई समावेश गरिएको छ । यीमध्ये यस पुस्तकमा ४ वटा कविता, ६ वटा कथा, ४ वटा प्रबन्ध, ४ वटा जीवनी, १ वटा निवेदन, १ वटा चिठी, १ वटा वादविवाद, १ वटा एकाङ्की रहेका छन् । यी प्रत्येक पाठको अन्त्यमा रहेका नमुना अभ्यासलाई पाठगत आधारमा छुट्टाछुट्टै तालिका बनाएर व्याख्या विश्लेषण गरिएको छ ।

### ५.१.१ पाठ एकसँग सम्बन्धित  नमुना अभ्यासको विश्लेषण

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये पहिलो पाठमा 'नेपाल' कवितालाई समावेश गरिएको छ । यस कवितामा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : नेपाल (कविता)**

**तालिका नं. २**

**पाठ एकमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| लयवाचन | माथिको कविता लय हालेर गाऊ । (ने. पृ. २) |
| वस्तुगत | मिल्ने शब्द छानेर खाली ठाउँ भर । (ने.पृ. २) |
| कवितांश पूरा गर | तल दिइएको कवितांश पूरा गर । (ने.पृ. २) |
| प्रश्नोत्तर | तलका प्रश्नहरूको उत्तर देऊ :<br>– पसिनाका धारा कहाँ बहन्छन् ? (ने.पृ. ३) |
| मुख्य भाव | 'नेपाल' कविताको मुख्य भाव लेख । (ने.पृ. ३) |

| | |
|---|---|
| व्याख्या | ज्यामी, सिपाही र किसान सारा छन्<br>आज हाम्रा बलिया सहारा । (ने.पृ. ३) |
| उस्तै अर्थदिने शब्द र उल्टो अर्थ दिने शब्द | देश, विशाल, पर्वत .......... (ने.पृ. ३)<br>इज्जत, बेइज्जत, शान्ति ...... |
| वाक्यमा प्रयोग | प्यारो, मन्त्र, मान, सङ्गीत, पुर्खा (ने.पृ. ४) |
| शुद्ध उच्चारण | तन्त्र, लयबद्ध, गुह्य, ध्वनि, वर्ष (ने.पृ. ४) |
| सुन र लेख | सौन्दर्य, इज्जत, ज्यामी, वृक्ष .... (ने.पृ. ४) |
| पढ र बुझ | नामका प्रकारहरू<br>– व्यक्तिवाचक नाम<br>– जातिवाचक नाम<br>– समूहवाचक नाम<br>– द्रव्यवाचक नाम<br>– भाववाचक नाम (ने.पृ. ४) |
| व्याकरण | एक वचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर ।<br>जस्तै : म नेपाली हुँ, ऊ नेपाली बोल्छ । (ने.पृ. ५) |
| सिर्जनात्मक अभ्यास | खाली ठाउँमा उपयुक्त शब्द भरी तलको कविता पूरा गर ।<br>जस्तै : कति, स्वाभिमान, देश, सौन्दर्य, पराइ<br>छ सुन्दर यो कति ...... हाम्रो (ने.पृ. ५) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबमा जम्मा बाइसवटा पाठ रहेका छन् । तीमध्ये पहिलो पाठ नेपाल कविता रहेको छ । यस कवितामा लयवाचन, खाली ठाउँ भर, कवितांश पूरा गर, प्रश्नोत्तर, मुख्य भाव व्याख्या, उस्तै अर्थ दिने शब्द र उल्टो अर्थ दिने शब्द, वाक्यमा प्रयोग, शुद्ध उच्चारण, सुन र लेख, पढ र बुझ, व्याकरण, सिर्जनात्मक नमुना अभ्यासलाई समावेश गरिएको छ । वस्तुगत सम्बन्धी जोडा मिलाउने र खाली ठाउँ भर्ने प्रश्नहरू समावेश गरिएको छ ।

## ५.१.२ पाठ दुईसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा वाइसवटा पाठमध्ये दोस्रो पाठमा भाग्य कथालाई समावेश गरिएको छ । यस कथामा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : भाग्य (कथा)**

**तालिका नं. ३**

**पाठ दुईमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| अनुच्छेद वाचन | माथिको पाठ पालैपालो एक एक अनुच्छेद पढेर कक्षामा सुनाऊ । जस्तै : पुन्टे किन छक्क परेर हेरिरहेको थियो ? (ने.पृ. ९) |
| प्रश्नोत्तर | उत्तर भन :<br>जस्तै : कर्मको फल भनेको के हो ? (ने.पृ. ९) |
| कसले कसलाई भनेको हो ? | कसले कसलाई किन भनेको हो ?<br>जस्तै : भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो । (ने.पृ. ९) |
| ठीक चिह्न लगाऊ | जस्तै : धनीराम कसको नाम हो ?<br>(क) बुबाको (ख) आमाको (ग) साहुको (ने.पृ.९) |
| भाव स्पष्ट पार | अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ । (ने.पृ. १०) |
| शब्दभण्डार | मिल्ने अर्थ छानेर जोडा मिलाऊ । जस्तै : छक्क –अचम्म ( ने.पृ. १०) |
| उल्टो अर्थ | उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाऊ । जस्तै : धनी – गरिब (ने.पृ. १०) |
| पढ, बुझ र गर | कामचाहिँ तपाइ गर्ने तर भाग्यचाहिँ धनीरामको राम्रो हुने किन |

| | |
|---|---|
| | ?: यो त काम गर्ने कालु मकै खाने भालु भएन र । (ने.पृ. १०) |
| उच्चारण र हिज्जे | उच्चारण र हिज्जेसम्बन्धी अभ्यास शुद्धसँग उच्चारण गर । छैटी, टुलुटुलु<br>शब्दहरू सच्याऊ : जिग्यासु, म्वाइ, धुतुक्क (ने.पृ. ११) |
| कार्यमूलक व्याकरण | पढ, बुझ र गर<br>जस्तै : ऊ मनमनै अर्थ लगाउँथ्यो पनि । उनीहरू धनी छन् म गरिब छु । (ने.पृ.११) |
| निपात शब्द चिन्न र वाक्य बनाऊ | तलका वाक्यमा भएका निपात शब्द चिन ।<br>जस्तै : आमा, मत आफ्नो भाग्य आफैँ लेख्ने भएँ नि । (ने.पृ. १२) |
| सिर्जनात्मक अभ्यास | दिइएका बुँदाहरूलाई मिलाएर एउटा कथा तयार पार र उपर्युक्त शीर्षक देऊ । (ने.पृ. १३) |

प्रस्तुत तालिकाअनुसार यस 'भाग्य' कथामा अनुच्छेद वाचन, प्रश्नोत्तर लेखन, कसले कसलाई भनेको, ठीक चिह्न लगाऊ, भाव स्पष्ट पार, शब्दभण्डार, उल्टो अर्थ, पढ, बुझ र गर, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, निपात शब्द चिन र वाक्य बनाऊ, सिर्जनात्मक सम्बन्धित  नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.३ पाठ तिनसँग सम्बन्धित  नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये तेस्रो पाठमा 'देवकुमारी थापा' को जीवनीलाई समावेश गरिएको छ । यस जीवनीमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

पाठ : देवकुमारी थापा (जीवनी)

## तालिका नं. ४

## पाठ तिनमा समाविष्ट नमुना अभ्यास

| पाठ्यवस्तु | |
|---|---|
| पालैपालो पढ र सुन | पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन । (ने.पृ. १७) |
| प्रश्नोत्तर भन | एक वाक्यमा उत्तर भन :<br>जस्तै : -क) देवकुमारीको जन्म कहाँ र कहिले भएको थियो । (ने.पृ. १७) |
| जोडा मिलाऊ | मिल्ने शब्दमा जोडा मिलाऊ (ने.पृ. १७) |
| वस्तुगत | ठीक उत्तरमा ठीक (√) चिह्न लगाऊ :<br>जस्तै : -क) देवकुमारी थापाले गरेको नयाँ काम के हो ?<br>– बालकथा लेखन, – बालपत्रिका प्रकाशन<br>– बालनाटक मञ्चन – बालमन्दिर सञ्चालन |
| खाली ठाउँ भर | मिल्ने शब्द छानेर खाली ठाउँ भरी वाक्य पूरा गर : (ने.पृ. १७) |
| प्रश्नोत्तर लेख | उत्तर लेख :<br>(क) देवकुमारीको बालसाहित्यमा कस्तो योगदान रहेको छ ? (ने.पृ. १८) |
| चर्चा गर | देवकुमारी थापाले शिक्षा, स्वास्थ्य र साहित्यमा दिएको योगदानको चर्चा गर । (ने.पृ.१८) |
| सारांश | पाठको तेस्रो अनुच्छेद पढि चारवटा बुँदाहरू टिपेर सारांश लेख (ने.पृ.१८) |
| शब्दभण्डार | विपरीतार्थ शब्द मिल्ने गरी जोडा मिलाऊ ।<br>शब्दको अर्थ बताऊ ।<br>अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर । (ने.पृ. १८) |

| | |
|---|---|
| उच्चारण र हिज्जे | शुद्ध उच्चारण गर ।<br>प्रेरक, प्रतिभाशाली ......... (ने.पृ. १८)<br>ठीक हिज्जे भएका शब्द छानेर लेख ।<br>शिक्षकले भनेको सुनेर शब्दहरूको उच्चारण गर ।<br>पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ. १९) |
| कार्यमूलक व्याकरण | पढ, बुझ र गर (ने.पृ. २०)<br>सङ्केतअनुसार विभक्ति चिह्न राख ।<br>रेखाङ्कित शब्दको कारक छुट्याऊ । (ने.पृ. २१) |
| सिर्जनात्मक अभ्यास | बुँदाहरूका आधारमा छोटो जीवनी लेख । |

प्रस्तुत तालिकाअनुसार 'देवकुमारी' थापाको जीवनी पाठमा निम्नानुसारका नमुना अभ्यासहरूको प्रयोग गरिएको छ । पालैपालो पढ र सुन, प्रश्नोत्तर भन, जोडा मिलाऊ, वस्तुगत प्रश्नहरू, खाली ठाउँ भर्ने प्रश्नहरू, प्रश्नोत्तर लेखन, चर्चा गर, सारांश लेखन, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक अभ्यासहरूको सिलसिलेवारका रूपमा नमुना अभ्यासहरू राखिएको छ ।

### ५.१.४ पाठ चारसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये चौथो पाठमा 'ग्रन्थचित्र' प्रबन्धलाई समावेश गरिएको छ । यस प्रबन्धमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

पाठ : ग्रन्थचित्र (प्रबन्ध)

### तालिका नं. ५

### पाठ चारमा समाविष्ट नमुना अभ्यास

| पाठ्यवस्तु | |
|---|---|
| सस्वरवाचन | पाठको पहिलो अनुच्छेद पालैपालो सस्वरवाच गर । (ने.पृ. २६) |
| उत्तर भन | मानव मनलाई लोभ्याउने कला कुन कुन हुन् ? (ने.पृ. २६) |
| वस्तुगत | ठीक बेठीक छुट्याऊ । (ने.पृ.२६) |
| खाली ठाउँ भर | आधुनिक चित्रकलाको सुरुवात भने ..... मात्र भएको हो । ( ने.पृ.२७) |
| सङ्क्षिप्त उत्तर देऊ | चित्रको जन्म कसरी भयो ? (ने.पृ. २७) |
| लामो उत्तर देऊ | ग्रन्थ लेख्ने र रेखाचित्र कोर्ने काममा प्रयोग गरिने रङ वस्तुहरूको निर्माण कसरी गरिन्छ ? (ने.पृ. २७) |
| भाव स्पष्ट पार | मानव सभ्यताको विकाससँगै धर्म, संस्कृति, सामाजिक मूल्य र मान्यताको विकास भएको छ । (ने.पृ. २८) |
| शब्दभण्डार | नयाँ शब्द बनाऊ :<br>वाक्यमा प्रयोग : मनोभाव, ताडपत्र, परम्परा ...<br>मिल्ने अर्थ छानेर जोडा मिलाऊ । |
| उच्चारण र हिज्जे | शुद्धसँग उच्चारण गर : सभ्यता, शालिग्राम ....)<br>सुनेर लेख : फोटाग्राफी, आविष्कार ......)<br>शुद्ध गरी सार : मूर्तिकला, सूक्ष्म, ..... )<br>पाठबाट ‘य’ र ‘ए’ लागेका १०–१० वटा शब्दहरू खोजेर लेख ( ने.पृ. २९) |
| कार्यमूलक व्याकरण | पढ, बुझ र गर (ने.पृ. ३०) |
| सिर्जनात्मक अभ्यास | दिइएका बुँदाहरूका आधारमा मूर्तिकला शीर्षकमा १५० शब्दमा प्रबन्ध लेख । |

प्रस्तुत तालिकाअनुसार 'ग्रन्थचित्र' प्रबन्ध विधामा रहेका पाठमा समावेश गरिएका नमुना अभ्यासहरू सस्वरवाचन, उत्तर भन, वस्तुगत प्रश्नहरू, खाली ठाउँ भर्ने, सङ्क्षिप्त उत्तर, लामो उत्तर, भाव स्पष्ट पार, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक नमुना अभ्यासहरू राखिएको छ ।

### ५.१.५ पाठ पाँचसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये पाँचौ पाठमा 'निवेदन' लाई समावेश गरिएको छ । यस निवेदनमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : निवेदन**

**तालिका नं. ६**

**पाठ पाँचमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| सस्वरवाचन | पाठमा दिइएको निवेदन सस्वरवाचन गर (ने.पृ. ३३) |
| उत्तर भन | यो निवेदन कहिले लेखिएको हो ? .... (ने.पृ. ३३) |
| निवेदन तयार पार | दिइएको ढाँचाअनुसार एउटा निवेदन तयार पार ।<br>विद्यालयको पुस्तकालयमा नियमित रूपमा पत्रपत्रिका उपलब्ध गराइदिन अनुरोध गरी विद्यालयको प्रधानाध्यापकहरूलाई निवेदन लेख । (ने.पृ. ३४) |
| शब्दभण्डार | जोडा मिलाऊ ।<br>विपरीतार्थी शब्द लेख : आवश्यक – अनावश्यक<br>अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर ।<br>– प्रतियोगिता, अविस्मरणीय (ने.पृ. ३४) |
| उच्चारण र हिज्जे | शुद्धसँग उच्चारण गर र कापीमा सार ।<br>पाठमा दिइएको निवेदन राम्रा अक्षरमा लेखेर शिक्षकलाई देखाऊ |

| | |
|---|---|
| | (ने.पृ. ३४) |
| कार्यमूलक व्याकरण | पढ, बुझ र प्रश्नको उत्तर देऊ । (ने.पृ. ३५) |
| सिर्जनात्मक अभ्यास | कुनै एक चाडको उपलक्ष्यमा पठाइने शुभकामना पत्रको नमुना तयार पार । |

प्रस्तुत तालिकाअनुसार यस 'निवेदन' विधामा समावेश गरिएका नमुना अभ्यासहरू निम्नानुसार रहेका छन् : सस्वरवाचन, उत्तर भन, निवेदन तयार पार, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक अभ्यासहरूको प्रयोग गरेर नमुना अभ्यास निर्माणकार्य गरिएको छ ।

### ५.१.६ पाठ छसँग सम्बन्धित नमुना अभ्यास को अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये छैटौं पाठमा 'मित्रता' कथालाई समावेश गरिएको छ । यस कथामा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : मित्रता (कथा)**

**तालिका नं. ७**

**पाठ छमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| शुद्धसँग पढ | कक्षामा 'मित्रता' कथा पालैपालो पढेर सुनाऊ । (ने.पृ. ४२) |
| कसले कसलाई भनेको | कसले कसलाई किन भनेको हो ? लेख ।<br>जस्तै : यी, मैले पनि दुध पाएँ । (ने.पृ. ४२) |
| पढ र भन | पाठको दोस्रो अनुच्छेद पढेर तल सोधिएका प्रश्नको उत्तर भन ।<br>जस्तै : बालक अश्वत्थामा किन रुन्थे ? (ने.पृ. ४२) |
| प्रश्नोत्तर | तलका प्रश्नहरूको उत्तर लेख ।<br>जस्तै : 'मित्रता' कथाबाट के शिक्षा पाइन्छ ? (ने.पृ. ४२) |

| | |
|---|---|
| भाव स्पष्ट पार | म अझै पनि तपाइँसँग मित्रता चाहन्छु । अहिले तपाइँ अकिञ्चन, म सत्तासीन । (ने.पृ.४२) |
| कारण स्पष्ट गर | यदि तिमी 'मित्रता' कथाको राजा द्रुपद भएको भए द्रोणले पूरानो प्रतिज्ञा सम्झाउँदा के गर्थ्यौ ? (ने.पृ. ४२) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ लेख :<br>प्रगाढ, अकिञ्चन, सर्वोत्तम, विश्राम (ने.पृ. ४३)<br>– मित्र+ता = 'मित्रता' भएजस्तै तलका शब्दमा 'ता' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :<br>शत्रु, कवि, दरिद्र .......<br>– पर्यायवाची शब्द छानेर जोडा मिलाऊ :<br>आचार्य, प्रयत्न, कोसिस ....)<br>– अनुकरणात्मक शब्दसँग मिल्दो क्रिया छानेर जोडा मिलाऊ :<br>मुसुक्क, धुरुधुरु, रुनु, हाँस्नु ......<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर ।<br>उन्मत्त हुनु, सत्तासीन हुनु, अङ्कमाल गर्नु, अशान्त हुनु, मुसुक्क मुस्कुराउनु (ने.पृ. ४४) |
| उच्चारण र हिज्जे | – तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर :<br>द्रुपद, फुर्सत, अश्वत्थामा, द्रोण, सर्वस्व ....<br>– तलका शब्दहरू पढ र वर्णको भिन्नताले हुने फरक अर्थ शिक्षकलाई सोधेर बुझी वाक्यमा प्रयोग गर :<br>डिल–दिल, डर–दर, घर–सर, रहर–सहर, सुकार्य–कुकार्य .....<br>– शुद्ध गरी सार :<br>– उदाहरण हेरी अन्य सामग्रीको अध्ययन गरी ऋ र रि लागेका पाँच पाँच वटा शब्दहरू टिप :<br>ऋ–ऋषि, रि–रिसाए (ने.पृ. ४४) |

| | |
|---|---|
| कार्यमूलक व्याकरण | पढ र बुझ : <br>कोष्ठकमा दिइएकासङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर : <br>जस्तै : म तिमीलाई नै दिन्छु (तृतीय पुरुष) (ने.पृ. ४६) |
| सिर्जनात्मक अभ्यास | तल दिइएको बुँदाका आधारमा एउटा कथा तयार गरी शिक्षकलाई देखाऊ । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको छैठौँ पाठ 'मित्रता' भन्ने कथा रहेको छ । यस पाठमा शुद्धसँग पढ, कसले कसलाई भनेको हो, पढ र भन, प्रश्नोत्तर, भाव स्पष्ट पार, कारण स्प्ष्ट गर, शब्दभण्डार सम्बन्धी विभिन्न प्रश्नहरू, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक सम्बन्धी नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.७ पाठ सातसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये सातौं पाठमा 'सीप र श्रम' कवितालाई समावेश गरिएको छ । यस कवितामा प्रयुक्त  नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : सीप र श्रम (कविता)**

**तालिका नं. ८**

**पाठ सातमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| लयवाचन | पाठमा दिइएको कविता लय हालेर पढ । (ने.पृ. ४८) |
| प्रश्नोत्तर लेख र भन | – उत्तर भन : <br>(क) सीप कहाँ रोप्नुपर्छ ? <br>– तलका प्रश्नहरूको उत्तर लेख : |

| | |
|---|---|
| | (क) कवितामा टारीभरि र वारीभरि सीप रोप्न किन भनिएको हो ? (ने.पृ. ४८) |
| वस्तुगत | खाली ठाउँ भरी कविताका हरफ पूरा गर :<br>पाखाभरि .... लालुपाते ... छाया (ने.पृ. ४९) |
| व्याख्या | – व्याख्या गर :<br>सारङ्गीका स्वरहरू सङ्गीत फेर्ने गर ।<br>आफू हेर्ने आँखाहरू देश हेर्ने गर । (ने.पृ. ४९) |
| शब्दभण्डार | – मिल्ने अर्थ छानेर जोडा मिलाऊ :<br>आँखा, माया, आंशिक, किरण, नयन, प्रकाश, प्रेम<br>– उल्टो अर्थ छानेर जोडा मिलाऊ :<br>वारि, सपना, उठ, माया, घाम, सुत, छाया ...<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>सीप, पाखुरा, मुटु, सारङ्गी, सपना<br>– शुद्धसँग उच्चारण गर :<br>मर्स्याङ्दी, सिर्जना, अँगालेर, सँगालेर<br>– तल दिइएका शब्दलाई सच्याएर लेख :<br>एस्तो, सोरहरू, बतुलेर, वारीभरी<br>– कविताको तेस्रो श्लोक कापीमा सारेर शिक्षकलाई देखाऊ । (ने.पृ. ४९) |
| कार्यमूलक व्याकरण | – पढ, बुझ र गर ।<br>– कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा वाक्य परिवर्तन गर । जस्तै :<br>(क) उनीहरू कविता ...... । (लेख् : इच्छार्थ) (ने.पृ.५०)<br>– पढ, बुझ र गर : (ने.पृ. ५१)<br>– तल करण क्रियापदहरू दिइएका छन् । तिनलाई अकरणमा |

| | |
|---|---|
| | परिवर्तन गरी वाक्यमा प्रयोग गर : (ने.पृ. ५१) |
| सिर्जनात्मक अभ्यास | पाठको कविताको लयमा एउटा कविता लेखेर कक्षामा सबैलाई सुनाऊ । (ने.पृ. ९) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको सातौं पाठमा सीप र श्रम भन्ने कविता रहेको छ । यस पाठमा लयवाचन, प्रश्नोत्तर, वस्तुगत, व्याख्या, शब्दभण्डार, कार्यमूलक व्याकरण, सिर्जनात्मक सम्बन्धी  नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.८ पाठ आठसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये आठौँ पाठमा 'भूगोलविद् हर्क गुरुङ' को जीवनीलाई समावेश गरिएको छ । यस जीवनीमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : भूगोलविद् हर्क गुरुङ -जीवनी)**

**तालिका नं. ९**

**पाठ आठमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| पठनबोध | कक्षामा पाठ पालैपालो पढ । (ने.पृ. ५५) |
| उत्तर भन र लेख | – उत्तर भन :<br>(क) नेपाल कुन कुन कुराले समृद्ध छ ? (ने.पृ. ५५)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) हर्क गुरुङको बाल्यकाल कसरी बित्यो ? (ने.पृ. ५६) |
| वस्तुगत | – ठीक बेठीक छुट्याएर लेख :<br>(क) हर्क गुरुङको जन्म लमजुङ जिल्लामा भएको थियो । (ने.पृ. ५५) |
| सुन र भन | – पाठको चौथो अनुच्छेद शिक्षकबाट सुन र तलका प्रश्नको उत्तर |

| | |
|---|---|
| | भन :<br>(क) हर्क गुरुङ कुन कुन काममा रुचि राख्थे ? (ने.पृ. ५६) |
| बुँदा टिपोट | पाठको सातौँ अनुच्छेद राम्ररी पढेर चारवटा मुख्य बुँदा टिप र एक तृतीयांशमा सारांश लेख । (ने.पृ. ५६) |
| भाव स्पष्ट | – भाव स्पष्ट गर :<br>नेपाल प्राकृतिक विविधताले भरिपूर्ण विश्वको सुन्दर मुलुक हो । ( ने.पृ. ५६) |
| शब्दभण्डार | – विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ :<br>सुगम, सुन्दर, अदृश्य, दुर्गम .... (ने.पृ.५६)<br>– तलका शब्दको अर्थ लेख :<br>निकुञ्ज, अनुकरणीय, सजीव, उपत्यका (ने.पृ.५७)<br>राष्ट्र+व्यापी = राष्ट्रव्यापी भएजस्तै तलका शब्दमा 'व्यापी' जोडेर नयाँ शब्द बनाऊ :<br>जिल्ला, क्षेत्र, देश, उपत्यका, सप्ताह (ने.पृ. ५७) |
| उच्चारण र हिज्जे | तलका शब्दहरू शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>समृद्ध, साँस्कृतिक, उत्तीर्ण, अभिलाषा ......<br>बोलाइ र लेखाइको फरक बुझ :<br>पाठमा ऋण, उत्तीर्ण, नेपाल, निर्भीकरण जस्ता 'ण' र 'न' वर्णको प्रयोग भएका धेरै शब्दहरू छन् .... । 'ण' र 'न' को प्रयोग भएका दस/दस वटा शब्दहरू पाठबाट खोजेर लेख (ने.पृ. ५७)<br>पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । |
| कार्यमूलक व्याकरण | – कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरूलाई परिवर्तन गर ।<br>(क) हर्क गुरुङले भूगोलको नक्सा कोरे । (पूर्ण भूत) (ने.पृ. ५८<br>– पाठको सातौँ अनुच्छेदलाई पूर्ण भूतकालमा परिवर्तन गरी |

| | |
|---|---|
| | पुनर्लेखन गर ।<br>– तलका वाक्यहरूमा आएका गाढा अक्षर भएका शब्दहरू राम्ररी पढ र बुझ : (ने.पृ. ५८) |
| सिर्जनात्मक अभ्यास | – तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊ : (ने.पृ. ५९) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको आठौँ पाठमा 'भूगोलविद् हर्क गुरुङ' भन्ने जीवनी रहेको छ । यस पाठमा प्रश्नोत्तर, ठीक बेठीक, सुन र भन, बुँदा टिपोट, भाव स्पष्ट, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक अभ्याससम्बन्धी नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.९ पाठ नौसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये नवौँ पाठमा 'प्रकति र वातावरण' प्रबन्धलाई समावेश गरिएको छ । यस प्रबन्धमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : प्रकृति र वातावरण (प्रबन्ध)**

**तालिका नं. १०**

**पाठ नवौँमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| पठनबोध | कक्षामा माथिको पाठ आलोपालो गरी पढ (ने.पृ. ६४) |
| उत्तर भन र लेख | – उत्तर भन :<br>जस्तै : -क) के काम गरेमा वातावरणको संरक्षण हुन्छ ?<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>जस्तै : -क) मानिसका कस्ता क्रियाकलापले गर्दा वातावरण प्रतिकूल हुन्छ ? (ने.पृ. ६४) |

| | |
|---|---|
| वस्तुगत | – उपयुक्त शब्द छानेर खाली ठाउँ भर :<br>(क) जमिन प्रदुषित भए ...... घट्छ । (ने.पृ. ६४) |
| भाव स्पष्ट | – भाव स्पष्ट गर :<br>(क) वैज्ञानिक चमत्कार र मानवीय उन्नतिभित्र प्रकृतिको विनाश समेटिनु हुँदैन । (ने.पृ. ६५) |
| बुँदा टिपोट | – पाठको तेस्रो अनुच्छेद पढी चारवटा मुख्य बुँदाहरू टिप र सारांश लेख । (ने.पृ. ६५) |
| शब्दभण्डार | – मिल्दो अर्थ छानेर जोडा मिलाऊ :<br>स्वच्छ, पुञ्ज, सूर्य, रास, दिवाकर (ने.पृ. ६५)<br>– विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ :<br>जीवन, सन्तुलन, अप्राकृतिक, मरण (ने.पृ. ६५)<br>– तलका शब्दको अर्थ भन :<br>भूक्षय, संरक्षण, विवेक, अतिवृष्टि (ने.पृ. ६५)<br>– वि+कृति = 'विकृति' भए जस्तै तल दिइएका शब्दमा 'वि' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ : (ने.पृ. ६५)<br>ज्ञान, योग, चार, मति, कृति<br>– विवेक+शील = 'विवेकशील' भए जस्तै तलका शब्दमा 'शील' जोडेर नयाँ शब्द बनाऊ :<br>कर्म, उद्यम, विचार, गति, कल्पना (ने.पृ. ६५)<br>कु + रूप = 'कुरूप' भए जस्तै तलका शब्दमा 'कु' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ : (ने.पृ. ६५)<br>कार्य, कर्म, विचार, दिन, दृष्टि :<br>– वातावरण+ईय = 'वातावरणीय' भए जसतै तलका शब्दमा 'ईय' प्रत्यय लगाएर नयाँ शब्द बनाऊ :<br>केन्द्र, मानव, दानव, स्वर्ग, आत्मा (ने.पृ. ६५) |

| | |
|---|---|
| | – अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>वनस्पति, वातावरण, विसङ्गति<br>– पाठमा प्रयोग भएका पारिभाषिक र प्राविधिक शब्दहरू दिइएका छन् । शिक्षकको सहायताले तिनको (ने.पृ. ६६)<br>– अर्थ बुझ र लेख :<br>ग्याँस, अम्ल, तापक्रम, रसायन ... |
| उच्चारण र हिज्जे | – पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ. ६६)<br>– तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख ।<br>जस्तै : (क) भूक्षय, भूछय, भुक्षय (ने.पृ. ६६)<br>– पाठ पढी तालिकामा उल्लेख भएका वर्णहरू प्रयोग भएका पाँच पाँच वटा शब्द भर : (ने.पृ. ६६)<br>– पाठको अन्तिम अनुच्छेदमा 'स्वच्छ' 'अस्वस्थ' जस्ता आधा अक्षर भएका शब्दहरू प्रयोग भएका छन् । तिमीले यस्तै आधा अक्षर प्रयोग भएका छन् । तिमीले यस्तै आधा अक्षर प्रयोग भएका अरु पाँच वटा शब्दहरू खोजेर लेख । (ने.पृ. ६६) |
| कार्यमूलक व्याकरण | – तलका वाक्यहरू पढी करण भए अकरण र अकरण भए करणमा बदल :<br>(क) मानिसले प्रकृतिले जोगाउन सक्छ । (ने.पृ.६७)<br>– पढ, बुझ र गर (ने.पृ. ६७) |
| सिर्जनात्मक अभ्यास | – 'वातावरण प्रदूषण' शीर्षकमा एक सय पचास शब्दमा नघटाई एउटा प्रबन्ध लेख ।<br>– तिम्रो विद्यालयको वातावरण सफा र स्वच्छ राख्न के के गरिएको छ ? कुनै पाँचवटा बुँदा तयार गर र एउटा अनुच्छेद लेख । (ने.पृ. ६७) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको नवौँ पाठ 'प्रकृति र वातावरण' प्रबन्ध रहेको छ । यस पाठमा पठनबोध सम्बन्धी अभ्यास, उत्तर लेख्ने र उत्तर भन्ने सम्बन्धी विभिन्न किसिमका लामा तथा छोटा प्रश्नोत्तरहरू समावेश गरिएको छ :

वस्तुगतसम्बन्धी प्रश्नहरू, भाव स्पष्ट पार्ने प्रश्नहरू, बुँदा टिपोट, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरणअन्तर्गत विभिन्न किसिमका व्याकरण सम्बद्ध अभ्यासात्मक कार्यकलापहरू समावेश गरिएको सिर्जनात्मक सम्बन्धी नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.१० पाठ दससँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये दसौँ पाठमा 'एउटा घटना' कथालाई समावेश गरिएको छ । यस कथामा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : एउटा घटना (कथा)**

**तालिका नं. ११**

**पाठ दसमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) सुरेशलाई कुन कुरा गर्न उराठ लाग्छ ? (ने.पृ. ७१)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) सुरेशलाई खेलमा जस्तै पढाइमा रुचि नलाग्नुको कारण के हो ? (ने.पृ. ७१) |
| वस्तुगत | – ठीक उत्तरमा ठीक (√) चिह्न लगाऊ :<br>(क) सुरेश कस्तो खेलाडी हो ?<br>(अ) अराजक (आ) अनुशासित (इ) उत्तेजक ((ने.पृ. ७२) |

| | |
|---|---|
| कसले कसलाई भनेको | – तलका भनाइ कसले कसलाई किन भनेको हो ? लेख :<br>(क) विद्यार्थीले पढाइको साथमा खेल्नु पनि पर्छ । |
| वर्णन | – 'एउटा घटना' कथामा अहिलेका विद्यालय स्तरका विद्यार्थीहरूको कस्तो मनोविज्ञानको विश्लेषण गर्न खोजिएको छ, वर्णन गर । (ने.पृ. ७२)<br>– यस कथामा प्रयोग भएका पात्रहरूमध्ये तिमीलाई सबैभन्दा मन पर्ने पात्र को हो र किन ? (ने.पृ. ७२) |
| घटना विवरण | – तिम्रो विद्यालयमा तिमीले कुनै दिन गल्ती गरेको थाहा पाएपछि तिम्रा शिक्षकले तिमीलाई के गर्नुभएको थियो ? घटना विवरणसहित खुलस्त पार । (ने.पृ. ७३) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ लेख :<br>रुचि, प्रगति, गर्व, भाव, क्षमता,<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>अनौठो, बिरलै, शक्ति, सहमति<br>– प्र+दर्शन = 'प्रदर्शन' भए जस्तै तल दिइएका शब्दमा 'प्र' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :<br>हार, कार, योग, चार, कृति, गति (ने.पृ. ७३)<br>– अघि+तिर = 'अघिल्तिर' भएजस्तै तल दिइएका शब्दहरूबाट नयाँ शब्द बनाऊ :<br>तल+तिर =<br>माथि + तिर = (ने.पृ. ७३) |
| उच्चारण र हिज्जे | – तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>प्रदर्शन, विजय, गम्भीर, दामासाही, अनुशासित<br>– पाठको दसौँ अनुच्छेद राम्ररी पढ र त्यहाँ प्रयोग भएका ह्रस्व इकार र दीर्घ इकार लागेका पाँच पाँच वटा शब्दहरू खोजेर लेख । |

| | |
|---|---|
| | (ने.पृ.७३)<br>– 'ब' र 'व' लागेका पाँच पाँच वटा शब्दहरू पाठबाट खोजेर लेख । (ने.पृ.७३)<br>– तल दिइएका शब्दहरू पढ र वर्णको भिन्नताले फरक अर्थ शिक्षकलाई सोधेर बुझ र लेख :<br>झ्याल, स्याल, ग्याल, ख्याल (ने.पृ. ७३)<br>– तलका शब्दलाई शुद्ध पार :<br>भोलीपल्ट, बेली विश्तार, केन्द्रीत, कृतग्यता (ने.पृ. ७३) |
| कार्यमूलक व्याकरण | – पढ, बुझ र गर (ने.पृ. ७४)<br>– तिर, सम्म, देखि, बाट, सँग, तर्फजस्ता नामयोगी प्रयोग गरेर वाक्य बनाऊ (ने.पृ. ७४)<br>– तलको उदाहरण हेरी वाक्यमा आएका गाढा अक्षर भएका शब्द राम्ररी पढ र पाठमा सर्वनाम शब्दहरू प्रयोग भएका पाँच वटा वाक्यहरू टिप (ने.पृ. ७४) |
| सिर्जनात्मक अभ्यास | – तिमीले सुनेको कथाको आधारमा कम्तीमा दसवटा बुँदाहरू टिप र छुट्टै शीर्षक राखेर एउटा कथा तयार पार ।<br>– तिम्रा अभिभावकलाई सोधी एउटा कथा तयार पार र कक्षामा साथीलाई सुनाऊ । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको दसौं पाठ 'एउटा घटना' कथा रहेको छ । यस पाठमा प्रश्नोत्तर, ठीक बेठीक छुट्याउने, कसले कसलाई भनेको हो ? विद्यार्थीहरूको सिर्जनशील क्षमतामा सघाउ पुऱ्याउनका लागि वर्णनात्मक प्रश्नहरूको निर्माण, घटना विवरण, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरणमा पढ र बुझ भन्ने अभ्यासमा नामयोगी शब्दहरू छुट्याउन लगाइएको छ र अन्त्यमा सिर्जनात्मक नमुना अभ्यास समावेश गरिएको छ ।

### ५.१.११ पाठ एघारमा समाविष्ट  नमुना अभ्यास

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये एघारौँ पाठमा 'दाजुलाई चिठी' भन्ने पाठ समावेश गरिएको छ । यस चिठीमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. १२**

**पाठ एघारमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| पढेर सुनाउ | पाठको चिठी पालैपालो पढ (ने.पृ. ७६) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) यो चिठी कसले कसलाई लेखेको हो ? लेख<br>– तलका प्रश्नको उत्तर लेख :<br>(क) गाउँघरमा ककसले के के गरेर धन कमाएका छन् ? (ने.पृ. ७६) |
| छानेर लेख | – ठीक उत्तर छानेर लेख :<br>(क) आमाबुबाको भरोसा कसमाथि छ ?<br>अ) शोभाकर (आ) प्रभाकर (इ) दिवाकर (ने.पृ.७७) |
| विचार प्रस्तुत | – चिठीमा किन आफूलाई जन्म दिने आमा र जन्मभूमि सबैभन्दा ठूला हुन्छन्' भनिएको हो ? आफ्नो विचार प्रस्तुत गर । (ने.पृ. ७७) |
| चिठी लेखन | – 'दाजुलाई चिठी' पाठ पढेपछि प्रत्युत्तर दिँदै भाइलाई एउटा चिठी लेख (ने.पृ.७७)<br>– आफ्नो विद्यालयले आयोजना गरेको कुनै कार्यक्रमको वर्णन गरी आफ्नो साथीलाई एउटा चिठी लेख (ने.पृ. ७७) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ लेख : |

| | |
|---|---|
| | प्रतीक्षा, भविष्य, शीघ्रातिशीघ्र, प्रतिभा, कर्तव्य (ने.पृ. ७७)<br>– उदाहरण हेरी तल दिइएका अनेकार्थी शब्दहरूको फरक अर्थ बुझ र वाक्यमा प्रयोग गर :<br>जस्तै : पत्र–चिठी = रविले दाजुलाई पत्र लेख्यो । (ने.पृ. ७८) |
| उच्चारण र हिज्जे | – तलका शब्दहरू शुद्धसँग उच्चारण गर :<br>कुशलता, सुन्दर, तरकारी, प्रधानाध्यापक, श्रम (ने.पृ. ७८)<br>– पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुन र लेख । (ने.पृ. ७८) |
| कार्यमूलक व्याकरण | – तलका वाक्यमा गाढा अक्षरमा भएका शब्द पढ र बुझ : (ने.पृ. ७८)<br>– पाठमा प्रयोग भएका कम्तीमा पाँचवटा क्रिया विशेषण शब्द टिपेर वाक्यमा प्रयोग गर । (ने.पृ. ७९)<br>– पाठमा प्रयोग भएका नामयोगी, संयोजक र निपात टिप । (ने.पृ. ७९)<br>– रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ :<br>(क) परिश्रमी किसानले सधैँ परिश्रम गर्छ र यस धर्तीमा आफू बाँचेर अरुलाई पनि बचाउँछ । (ने.पृ. ७९ |
| सिर्जनात्मक अभ्यास | – खेलकुद तथा पुरस्कार वितरण समारोहमा उपस्थितिका लागि पठाइने निमन्त्रणा पत्रको नमुना तयार गर । (ने.पृ. ७९)<br>– आफूले जाडो बिदाको छुट्टीमा घुमेको कुनै रमणीय ठाउँको वर्णन गरी आफ्ना साथीलाई चिठी लेख । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको एघारौं पाठमा 'दाजुलाई चिठी' भन्ने पाठ रहेको छ । यस पाठमा समाविष्ट अभ्यासहरू चिठी कक्षामा पढेर सुनाऊ, प्रश्नोत्तर, छानेर लेख, विचार प्रस्तुत गर, चिठीलेखन, शब्दभण्डारमा विभिन्न किसिमका शब्दहरू दिएर तिनको अर्थ लेख्न भनिएको छ । उच्चारण र हिज्जे कार्यमूलक व्याकरणअन्तर्गत कुनै एउटा वाक्य दिएर त्यसमा भएका गाढा अक्षरलाई पढ र बुझ

भनिएको छ र त्यसैअन्तर्गत रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ भनिएको छ । र सिर्जनात्मक अभ्यासअन्तर्गत निमन्त्रणा पत्रको उदाहरण दिएर त्यस्तै किसिमको चिठीको नमुना हेरेर विद्यालयले आयोजना गरेको खेलकुद तथा पुरस्कार वितरण समारोहको उपस्थितिका लागि पठाइने निमन्त्रणा पत्रको नमुना तयार गर भनिएको छ ।

### ५.१.१२ पाठ बाह्रसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये बाह्रौ पाठमा 'मेरो घर' कवितालाई समावेश गरिएको छ । यस कवितामा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : मेरो घर (कविता)**

**तालिका नं. १३**

**पाठ बाह्रमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| लयवाचन | मेरो घर कविता कक्षामा शिक्षकले पढेको सुन र सामूहिक रूपमा लय हालेर पढ । (ने.पृ. ८१) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) किसानको घर कस्तो छ ? (ने.पृ. ८१)<br>– तलका प्रश्नको उत्तर लेख :<br>(क) भूतलाई कुन रूपमा प्रस्तुत गरिएको छ : (ने.पृ. ८२) |
| वाक्य मिलाउने | उदाहरण हेरी पाठको दोस्रो श्लोकलाई वाक्यमा मिलाएर लेख : ( ने.पृ. ८१) |
| व्याख्या | व्याख्या गर : (ने.पृ. ८२) |
| शब्दभण्डार | – मिल्दो अर्थ छानेर जोडा मिलाऊ :<br>(भूतल, कर्मवीर, अर्चना ....... ) (ने.पृ. ८२) |

| | |
|---|---|
| | – तलका शब्दको अर्थ लेख :<br>माघी, छठ, मारुनी, खर, धर्ती<br>– पाठबाट चन्द्रबिदु लागेका पाँचवटा शब्द खोजेर लेख (ने.पृ. ८२) |
| वाक्यमा प्रयोग | – वाक्यमा प्रयोग गर :<br>हिमाल, बिहान, आनन्द, पहाड, तिहार (ने.पृ. ८३) |
| उच्चारण र हिज्जे | – शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>ढुङ्गा, शीतल, मस्जिद, पोल्टो, ल्होसार (ने.पृ. ८३)<br>– पाठबाट चोली, चेलीजस्ता शब्दको अन्त्यमा दीर्घ इकार लागेका शब्दहरू खोजेर कापीमा लेख । (ने.पृ. ८३)<br>– कविताको तेस्रो श्लोक शिक्षकबाट सुनेर लेख । (ने.पृ. ८३) |
| कार्यमूलक व्याकरण | – पाठबाट तिन तिन वटा नाम र विशेषण शब्द खोजी वाक्यमा प्रयोग गर (ने.पृ. ८३)<br>– पाठबाट करण र अकरण क्रियापद टिपी एक अर्कामा बदल । (ने.पृ. ८३)<br>– दिइएका कवितामा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ :<br>(क) घामले दिन्छ मायालु न्यानो, जुनले शीतल (ने.पृ. ८३) |
| सिर्जनात्मक अभ्यास | – तिमीलाई मन पर्ने विषयमा कुनै कविता लेखेर भित्ते पत्रिकामा टाँस । (ने.पृ. ८३) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको बाह्रौं पाठमा 'मेरो घर कविता रहेको छ । यस कवितामा लयवाचन, प्रश्नोत्तर, वाक्य मिलाउने, व्याख्या, शब्दभण्डार, वाक्यमा प्रयोग, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक सम्बन्धी अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.१३ पाठ तेह्रसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये तेह्रौ पाठमा 'विज्ञान अभिशाप नभई वरदान' वादविवादलाई समावेश गरिएको छ । यस वादविवादमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. १४**

**पाठ तेह्रमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| पढेर सुनाऊ | 'विज्ञान अभिशाप नभई वरदान' भन्ने पाठलाई उद्घोषकसहित अरु चार जना पात्रले हाउभाउसहित पालैपालो पढेर सुनाऊ । ( ने.पृ. ९०) |
| प्रश्नोत्तर | – तलका प्रश्नहरूको मौखिक उत्तर देऊ :<br>(क) वादविवाद प्रतियोगिताको सञ्चालन कहाँ हुँदै छ ? (ने.पृ. ९०)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) आधुनिक युग मानवका निम्ति किन वरदान सावित भएको छ ? (ने.पृ. ९१) |
| बुँदाटिपोट र सारांश लेखन | – विज्ञान वरदान हो भन्ने पक्षमा बोल्ने दुवै वक्ताका तर्कहरू राम्ररी पढेर पाँच वटा बुँदा टिप र सारांश लेख । (ने.पृ.९१) |
| शब्दभण्डार | – तलको तालिकामा देखाइए जस्तै गरी प्रत्यय शब्द बनाऊ : ( ने.पृ. ९१)<br>– तलका शब्दको अर्थ लेख :<br>वरदान, आक्षेप, अभिशाप, अन्तरिक्ष (ने.पृ. ९१) |
| वाक्यमा प्रयोग | – पाठमा प्रयोग भएका शिरबिन्दु लागेका केही शब्दहरू दिइएका |

| | |
|---|---|
| | छन् । तिनलाई वाक्यमा प्रयोग गर :<br>हिंसा, संसार, नरसंहार, ध्वंश, संज्ञा (ने.पृ. ९३)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>गर्ल्यामगुर्लुम, शिष्ट, टुलुटुलु, प्राण घातक, साँघुरो (ने.पृ. ९१)<br>– तल दिइएका प्राविधिक शब्दहरूलाई वाक्यमा प्रयोग गर :<br>कम्प्युटर, इन्टरनेट, यन्त्रमानव, परमाणु, बम, एटम बम (ने.पृ. ९२) |
| वस्तुगत | – उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :<br>सम्भव, वरदान, आधुनिक, उपयोग, असम्भव ..... (ने.पृ. ९२)<br>– मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :<br>प्रगति, त्रास, उन्नति, मन गन्ने ...... (ने.पृ.९२) |
| उच्चारण र हिज्जे | – शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>आविष्कार, यातायात, सङ्कट, वितरण, उपलब्धि (ने.पृ. ९२)<br>– गोपाल बुढा मगरले बोलेका कुराहरू शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर देऊ : (ने.पृ.९२)<br>– आशाराम थारुले बोलेका कुराहरू पढी जीवन, मानवीय शब्दमा जस्तै : दीर्घ इकार प्रयोग भएका पाँचवटा अरु शब्द खोजेर लेख । (ने.पृ. ९२)<br>सीमा खानले बोलेका कुराहरू पढी विज्ञान विषय शब्दमा जस्तै शब्दको सुरुमा ह्रस्व इकार लागेका पाँचवटा शब्दहरू खोजेर लेख । (ने.पृ. ९२)<br>– तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :<br>(क) आदर्निय, आदरणिय, आदरणीय (ने.पृ. ९३) |
| कार्यमूलक व्याकरण | – तलका वाक्यहरू पढ, बुझ र गर :<br>(क) आधुनिक विज्ञानले गरेको प्रगतिले संसार साँघुरो बनिसकेको |

| | |
|---|---|
| | छ । (ने.पृ. ९३)<br>–पाठमा सीमा खानले व्यक्त गरेका विचारको अन्त्यतिर बज्छ, सक्दैन, चाहन्छु जस्ता वर्तमान कालका क्रियापदहरू प्रयोग भएका छन् । ती क्रियापदलाई पूर्ण वर्तमान कालका क्रियापदमा परिवर्तन गरी लेख । (ने.पृ. ९२)<br>– भविष्यत् कालका क्रियापदको प्रयोग गरेर आफूले भोलि गर्नुपर्ने कामका बारेमा पाँच वटा वाक्य लेख ।<br>– पढ, बुझ र गर (ने.पृ. ९४) |
| सिर्जनात्मक | – गाउँले जीवनभन्दा सहरिया जीवन वेश' भन्ने विषयको पक्षमा एउटा वादविवाद लेख । (ने.पृ.९४)<br>– 'जागिरभन्दा व्यापार बेस' भन्ने विषयको पक्ष र विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर । (ने.पृ. ९४) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली  किताबको तेह्रौं पाठ 'विज्ञान अभिशाप नभइ वरदान' वादविवाद रहेको छ । यस पाठमा पढेर सुनाउने, प्रश्नोत्तर, बुँदाटिपोट र सारांश लेखन, शब्दभण्डार, वाक्यमा प्रयोग, वस्तुगत सम्बन्धी उल्टो अर्थ दिने शब्दहरूमा जोडा मिलाउने र मिल्दो अर्थ दिने शब्दहरूमा जोडा मिलाउने भनेर दिइएको छ । उच्चारण र हिज्जेसम्बन्धी शुद्धसँग उच्चारण गर र अन्य उच्चारण र हिज्जेसम्बन्धी  नमुना अभ्यासहरू दिइएको छ । कार्यमूलक व्याकरणअन्तर्गत चारवटा वाक्यहरू दिएर त्यसबाट विशेषण शब्द टिपेर वाक्यमा प्रयोग गर भनिएको छ र तालिकामा अध्ययन गरी वाक्यहरूलाई पद सङ्गति मिलाएर लेख भनिएको छ र सिर्जनात्मक अभ्यासअन्तर्गत बालबालिकाले आफैँले गरेर ल्याउने जस्ता नमुना अभ्यासहरू राखिएको छ ।

## ५.१.१४ पाठ चौधसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये चौध पाठमा 'साहित्यकार रविन्द्रनाथ ठाकुर' को जीवनीलाई समावेश गरिएको छ । यस जीवनीमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : साहित्यकार रविन्द्रनाथ ठाकुर (जीवनी)**

**तालिका नं. १५**

**पाठ चौधमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| पढ र सुन | प्रस्तुत पाठ कक्षामा पालैपालो पढ र सुन । (ने.पृ. ९८) |
| प्रश्नोत्तर | – तलका प्रश्नको उत्तर भन :<br>(क) रविन्द्रनाथको जन्म कहाँ भएको थियो ? (ने.पृ. ९८)<br>– उत्तर लेख<br>(क) रविन्द्रनाथको बाल्यकाल कसरी बितेको थियो ? (ने.पृ. ९८) |
| वस्तुगत | – जोडा मिलाऊ : (ने.पृ.९८)<br>– विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :<br>उत्कृष्ट, निकृष्ट, आकर्षण ......... (ने.पृ. ९९)<br>– उस्तै अर्थ दिने शब्दहरूसँग जोडा मिलाऊ :<br>चकित, प्रसिद्ध, अनमोल, स्वतन्त्र ..... (ने.पृ. ९९) |
| पठनबोध | – तलका शब्दका एकभन्दा बढी अर्थ पढ र बुझ :<br>सम्पन्न : १ धनी   २ सक्रिय ...... (ने.पृ. ९९)<br>– तलका शब्दहरूको अर्थ भन :<br>विविध, साहित्यकार, प्रतिष्ठा, गौरवमय, मनोरम .... (ने.पृ. ९९) |
| वाक्य निर्माण | – साहित्य+कार = साहित्यकार भएजस्तै तलका शब्दबाट नयाँ |

| | |
|---|---|
| | शब्द बनाऊ :<br>कथा, उपन्यास, नाटक, चित्र .... (ने.पृ. १००)<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>प्रतिभा, विश्व, अभ्यास, अमर, प्रेरणा (ने.पृ. १००)<br>– 'विभूषण' शब्दबाट 'विभूषित' भएझैँ तलका शब्दबाट हुने रूप लेख :<br>रचना, प्रसार, प्रतिष्ठा (ने.पृ. १००) |
| उच्चारण र हिज्जे | – शुद्ध उच्चारण गर र कापीमा सार :<br>बौद्धिक, प्राणी, अनमोल ... (ने.पृ. १००)<br>– बोलाइ र लेखाइको फरक बुझ : (ने.पृ.१००)<br>– पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर भन :<br>(क) रविन्द्रनाथ किन स्वतन्त्र रहेर सिक्न चाहन्थे ? (ने.पृ. १००)<br>–पाठबाट दीर्घ इकार र दीर्घ उकार लागेका पाँच पाँचवटा शब्द खोजेर लेख । (ने.पृ. १०१) |
| कार्यमूलक व्याकरण | – पाठको तेस्रो अनुच्छेदका क्रियापदलाई अज्ञात भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर । (ने.पृ. १०१)<br>– तलका भूतकालका सामान्य पक्षका क्रियापदलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर :<br>(क) उनले नाटक रचना गरे । (ने.पृ. १०१)<br>– कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर :<br>(क) उनीहरू कविता लेख्छन् (सम्भावनार्थ) (ने.पृ. १०१) |
| सिर्जनात्मक अभ्यास | – तलका विवरणका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊ : (ने.पृ. १०२) |

| | |
|---|---|
| | – कुनै स्थानीय प्रेरक व्यक्तिको जीवनीसम्बन्धी तथ्य सङ्कलन गरेर बुँदा तयार पारी जीवनी लेख । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको चौधौं पाठ 'साहित्यकार रविन्द्रनाथ ठाकुर' को जीवनी रहेको छ । यस जीवनीमा पहिलो अभ्यासको रूपमा विद्यार्थीहरूलाई पाठ पालैपालो पढ र सुन भनिएको छ । प्रश्नोत्तरसम्बन्धी प्रश्नहरू मौखिक रूपमा भन र लेख भनिएको छ। वस्तुगत प्रश्नमा जोडा मिलाउने प्रश्न दिइएको छ । पठनबोधसम्बन्धी विभिन्न किसिमका प्रश्नहरू समावेश गरिएको छ । वाक्य निर्माणसम्बन्धी प्रश्नहरूअन्तर्गत वाक्यमा प्रयोगयुक्त शब्दहरू दिइएको छ। उच्चारण र हिज्जेसम्बन्धी शुद्धसँग उच्चारण गर, बोलाइ र लेखाइको फरक पाठबाट दीर्घ इकार र दीर्घ उकार लागेका शब्द खोज भनिएको छ। कार्यमूलक व्याकरणअन्तर्गत क्रियापदलाई अज्ञात भूतकालमा परिवर्तन गर भनिएको छ। सङ्केतका आधारमा वाक्य परिवर्तन गर भनिएको छ र अन्त्यमा सिर्जनात्मक अभ्यासअन्तर्गत विद्यार्थीहरूले आफैँले लेख्ने किसिमका  नमुना अभ्यासहरू दिइएको छ ।

### ५.११५ पाठ पन्ध्रसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये पन्ध्रौं पाठमा 'ठग समातियो' कथालाई समावेश गरिएको छ । यस कथामा प्रयुक्त  नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : ठग समातियो (कथा)**

**तालिका नं. १६**

**पाठ पन्ध्रमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| पठन सीप | ठग समातियो कथा कक्षामा पालैपालो पढ (ने.पृ.१०६) |
| प्रश्नोत्तर | – उत्तर भन : |

| | |
|---|---|
| | (क) ठग समातियो कथाका लेखक को हुन् ?(ने.पृ.१०६)<br>– तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर देऊ :<br>(क) आमा के कारणले गर्दा एकदमै आत्तिनुभयो ? (ने.पृ. १०७) |
| कसले कसलाई भनेको | – तलका भनाइ कसले कसलाई किन भनेको हो ?<br>(क) पख बाबु, म पैसा लिएर आउँछु । (ने.पृ.१०६) |
| शब्दभण्डार | – पाठ राम्ररी पढी ठीक शब्द खोजेर खाली ठाउँमा भर :<br>(क) आमाको अनुहार ..... भयो । (ने.पृ. १०६) |
| क्रम मिलाऊ | – तल दिइएका कथाका वाक्यहरूलाई पाठका आधारमा क्रम मिलाएर लेख :<br>(क) सधैं समयमै आउने छोराले अबेर गरेकामा आमा चिन्तित हुनुभयो । (ने.पृ. १०७) |
| वस्तुगत | – उल्टो अर्थ छानेर जोडा मिलाऊ ।<br>चोर, साँझ, उज्यालो ....... (ने.पृ. १०७)<br>मिल्दो अर्थ छानेर जोडा मिलाऊ :<br>एक्कासि, अनुहार, हडबडाएर, ......... (ने.पृ. १०७) |
| वाक्यमा प्रयोग | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>चकित, चिन्तित, खर्च, औषधी, ठक्कर (ने.पृ. १०८) |
| उच्चारण र हिज्जे | – शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>अवस्था, शङ्का, अल्मल्याएर ....... (ने.पृ. १०८)<br>– शुद्ध गरी सार :<br>तपाइँ विराजकी आमा हो ........ (ने.पृ. १०८)<br>पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ. १०८) |
| कार्यमूलक व्याकरण | – पाठको पहिला अनुच्छेदबाट ले, लाई, देखिजस्ता विभक्ति लागेका शब्द खोजेर लेख । (ने.पृ. १०८)<br>– माथिको पाठमा नि, त, न जस्ता निपातहरू प्रयोग भएका छन् |

| | |
|---|---|
| | । पाठमा प्रयोग भएका निपातलाई कापीमा टिप ।<br>– माथिको पाठमा म, ऊ, तपाइँ जस्ता सर्वनाम शब्दहरू प्रयोग भएका छन् । पाठबाट सर्वनाम प्रयोग भएका पाँचवटा वाक्यहरू टिप । (ने.पृ. १०८) |
| सिर्जनात्मक अभ्यास | – आफ्नै गाउँ ठाउँको घटनालाई आधार बनाई कुनै एउटा कथा लेखेर भित्ते पत्रिकामा प्रदर्शन गर । (ने.पृ. १०८)<br>– घर परिवार अथवा छिमेकीहरूबाट सुनेको कुनै कथा लेख र कक्षामा सुनाऊ । (ने.पृ. १०८) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको पन्ध्रौं पाठमा 'कठ समातियो' कथा रहेको छ । यस पाठमा पठन सीप, प्रश्नोत्तर लेखन सीपअन्तर्गत पर्ने अभ्यासात्मक क्रियाकलापहरू समावेश गरिएको छ । शब्दभण्डार सम्बन्धी खाली ठाउँ भन्ने अभ्यास दिइएको छ । क्रम मिलाऊ, वस्तुगत प्रश्नहरू, वाक्यमा प्रयोग गर, उच्चारण र हिज्जेसम्बन्धी अभ्यासहरू दिइएको छ । कार्यमूलक व्याकरण, सिर्जनात्मक नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.१६ पाठ सोह्रसँग सम्बन्धित  नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये सोह्रौं पाठमा 'कम्प्युटर र इन्टरनेट' प्रबन्धलाई समावेश गरिएको छ । यस प्रबन्धमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)**

**तालिका नं. १७**

**पाठ सोह्रमा समाविष्ट नमुना अभ्यास**

| पाठ्यवस्तु | |
|---|---|
| पठनबोध | कक्षामा आलोपालो गरी पाठ पढेर सुनाऊ । (ने.पृ. ११२) |

| | |
|---|---|
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) कम्प्युटरका विशेषताहरू के के हुन् ? (ने.पृ. ११२)<br>– तलका प्रश्नको उत्तर लेख : (ने.पृ. ११२)<br>(क) इन्टरनेटले के गर्छ : |
| वस्तुगत | – ठीक बेठीक छुट्याऊ :<br>(क) खोज र अनुसन्धानमा कम्प्युटरको प्रयोग गरिन्छ । (ने.पृ. ११२)<br>– मिल्दो अर्थ छानेर जोडा मिलाऊ :<br>सूक्ष्म, उपकरण, स्वचालित, अनुपम ...... (ने.पृ. ११३)<br>– उल्टो अर्थ दिने शब्द छानी जोडा मिलाऊ :<br>जटिल, आदान, प्रदान, अस्वीकार, ........ (ने.पृ. ११३)<br>– ठीक बेठीक छुट्याऊ : (ने.पृ. ११३)<br>– उपयुक्त शब्द राखी खाली ठाउँ भर :<br>(क) इमेलको उपयोग गरी .... गर्न सक्छौँ । (ने.पृ. ११२) |
| भाव | भाव विस्तार गर : (ने.पृ. ११२) |
| कारण | कम्प्युटर र इन्टरनेटको प्रयोगविनाको मानव जीवन अधुरो र अपूरो देखिनुका कारणहरू के के हुन् ? खुलस्त गर । (ने.पृ. ११२) |
| शब्दभण्डार | – पाठमा कम्प्युटर, टेलिफोन, डेस्कटप जस्ता प्राविधिक शब्दहरू प्रयोग भएका छन् । पाठबाट दसवटा प्राविधिक शब्दहरू टिप र वाक्यमा प्रयोग गर । (ने.पृ. ११३)<br>– तलका शब्दको अर्थ लेख :<br>नियन्त्रण, आर्थिक, जटिलतम, परियोजना (ने.पृ. ११३)<br>उप+करण = उपकरण भएजस्तै तल दिइएका शब्दमा ‘उप’ उपसर्ग लगाएर नयाँ शब्द बनाऊ ।<br>सर्ग, कार, देश, चार, योग (ने.पृ. ११३)<br>– गणित+ईय = गतिणतीय भएजस्तै तल दिइएका शब्दमा ‘ईय’ |

| | |
|---|---|
| | प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :<br>सर्ग, कार, देश, चार, योग (ने.पृ. ११३) |
| उच्चारण र हिज्जे | – शिक्षकको सहयोग लिएर शुद्धसँग उच्चारण गर र कापीमा सार : निर्दिष्ट, स्थानान्तरण, गतिविधि, परियोजना (ने.पृ. ११३)<br>– तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :<br>(क) मस्तिश्क, मस्तिष्क, मशितस्क (ने.पृ. ११३)<br>– पाठको पहिलो अनुच्छेद शुद्धसँग कापीमा सार (ने.पृ. ११४) |
| कार्यमूलक व्याकरण | – पाठको पहिलो अनुच्छेदबाट पाँचवटा विशेषण शब्द खोजेर लेख । (ने.पृ. ११४)<br>– पाठको पहिलो अनुच्छेदलाई सामान्य भविष्यत् कालमा परिवर्तन गरी पुनर्लेखन गर । (ने.पृ. ११४)<br>– तलका वाक्यहरू पढ र संयोजक टिप : (ने.पृ. ११४) |
| सिर्जनात्मक | – तलका शीर्षकमा १५० शब्दमा नघटाई प्रबन्ध लेख (ने.पृ. ११४) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको सोह्रौं पाठ 'कम्प्युटर र इन्टरनेट' प्रबन्ध रहेको छ । यस पाठमा पठनबोध सम्बन्धी अभ्यास, प्रश्नोत्तर, वस्तुगत प्रश्नअन्तर्गत ठीक बेठीक छुट्याउने प्रश्नहरू जोडा मिलाउने प्रश्नहरू, खाली ठाउँ भर्ने प्रश्नहरू समावेश गरिएको छ । भाव विस्तार गर, कारणसहित स्पष्ट गर, शब्दभण्डार सम्बन्धी प्रश्नहरू, उच्चारण र हिज्जेसम्बन्धी प्रश्नहरू, कार्यमूलक व्याकरण, सिर्जनात्मक नमुना अभ्यासहरूलाई समावेश गरिएको छ ।

### ५.१.१७ पाठ सत्रमा समाविष्ट नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये सत्रौं पाठमा 'हामी एउटै हौं' एकाङ्कीलाई समावेश गरिएको छ । यस एकाङ्कीमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

्पाठ : हामी एउटै हौँ (एकाङ्की)

**तालिका नं. १८**

**पाठ सत्रमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| सस्वरवाचन | हामी एउटै हौँ एकाङ्कीका पात्रहरूको संवादलाई हाउभाउसहित सस्वरवाचन गर (ने.पृ. ११९) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) हामी एउटै हौँ कस्तो विधा हो ? (ने.पृ. ११९)<br>– सङ्क्षिप्त उत्तर देऊ :<br>(क) जनकले मानिसको परिचय कसरी दिएका छन् ? (ने.पृ. १२०) |
| वस्तुगत | – पाठका आधारमा ठीक बेठीक छुट्याऊ :<br>(क) विजया हाम्रो देशको राजधानीमा बस्छिन् । (ने.पृ. ११९)<br>– उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :<br>शान्त, उत्तम, प्रश्न, अत्युत्तम ..... (ने.पृ. ११९) |
| व्याख्या | व्याख्या गर<br>(क) हामी सबै यस राष्ट्रको सीमा रक्षामा तैनाथ प्रहरी हौँ । (ने.पृ. १२०) |
| लेखन | 'हामी एउटै हौँ' एकाङ्कीको मुख्य सन्देश लेख (ने.पृ. १२०) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ लेख :<br>माथ, तैनाथ, कर्मशील, प्रसन्न, गर्वसाथ (ने.पृ. १२०) |
| वाक्य निर्माण | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>सन्तति, चक्र, स्वतन्त्र, भूमण्डल.... (ने.पृ. १२०) |
| उच्चारण र हिज्जे | शुद्ध गरी सार : (ने.पृ. १२१)<br>शुद्धसँग उच्चारण गर : |

| | |
|---|---|
| | रक्तवाहिनी, घुस्रिदैं, सङ्ग्रहालय, नृत्य, वंशज, स्वर (ने.पृ. १२१)<br>शिक्षकबाट सुनेर लेख (ने.पृ. १२१) |
| कार्यमूलक व्याकरण | – उदाहरणमा दिएजस्तै गरी तल दिइएका निपातहरूलाई वाक्यमा प्रयोग गर : (ने.पृ. १२१)<br>– पाठमा खेलौँ, गरौँ जस्ता इच्छार्थक क्रियापदहरू प्रयोग भएका छ् । तिमीले कुनै पाँच वटा इच्छार्थक क्रियापदहरू टिप र तिनलाई वाक्यमा प्रयोग गर । (ने.पृ. १२१) |
| सिर्जनात्मक | तिम्रो साथीसँग हाट बजार, जात्रा, मेला वा पर्वका अवसरमा घुम्न जाँदाको अनुभव समेटेर छोटो संवाद तयार पार । (ने.पृ. १२१) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको सत्रौं पाठ 'हामी एउटै हौँ' एकाङ्कीलाई समावेश गरिएको छ । यस पाठमा सस्वरवाचन सम्बन्धी नमुना अभ्यास दिइएको छ । प्रश्नोत्तर, ठीकबेठीक छुट्याउने प्रश्नहरू, व्याख्या, लेख सीपलाई उजागर गर्नका निम्ति अभ्यास निर्माण, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक नमुना अभ्यासलाई समावेश गरिएको छ ।

### ५.१.१८ पाठ अठारसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये अठारौँ पाठमा 'आह्वान' कवितालाई समावेश गरिएको छ । यस प्रबन्धमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

पाठ : आह्वान (कविता)

तालिका नं. १९

पाठ अठारमा समाविष्ट नमुना अभ्यास

| पाठ्यवस्तु | |
|---|---|
| लयवाचन | पाठमा दिइएको कविता लय मिलाई वाचन गरेर सबैलाई सुनाऊ । (ने.पृ. १२३) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) मनहरूले अझै के गर्नुपर्छ ? (ने.पृ. १२३)<br>– सङ्क्षिप्त उत्तर लेख :<br>(क) 'आह्वान' कविताको मुख्य भाव के हो ? (ने.पृ. १२४) |
| व्याख्या | व्याख्या गर (ने.पृ. १२४) |
| लेख्ने | – कवितामा कविले भोलिको नेपालको सुन्दर चित्र कसरी उतारेका छन् ? आफ्नै शैलीमा लेख । (ने.पृ. १२५)<br>'आह्वान' कविताका अन्तिम दुई हरफ शिक्षकबाट सुनेर लेख । ( ने.पृ. १२५) |
| वस्तुगत | – उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :<br>विश्वास, जाडो, टापु, खुम्चिन्छ .... (ने.पृ. १२४)<br>– मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :<br>चोखो, बर्गत, शक्ति, दुःख, ..... (ने.पृ. १२५ |
| वाक्य निर्माण | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>मुटु, चौतारी, पसिना .... (ने.पृ. १२५) |
| शब्दभण्डार | – निर्+विकार = निर्विकार भएजस्तै तलका शब्दमा 'निर्' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :<br>माया, दोष, धन, विकल्प, जन (ने.पृ. १२५)<br>– तलका शब्दको अर्थ लेख : |

| | |
|---|---|
| | पीडा, भिर, सम्भावना, बर्गत, कैलाश (ने.पृ. १२५) |
| उच्चारण र हिज्जे | – तलका शब्दहरू शुद्धसँग उच्चारण गर : भक्ति, बलभद्र, बोधिसत्व, वर्चस्व, अस्तित्व (ने.पृ. १२५) – पाठमा चल्नुपर्छ, 'जाग्नुपर्छ' जस्ता आधा अक्षर लागेका क्रियापदहरू प्रयोग भएका छन् । त्यस्तै आधा अक्षर लागेका अरु पाँचवटा क्रियापद खोजेर कापीमा सार । – पाठमा 'ज्वाला', 'अस्तित्व' जस्ता आधा अक्षर लागेका क्रियापद बाहेकका अरु धेरै शब्दहरू प्रयोग भएका छन् । त्यस्ता पाँचवटा शब्दहरू पाठबाट खोजेर लेख । (ने.पृ. १२५) |
| कार्यमूलक व्याकरण | – माथिको पाठमा हात, माटो, मुठी जस्ता धेरै शब्दहरू प्रयोग भएका छन् । पाठबाट दसवटा नाम शब्दहरू खोजेर लेख । ( ने.पृ.१२६) – उदाहरण हेरी अकरण क्रियापद प्रयोग गरी देशको बारेमा पाँचवटा वाक्यहरू लेख (ने.पृ. १२६) |
| सिर्जनात्मक अभ्यास | पाठमा दिइएको कविता राम्ररी पढी त्यस्तै शैलीमा 'म विद्यार्थी' शीर्षकमा कविता लेखेर शिक्षकलाई देखाऊ । (ने.पृ. १२६) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको अठारौँ पाठमा 'आह्वान' कविता रहेको छ । यस कवितामा लयवाचन, प्रश्नोत्तर, व्याख्यानसम्बन्धी अभ्यास, विद्यार्थीहरूले आफ्नै शैलीमा लेख्ने भनेर  नमुना अभ्यास निर्माण गरिएको छ । वस्तुगत प्रश्नहरू अन्तर्गत उल्टो अर्थ दिने र मिल्ने अर्थ दिने शब्द छानेर लेख भन्ने नमुना अभ्यासको निर्माण गरिएको छ । वाक्य निर्माणअन्तर्गत वाक्यमा प्रयोगयुक्त शब्दहरू दिइएको छ । शब्दभण्डार सम्बन्धी नमुना अभ्यासहरू दिइएको छ । उच्चारण र हिज्जेसम्बन्धी कार्यमूलक व्यााकरणका नमुना  अभ्यासहरू पनि समावेश गरिएको छ ।

### ५.१.१९ पाठ उन्नाइससँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये उन्नाइसौँ पाठमा 'सिंह र स्यालको कथा' कथालाई समावेश गरिएको छ । यस कथामा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : सिंह र स्यालको कथा (कथा)**

**तालिका नं. २०**

**पाठ चारमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| शुद्धसँग पढ | पाठ पालैपालो पढेर कक्षामा सुनाऊ (ने.पृ. १३०) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) भाले र पोथी सिंहको जोडी कहाँ बस्थ्यो ? (ने.पृ. १३०)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) भाले सिंहले स्यालको बच्चोलाई किन मारेन ? |
| वस्तुगत | – पाठबाट ठीक शब्द खोजेर खाली ठाउँ भर :<br>(क) पोथी सिंहले ..... भएर हाँस्तै भन्यो (ने.पृ. १३०) |
| लेख्ने | – तलका भनाइ कसले कसलाई किन भनेको हो ...... लेख ।<br>(क) आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ (ने.पृ. १३०) |
| भाव स्पष्ट | – भाव स्पष्ट पार :<br>ज्यानै जाने अवस्था आइलाग्दा पनि गर्न नहुने काम कहिल्यै कसैले गर्नु हुँदैन (ने.पृ. १३१) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ भन :<br>वृत्तान्त, सनातन, विदुषी ...... (ने.पृ. १३१) |
| वाक्य निर्माण | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर : (ने.पृ. १३२) |

| | |
|---|---|
| उच्चारण र हिज्जे | – शुद्ध गरी सार (ने.पृ. १३२)<br>– पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ. १३२)<br>– शुद्धसँग उच्चारण गर :<br>(आँखीभौँ, ब्रह्मचारी, शास्त्र ......) (ने.पृ. १३२)<br>– तलका शब्दको सुरुको अक्षरमा शिरबिन्दु थपेर शुद्ध गर :<br>सिंह, संवाद, साँस्कृतिक .... (ने.पृ. १३२) |
| कार्यमूलक व्याकरण | – पढ र बुझ<br>पूर्ण विराम ( । ), प्रश्न चिह्न (?), अल्पविराम (,), अर्धविराम -;),<br>उद्गार चिह्न -!), योजक चिह्न (–)<br>– उपयुक्त चिह्नको प्रयोग गरी शुद्ध गर : (ने.पृ. १३४)<br>– पाठबाट प्रश्न चिह्न र उद्धरण चिह्न प्रयोग भएका दुई दुईवटा वाक्यहरू खोजेर लेख : (ने.पृ. १३४)<br>– पाठको पहिलो अनुच्छेद पढ र पूर्णविराम चिह्न लागेका पाँचवटा वाक्यहरू लेख : (ने.पृ. १३५) |
| सिर्जनात्मक | – तलका बुँदाहरूका आधारमा छोटो कथा लेख र शीर्षक पनि देऊ (ने.पृ. १३५)<br>– तिमीले सुनेको कुनै एउटा लोककथा लेखेर कक्षामा साथीहरूलाई सुनाऊ । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको उन्नाइसौ पाठ 'सिंह र स्यालको कथा' रहेको छ । यस पाठमा शुद्धसँग पढ, प्रश्नोत्तर, वस्तुगत प्रश्नहरूअन्तर्गत खाली ठाउँ भर्ने प्रश्नहरू, लेखन सीपअन्तर्गत कसले कसलाई भनेको हो ? भन्ने प्रश्नहरूको निर्माण गरिएको छ । भाव स्पष्ट पार, शब्दभण्डार सम्बन्धी अभ्यासहरू, वाक्य निर्माण, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण, सिर्जनात्मक नमुना अभ्यासहरू समावेश गरिएको छ ।

### ५.१.२० पाठ बिससँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये बिसौँ पाठमा 'नेपाली संस्कृति' प्रबन्धलाई समावेश गरिएको छ । यस प्रबन्धमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : नेपाली संस्कृति (प्रबन्ध)**

**तालिका नं. २१**

**पाठ बिसमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| पढेर सुनाउने | कक्षामा पाठ पालैपालो पढेर सुनाऊ (ने.पृ. १३९) |
| प्रश्नोत्तर | – एक वाक्यमा उत्तर भन :<br>(क) नेपाल कस्तो बगैँचा हो ? (ने.पृ. १३९)<br>– उत्तर लेख :<br>(क) नेपाललाई किन सबै जातको फुलबारी भनिएको हो ? (ने.पृ. १४०) |
| वस्तुगत | – ठीक उत्तरमा ठीक चिह्न लगाऊ : (ने.पृ. १४०)<br>– तलका समावेशक शब्दसँग समावेश्य शब्दको जोडा मिलाऊ :<br>फूल, नेपाल, तराई, चमेली ...... (ने.पृ. १४१) |
| भाव विस्तार | – भाव विस्तार गर :<br>विविधताबीचको एकता नेपाली संस्कृतिको मूल खम्बा हो (ने.पृ. १४१) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ बताऊ :<br>विविधतामय, धर्मावलम्बी, तमाम ...... (ने.पृ. १४१)<br>– अर्थ खुल्ने गरी वाक्य लेख :<br>सुवास, दानवीर, विकृति, लोकप्रिय ........ (ने.पृ. १४१) |

| | |
|---|---|
| वर्णन | नेपाली संस्कृतिका मुख्य मुख्य विशेषता के के हुन् ? वर्णन गर । (ने.पृ. १४१) |
| उच्चारण र हिज्जे | – शुद्धसँग उच्चारण गरेर कक्षामा सुनाऊ :<br>ल्होसार, चराचुरुङ्गी, समन्वित (ने.पृ. १४१)<br>– बोलाइ र लेखाइको फरक बुझ : (ने.पृ. १४१)<br>– पाठको चौथो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ. १४२) |
| लेख्ने | – पाठको पहिलो अनुच्छेद कापीमा राम्रा पारेर सार । (ने.पृ. १४२) |
| कार्यमूलक व्याकरण | – पढ र बुझ :<br>कर्तृवाच्य, कर्मवाच्य, भाववाक्य (ने.पृ. १४२)<br>– कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर :<br>(क) नेपालमा धेरै पर्वहरू मनाइन्छन् (कर्तृवाच्य) (ने.पृ. १४४) |
| सिर्जनात्मक | – आफूले देखेको कुनै धार्मिक स्थलको वर्णन गरी एउटा प्रबन्ध लेख । (ने.पृ. १४५)<br>– अपाङ्गता भएका व्यक्तिले पाउने विभिन्न सुविधाहरू प्राप्त गर्न गर्नुपर्ने कार्यहरूको वर्णन गर्दै एउटा प्रबन्ध तयार पार । (ने.पृ. १४५) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको बिसौं पाठमा 'नेपाली संस्कृति' प्रबन्ध रहेको छ । यस पाठमा पढेर सुनाऊ, प्रश्नोत्तर, वस्तुगत प्रश्नहरूअन्तर्गत ठीक बेठीक प्रश्नहरू दिइएको छ । भाव विस्तारसम्बन्धी अभ्यास, शब्दभण्डार, वर्णन गर, उच्चारण र हिज्जेसम्बन्धी शुद्धसँग उच्चारण गर, बोलाइ र लेखाइको बीचमा हुने फरक बुझ भनिएको छ । लेखन सीपमा आधारित रहेर पाठको पहिलो अनुच्छेद कापीमा सार भनिएको छ । कार्यमूलक व्याकरणअन्तर्गत व्याकरणिक पक्षका अभ्यासहरू समावेश गरिएको छ र अन्त्यमा सिर्जनात्मक नमुना अभ्यासहरूलाई समावेश गरिएको छ ।

### ५.१.२१ पाठ एक्काइसौँसँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये एक्काइसौँ पाठमा 'सर आइज्याक न्युटन' को जीवनलाई समावेश गरिएको छ । यस जीवनीमा प्रयुक्त नमुना अभ्यासलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

**पाठ : सर आइज्याक न्युटन (जीवनी)**

**तालिका नं. २२**

**पाठ एक्काइसमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| सस्वरवाचन | पाठको आठौँ अनुच्छेद पालैपालो गरी सबैले सस्वरवाचन गर । ( ने.पृ. १४८) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) मानवको जीवन किन सुखी र सम्पन्न बनेको छ ? (ने.पृ. १४९)<br>– तलका प्रश्नहरूको उत्तर देऊ :<br>– आइज्याक न्युटनको बाल्यकाल किन सङ्घर्षमय बन्न पुग्यो ? (ने.पृ. १५०) |
| विचार प्रस्तुत | – सर आइज्याक न्युटनले गरेका आविष्कारहरूले मानव जीवनमा कस्तो प्रभाव पारेको छ ? आफ्नो विचार लेख (ने.पृ. १५०) |
| भाव स्पष्ट | – भाव स्पष्ट गर :<br>(क) धेरै चिन्तन, मनन र अनुसन्धानपछि न्युटनले गुरुत्वाकर्षणको नियम पत्ता लगाए । (ने.पृ. १५०)<br>– यदि वर्तमान समयमा सर आइज्याक न्युटनले पुर्नजन्म |

| | |
|---|---|
| | लिएमा तिमी न्युटनलाई के सम्बन्धी नयाँ आविष्कार गर्न प्रोत्साहित गर्ने थियौ र किन, स्प्ष्ट गर । (ने.पृ. १५०) |
| वस्तुगत | – ठीक बेठीक छुट्याऊ :<br>(क) न्युटनले प्रकाशसम्बन्धी सिद्धान्तको प्रतिपादन गरे । (ने.पृ. १४९)<br>– कोष्ठकबाट ठीक उत्तर छानेर खाली ठाउँ भर :<br>(क) न्युटन ......... वर्षको उमेरमा विद्यालयमा भर्ना भए ।<br>दस, बार, पन्ध्र (ने.पृ.१४९)<br>– जोडा मिलाऊ : (ने.पृ. १४९)<br>– मिल्दो अर्थ छानेर जोडा मिलाऊ : (ने.पृ. १४९) |
| शब्दभण्डार | – तलका शब्दको अर्थ लेख :<br>वायुघट्ट, उपहार, रहस्य .... (ने.पृ. १५१)<br>– विज्ञान + इक = वैज्ञानिक भएजस्तै तलका शब्दमा इक प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :<br>दिन, भूगोल, इतिहास, समाज, पूराण (ने.पृ. १५१) |
| वाक्य निर्माण | अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>अनुसन्धान, विलक्षण, सामर्थ्य, सङ्घर्षमय (ने.पृ. १५१) |
| सुनेर लेख | – शिक्षकबाट सुनेर लेख :<br>प्रिन्सिपिया, टेलिस्कोप, द्रव्यमान ...... (ने.पृ. १५१) |
| शुद्धसँग पढ्ने | – शुद्धसँग उच्चारण गरेर कक्षामा सुनाऊ :<br>कम्प्युटर, ग्रान्थाम, ट्रिनिटी, गुरुत्वाकर्षण (ने.पृ. १५२) |
| उच्चारण र हिज्जे | – सच्याएर कापीमा सार :<br>आविस्कार, विभूक्षित, परीकर्मा, परिणाम ....... (ने.पृ. १५२)<br>– पाठबाट श, ष, स प्रयोग भएका पाँच पाँच वटा शब्दहरू खोजेर लेख । (ने.पृ. १५२) |

| | |
|---|---|
| कार्यमूलक व्याकरण | – पढ, बुझ र लेख : (ने.पृ. १५२)<br>– कोष्ठकमा दिइएको सङ्केतका आधारमा परिवर्तन गर :<br>(क) न्युटनले नयाँ आविष्कार गरे (सामान्य भविष्यत्) (ने.पृ. १५४)<br>– पदसङ्गति मिलाई पुर्नलेखन गर : (ने.पृ. १५३)<br>– तलका वाक्यहरूलाई भविष्यत् कालमा बदल । (ने.पृ. १५४) |
| सिर्जनात्मक | – तल दिइएका बुँदाहरूका आधारमा जीवनी लेख : (ने.पृ. १५५) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको एक्काइसौँ पाठमा ‘सर आइज्याक न्युटन’ को जीवनी रहेको छ । यस पाठमा सस्वरवाचनको लागि एउटा अभ्यास दिइएको छ । प्रश्नोत्तरसम्बन्धी अभ्यास, विचार प्रस्तुत, भाव स्पष्ट, वस्तुगत प्रश्नहरूअन्तर्गत ठीक बेठीक छुट्याउने, खाली ठाउँ भर्ने प्रश्नहरूको निर्माण गरिएको छ । शब्दभण्डार अन्तर्गत शब्दको अर्थ लेख्ने जस्ता अभ्यासको निर्माण गरिएको छ । वाक्य निर्माण, सुनेर लेख, उच्चारण र हिज्जेसम्बन्धी अभ्यासहरूको निर्माण गरिएको छ । कार्यमूलक व्याकरणअन्तर्गत स्त्रीलिङ्ग, पुलिङ्ग, एकवचन, बहुवचन, प्रथम पुरुष, द्वितीय पुरुष, तृतीय पुरुष, अनादर, मध्यम आदर, उच्च आदरका लागि प्रयोग योग्य वाक्यहरूको निर्माण गरिएको छ र अन्त्यमा सिर्जनात्मक नमुना अभ्यास दिइएको छ ।

### ५.१.२२ पाठ बाइससँग सम्बन्धित नमुना अभ्यासको अध्ययन

वर्तमान समयको कक्षा आठको नेपाली पाठ्यपुस्तकमा बाइसवटा पाठमध्ये अन्तिम पाठका रूपमा ‘स्वाभिमान’ कथालाई समावेश गरिएको छ । यस कथामा प्रयुक्त नमुना अभ्यास योजनालाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

पाठ : **स्वाभिमान** (कथा)

**तालिका नं. २३**

**पाठ बाइसमा समाविष्ट नमुना अभ्यास**

| **पाठ्यवस्तु** | |
|---|---|
| पढेर सुनाउने | – स्वाभिमान कथा पालैपालो पढेर कक्षामा सुनाऊ । (ने.पृ. १६०) |
| प्रश्नोत्तर | – उत्तर भन :<br>(क) जनरल हेस्टिङको स्वभाव कस्तो थियो ? (ने.पृ. १६०)<br>– सङ्क्षिप्त उत्तर देऊ :<br>(क) नेपाल दरबारमा किन सनसनी फैलियो ? (ने.पृ. १६०) |
| लेख | – तलका भनाइ कसले कसलाई किन भनेको हो ? लेख ।<br>(क) नेमपाललाई त म औँलामा नचाइदिन्छु । (ने.पृ. १६०) |
| भाव बिस्तार | – पढाइको शीतल फाँटमा सुन्दर बङ्गला बनाएर त्यहीँबाट हाम्रो राज सुरु हुन्छ । (ने.पृ. १६०) |
| वस्तुगत | – मिल्दो शब्द छानेर जोडा मिलाऊ :<br>सूर्य, डर, मौका, पत्र, अपमान, शिर ......... (ने.पृ. १६१) |
| वाक्य निर्माण | – तलका टुक्कालाई उदाहरणमा देखाएजस्तै गरी वाक्यमा प्रयाग गर । राताराता आँखा पार्नु, खेलवाड गर्नु ....... (ने.पृ. १६१) |
| शुद्ध लेखन | – पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर शुद्धसँग लेख ।<br>– तलका वाक्यमा भएका 'य' र 'ए' सम्बन्धी अशुद्धी सच्याएर लेख : (ने.पृ. १६१)<br>– पाठबाट ण, श, ष, स भएका शब्दहरू खोजेर लेख । (ने.पृ. १६१) |
| उच्चारण र हिज्जे | – शुद्धसँग उच्चारण गर :<br>राष्ट्रवादी, सन्नाटा, ग्वालियर .. (ने.पृ. १६१) |

| | |
|---|---|
| | – आँखा, आउँछ जस्ता चन्द्रबिन्दु लागेका पाँचवटा शब्दहरू लेख र शुद्धसँग उच्चारण गर । (ने.पृ. १६१)<br>– रेखाङ्कित अक्षरका शब्द उच्चारण गरी य र ए बीचको फरक बुझ र कापीमा सार :<br>यति, सूर्य, पाए, उपाय, यस ......... (ने.पृ. १६१) |
| कार्यमूलक व्याकरण | – दिइएका शब्दहरू पढी तलको तालिकामा मिल्ने ठाउँमा भर :<br>क्रियायोगी, नामयोगी, विस्मयादिबोधक (ने.पृ. १६२)<br>– दिइएका क्रियापदहरू पढी तालिकामा मिल्ने ठाउँमा भर :<br>इच्छार्थ, आज्ञार्थक, सम्भावनार्थक (ने.पृ. १६२) |
| सिर्जनात्मक अभ्यास | – अगाडिको कोठामा १, २, ३ आदि क्रम सङ्ख्या राखी घटनाक्रम मिलाएर एउटा कथा तयार पार । (ने.पृ. १६२)<br>– तिम्रो छिमेकमा भएको आपसी झगडाको विषयलाई लिएर झगडाले वास्तवमा कसैलाई पनि फाइदा हुँदैन भन्ने विचारलाई समेटी एउटा कथा तयार पार । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको बाइसौँ पाठमा 'स्वाभिमान' कथा रहेको छ । यस पाठमा पढेर सुनाउने, प्रश्नोत्तर, शुद्ध लेखन, भावविस्तार, वाक्य निर्माणसम्बन्धी अभ्यास, उच्चारण र हिज्जेसम्बन्धी नमुना अभ्यासहरूलाई क्रमबद्ध रूपमा दिइएको छ र सिर्जनात्मक अभ्यासअन्तर्गत विद्यार्थीहरूले आफैँले लेख्ने किसिमका मौखिक नमुना अभ्यासहरू दिइएको छ ।

यसरी यस पाठ्यपुस्तकमा जम्मा बाइसवटा पाठमध्ये ४ वटा कविता, ६ वटा कथा, ४ वटा जीवनी, १ वटा निवेदन, १ वटा चिठी, १ वटा वादविवाद, १ वटा एकाङ्की रहेका छन् । यी सबै पाठमा नमुना अभ्यास योजनालाई क्रमसँगै समावेश गरिएको पाइन्छ ।

## अध्याय छ

# भाषिक सीपका आधारमा अध्ययन विश्लेषण

## ६.१ भाषिक सीपका दृष्टिले नमुना अभ्यासको विश्लेषण

नेपाली भाषाको शिक्षण गराउनुको मूल अभिप्राय विद्यार्थीहरूमा भाषिक क्षमताको विकास गराउनु हो । भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइमध्ये सुनाइ र पढाइलाई आदानात्मक र बोलाइ र लेखाइलाई प्रदानात्मक प्रकृतिका भाषिक सीप भनिन्छ । निम्नमाध्यमिक शिक्षा पाठ्यक्रमले कक्षा आठको नेपाली विषयका तहगत साधारण उद्देश्यहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई छुट्टाछुट्टै गरी निर्धारण गरेको छ । यी उद्देश्यहरूले भाषा पाठ्यपुस्तकको अध्ययनपश्चात् भाषिक सीप हासिल हुने लक्ष्य राखेको पाइन्छ ।

यिनै पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूर्ति गर्नका निम्ति वर्तमान कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासलाई सीपगत अलग/अलग र एकीकृत रूपमा तालिकामा प्रस्तुत गरेर व्याख्या विश्लेषण गरिएको छ ।

### ६.१.१ सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चार सीपमध्ये पहिलो सुनाइ सीप हो । सुनाइ सीप आदानात्मक सीपअन्तर्गत पर्दछ । यस पाठ्यपुस्तकमा समावेश बाइसवटा पाठमा रहेका नमुना अभ्यासमध्ये सुनाइ सीपसम्बन्धी अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २४**

**सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| क्र.सं. | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| १ | भाग्य | कथा | – माथिको पाठपालैपालो एक एक अनुच्छेद पढेर कक्षामा सुनाऊ । (ने.पृ. ९) |
| २ | ग्रन्थचित्र | प्रबन्ध | – भविष्यत् कालका क्रियापदहरूको प्रयोग गरी पाँच वाक्यमा आफ्नो लक्ष्य बताऊ । ( ने.पृ.३१) |
| ३ | मित्रता | कथा | – कक्षामा 'मित्रता' कथा पालैपालो पढेर सुनाऊ । (ने.पृ. ४२) |
| ४ | एउटा घटना | कथा | – तिम्रा अभिभावकलाई सोधी एउटा कथा तयार पार र कक्षामा साथीलाई सुनाऊ । ( ने.पृ. ७४) |
| ५ | विज्ञान अभिशाप नभई वरदान | वादविवाद | – कक्षामा आलोपालो गरी पाठ पढेर सुनाऊ । (ने.पृ. ९०) |
| ६ | आह्वान | कविता | – पाठमा दिइएको कविता लय मिलाई वाचन गरेर सैलाई सुनाऊ । (ने.पृ. १२३) |
| ७ | सिंह र स्यालको कथा | कथा | – पाठ पालैपालो पढेर कक्षामा सुनाऊ । ( ने.पृ. १३०) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश भाषिक सीपमध्ये यस सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यास जम्मा ६ वटा पाठमा समावेश गरिएको छ । यस पुस्तकमा जम्मा बाइसवटा पाठ रहेका छन् । यस सुनाइ सीपलाई ४ वटा कथा, एउटा वादविवाद, एउटा कविता र एउटा प्रबन्धमा सीमित गरिएको छ । यो

बोधात्मक सीप हो । यस सीपलाई सबै पाठमा समानुपातिक रूपले समावेश गरेको पाइँदैन । त्यसकारण यो सीपलाई बढीभन्दा बढी समावेश गरिनुपर्ने देखिन्छ ।

### ६.१.२ बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चार सीपमध्ये दोस्रो बोलाइ सीप हो । यो सुनाइपछि क्रमशः आउने सीप हो । बोलाइ प्रदानात्मक सीपअन्तर्गत पर्दछ । यस पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूमध्ये बोलाइ सीपसम्बन्धी नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २५**

**बोलाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| १ | नेपाल | कविता | – 'नेपाल' कविता साथीहरूसँग मिली समूहमा लय मिलाएर वाचन गर । (ने.पृ. २) |
| २ | भाग्य | कथा | – उत्तर देऊ :<br>(क) पुन्टे किन छक्क परेर हेरिरहेको थियो ? (ने.पृ. ९)<br>– कसले कसलाई किन भनेको हो, लेख :<br>(क) भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो । (ने.पृ. ९) |
| ३ | देवकुमारी थापा | जीवनी | – एक वाक्यमा उत्तर लेख :<br>(क) देवकुमारीको जन्म कहाँ र कहिले भएको थियो ? (ने.पृ. १७)<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर : (ने.पृ. १८) |

| | | | |
|---|---|---|---|
| ४. | ग्रन्थचित्र | प्रबन्ध | – तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर देऊ :<br>(क) चित्रको जन्म कसरी भयो ? (ने.पृ. २७)<br>– तलका प्रश्नहरूको लामो उत्तर देऊ :<br>(क) चित्रकलाको विकासमा ग्रन्थचित्रको के कस्तो भूमिका रहेको छ, स्पष्ट पार । ( ने.पृ.२७)<br>– शुद्धसँग उच्चारण गर :<br>– सभ्यता, शालिग्राम, ग्रन्थचित्र (ने.पृ. २८) |
| ५ | निवेदन | निवेदन | – उत्तर भन :<br>(क) यो निवेदन कहिले लेखिएको हो ? (ने.पृ. ३३) |
| ६. | मित्रता | कथा | – उत्तर भन :<br>(क) द्रोणको विवाह कोसँग भयो ? (ने.पृ. ४२)<br>– यदि तिमी 'मित्रता' कथाको राजा द्रुपद भएको भए द्रोणले पूरानो प्रतिज्ञा सम्झाउँदा के गर्थ्यौ उत्तर देऊ । (ने.पृ. ४३) |
| ७. | सीप र श्रम | कविता | – उत्तर भन<br>(क) सीप कहाँ रोप्नुपर्छ ? (ने.पृ.४८)<br>– शुद्धसँग उच्चारण गर :<br>मर्स्याङ्दी, सिर्जना, अँगालेर, संगालेर (ने.पृ. ४९) |
| ८. | भूगोलविद् हर्क गुरुङ | जीवनी | – उत्तर भन :<br>(क) नेपाल कुन कुन कुराले समृद्ध छ ? (ने.पृ. ५५) |
| ९. | प्रकृति र | निबन्ध | – उत्तर भन : |

| | | | |
|---|---|---|---|
| | वातावरण | | (क) के गरेमा वातावरणको संरक्षण हुन्छ ? ( ने.पृ. ६४) |
| १०. | एउटा घटना | कथा | – उत्तर भन :<br>(क) सुरेशको चाख कतातिर थियो ? (ने.पृ. ७१)<br>– 'एउटा घटना' कथामा अहिलेका विद्यालय स्तरका विद्यार्थीहरूको कस्तो मनोविज्ञानको विश्लेषण गर्न खोजिएको छ, वर्णन गर ( ने.पृ. ७३)<br>– प्र + दर्शन = प्रदर्शन भएजस्तै तल दिइएका शब्दमा 'प्र' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ : (ने.पृ. ७३)<br>– अघि + तिर = अघिल्तिर भएजस्तै तल दिइएका शब्दहरूबाट नयाँ शब्द बनाऊ :( ने.पृ. ७३) |
| ११. | दाजुलाई चिठी | चिठी | – उत्तर भन :<br>(क) यो चिठी कसले कसलाई लेखेको हो ? ( ने.पृ. ७३)<br>– चिठीमा किन 'आफूलाई जन्म दिने आमा र जन्मभूमि सबैभन्दा ठूला हुन्छन्' भनिएको होला, आफ्नो विचार प्रस्तुत गर । (ने.पृ. ७७)<br>– तलका शब्दहरू शुद्धसँग उच्चारण गर :<br>कुशलता, सुन्दर, तरकारी (ने.पृ. ७८) |
| १२. | मेरो घर | कविता | – उत्तर भन :<br>(क) किसानको घर कस्तो छ ? (ने.पृ. ८१) |

| | | | |
|---|---|---|---|
| १३. | विज्ञान अभिशाप नभई वरदान | वादविवाद | – तलका प्रश्नहरूको मौखिक उत्तर देऊ :<br>(क) वादविवाद प्रतियोगिताको सञ्चालन कहाँ हुँदैछ ? (ने.पृ. ९०)<br>– तलको भनाइ कसले भनेको हो ? भन :<br>(क) विज्ञानले विपत्ति र ध्वंसलाई निम्त्याएको छ । (ने.पृ. ९०)<br>– 'जागिरभन्दा व्यापार वेश' भन्ने विषयको पक्ष र विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर । (ने.पृ. ९४) |
| १४ | साहित्यकार रविन्द्रनाथ ठाकुर | जीवनी | – तलका प्रश्नहरूको उत्तर भन :<br>(क)रविन्द्रनाथको जन्म कहाँ भएको थियो ? (ने.पृ. ९८)<br>– तलका शब्दहरूको अर्थ भन :<br>विविध, साहित्यका, प्रतिष्ठा, गौरवमय ........ (ने.पृ.९९)<br>– साहित्य + कार = साहित्यकार भएजस्तै तलका शब्दबाट नयाँ शब्द बनाऊ :<br>कथा, उपन्यास, नाटक, चित्र ....... (ने.पृ. १००) |
| १५ | ठग समातियो | कथा | – उत्तर भन :<br>(क) ठग समातियो कथाका लेखक को हुन् ? (ने.पृ. १०६)<br>– तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख (ने.पृ. १०७) |
| १६. | कम्प्युटर र इन्टरनेट | प्रबन्ध | |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश भाषिक सीपमध्ये यस सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यास जम्मा ६ वटा पाठमा समावेश गरिएको पाइन्छ । सुनाइ सीपको तुलनामा बोलाइ सीपका नमुना अभ्यासहरू बढी नै रहे पनि अझै अभ्यासहरूको सङ्ख्या बढाउँदा विद्यार्थीहरूमा बोल्ने क्षमताको विकास र शिक्षक विद्यार्थीबीच घनिष्ट सम्बन्ध रहन्छ ।

यो तह निम्नमाध्यमिक तहको कक्षा भएकाले विद्यार्थीहरूको स्तरअनुसारको बोलाइ सीपमा ध्यान केन्द्रित गरेर नमुना अभ्यास निर्माण गरेको त छ तर पनि बोलाइ सीपका नमुना अभ्यासहरू अझै बढाउनुपर्ने देखिन्छ ।

### ६.१.३ पढाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

यो पढाइ सीप सुनाइ र बोलाइपछि क्रमशः आउने सीप हो । यो सीप आदानात्मक सीपअन्तर्गत पर्दछ । यस पाठ्यपुस्तकमा समाविष्ट नमुनाअभ्यासहरूमध्ये पढाइ सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २६**

**पढाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| १ | नेपाल | कविता | – 'नेपाल' कविता साथीहरूसँग मिली समूहमा लय मिलाएर वाचन गर । ( ने.पृ.२) |
| २ | देवकुमारी थापा | जीवनी | – कारक र विभक्तिका बारेमा थप जानकारीका लागि तलको तालिका पढ : ( ने.पृ. २०) |
| ३ | ग्रन्थचित्र | प्रबन्ध | – पाठको पहिलो अनुच्छेद पालैपालो सस्वरवाचन गर । (ने.पृ. २६) |
| ४. | निवेदन | निवेदन | – पाठमा दिइएका निवेदन सस्वरवाचन गर |

| | | | |
|---|---|---|---|
| | | | । (ने.पृ. ४५) |
| ५ | मित्रता | कथा | पढ र बुझ (ने.पृ. ४५) |
| ६. | सीप र श्रम | कविता | पाठमा दिइएको कविता लय हालेर पढ । (ने.पृ. ४८) |
| ७. | भूगोलविद् हर्क गुरुङ | जीवनी | – कक्षामा पाठ पालैपालो पढ । (ने.पृ. ५५)<br>– तलका वाक्यहरूमा आएका गाढा अक्षर भएका शब्दहरू राम्ररी पढ र बुझ । (ने.पृ. ५८) |
| ८. | प्रकृति र वातावरण | निबन्ध | – कक्षामा माथिको पाठ आलोपालो गरी पढ । (ने.पृ.६४) |
| ९. | दाजुलाई चिठी | चिठी | – पाठको चिठी पालैपालो पढ । (ने.पृ. ७६)<br>– तलका वाक्यमा गाढा अक्षरमा भएका शब्द पढ र बुझ । (ने.पृ. ७८) |
| १०. | विज्ञान अभिशाप नभई वरदान | वादविवाद | – विज्ञान अभिशाप नभई वरदान भन्ने पाठलाई उद्घोषकसहित अरु चारजना पात्रले हाउभाउसहित पालैपालो पढेर कक्षामा सुनाऊ । (ने.पृ.९०) |
| ११. | ठग समातियो | कथा | – ठग समातियो कथा कक्षामा पालैपालो पढ । (ने.पृ. १०६) |
| १२. | हामी एउटै हौँ | एकाङ्की | – हामी एउटै हौँ एकाङ्कीका पात्रहरूको संवादलाई हाउभाउसहित सस्वरवाचन गर । (ने.पृ.११९) |
| १३. | नेपाली संस्कृति | निबन्ध | – पढर बुझ : (ने.पृ. १४२) |
| १४. | सर आइज्याक न्युटन | जीवनी | – पाठको आठौँ अनुच्छेद पालैपालो गरी सबै सस्वरवाचन गर । (ने.पृ.१४८) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको नमुना अभ्यासमा पढाइ सीपलाई १४ वटा पाठमा समावेश गरिएको पाइन्छ । यस पुस्तकमा जम्मा २२ वटा पाठहरूमध्ये आठवटा पाठमा पढाइ सीपलाई समावेश गरेको देखिँदैन । यो आदानात्मक सीप हो । त्यसैले यस सीपलाई अझ बढी समावेश गरिनुपर्ने देखिन्छ ।

### ६.१.४ लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

यो सीप भाषाका चार सीपमध्ये क्रमशः आउने अन्तिम सीप हो । यो सीप प्रदानात्मक सीपअन्तर्गत पर्दछ । यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमध्ये लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २७**

**लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| १ | नेपाल | कविता | – तलका प्रश्नहरूको उत्तर एक वाक्यमा लेख :<br>(क) पसिनाका धारा कहाँ बहन्छन् ? (ने.पृ. ३)<br>– 'नेपाल' कविताको मुख्य भाव लेख । (ने.पृ. ३)<br>– तलका शब्दको उस्तै अर्थ दिने शब्द लेख :<br>(देश, विशाल, पर्वत ......) (ने.पृ.३)<br>– तलका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>(प्यारो, मन्त्र, सङ्गीत, पुर्खा) (ने.पृ.४)<br>– उदाहरण हेरी एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गरी लेख : (ने.पृ.५)<br>– तिमीलाई मनपर्ने शीर्षकमा कविता लेखेर शिक्षकलाई देखाऊः (ने.पृ.५) |

| | | | |
|---|---|---|---|
| २ | भाग्य | | – कसले कसलाई किन भनेको हो, लेख :<br>(क) भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेका कुरा हो । (ने.पृ.९)<br>– उत्तर लेख :<br>(क)पुन्टेलेकिन घुटुक्क थुक निल्यो ? (ने.पृ.१०) |
| ३ | देवकुमारी थापा | जीवनी | – उत्तर लेख :<br>(क) देवकुमारीको बाल साहित्यमा कस्तो योगदान रहेको छ ? (ने.पृ.१८)<br>(ख) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>– (आफन्त, आजीवन, मानव....) (ने.पृ.१८)<br>– ठीक हिज्जे भएको शब्द छानेर लेखः<br>(क) सन्तती,शन्तति, सन्तति (ने.पृ.१९)<br>– तलका बुँदाहरूका आधारमा छोटो जीवनी लेख ः (ने.पृ. २२) |
| ४ | ग्रन्थचित्र | प्रबन्ध | – पाठबाट 'य' र 'ए' लागेका दस/दस वटा शब्दहरू खोजेर लेख । (ने.पृ१९)<br>– तल दिइएका बुँदाहरूका आधारमा 'मूर्तिकला' शीर्षकमा १५० शब्दमा नघटाई एउटा प्रबन्ध लेख । (ने.पृ.३१) |
| ५. | निवेदन | निवेदन | – तल दिइएका विषयमा निवेदन लेख : (ने.पृ.३४)<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>(प्रतियोगिता, अविस्मरणीय .....) (ने.पृ.३०)<br>– पाठमा दिइएको निवेदन राम्रा अक्षरमा लेखेर शिक्षकलाई देखाऊ । (ने.पृ.३४)<br>– आफ्नो गाउँ विकास समिति वा टोलमा स्वच्छ खानेपानीको व्यवस्था मिलाइदिन अनुरोध गरी |

| | | | |
|---|---|---|---|
| | | | आफ्नो गाउँ विकास समिति/नगरपालिकाका प्रमुखलाई निवेदन लेख । (ने.पृ.३६) |
| ६ | मित्रता | कथा | – कसले कसलाई किन भनेको हो, ले :<br>(क) यीमैले पनि दुध पाएँ । (ने.पृ.४२)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) द्रोण र कृष्णलाई किन साह्रै दुःख लाग्यो । (ने.पृ.४३)<br>– तलका शब्दको अर्थ लेख :<br>(प्रगाढ, अकिञ्चन ......) (ने.पृ.४३) |
| ७. | सीप र श्रम | कविता | – तलका प्रश्नहरूको उत्तर लेखः<br>(क) कवितामा टारीभरि र बारीभरि सीप रोज किन भनिएको हो ?<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गरः<br>(सीप, पाखुरा, मुटु .........) (ने.पृ.४९)<br>– तल दिइएका शब्दलाई सच्याएर लेख :<br>(एस्तो, सोरहरू, बटुलेर ........) (ने.पृ. ४९)<br>– कविताको तेस्रो श्लोक कापीमा सारेर शिक्षकलाई देखाऊ । (ने.पृ.५०) |
| ८. | भूगोलविद् हर्क गुरुङ | जीवनी | – ठीक बेठीक छुट्याएर लेख : (ने.पृ.५५)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) हर्क गुरुङको बाल्यकाल कसरी बित्यो ? (ने.पृ.५६)<br>– तलका शब्दको अर्थ लेख :<br>(निकुञ्ज, अनुकरणीय, सजीव .....) (ने.पृ.५७)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर<br>(पर्यटन, लगनशीलता .........) (ने.पृ.५७) |

| | | | |
|---|---|---|---|
| | | | – पाठमा ऋण, उत्तीर्ण, नेपाल, निर्भिकता जस्ता 'ण' र 'न' वर्णको प्रयोग भएका धेरै शब्दहरू छन् । 'ण' र 'न' को प्रयोग भएका दस/दसवटा शब्दहरू पाठबाट खोजेर लेख ।<br>– तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊः (ने.पृ.६०) |
| ९. | प्रकृति र वातावरण | निबन्ध | – तलका प्रश्नहरूको उत्तर लेख :<br>(क) मानिसका कस्ता क्रियाकलापले गर्दा वातावरण प्रतिकूल हुन्छ ? (ने.पृ.६४)<br>– पाठको तेस्रो अनुच्छेद पढी चारवटा मुख्य बुँदाहरू टिप र सारांश लेख । (ने.पृ.६५)<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर ।<br>(वनस्पति, वातावरण .......) (ने.पृ.६६)<br>– तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेखः<br>(क) भूक्षय, भछ्य, भुक्षय(ने.पृ.६६)<br>– पाठको अन्तिम अनुच्छेदमा स्वच्छ, अस्वस्थजस्ता आधा अक्षर भएका शब्दहरू प्रयोग भएका छन् । तिमीले यस्तै आधा अक्षर प्रयोग भएका अरु पाँचवटा शब्दहरू खोजेर लेख । (ने.पृ.६६)<br>– माथिको उदाहरण हेरी पाठबाट पदयोग र पदवियोग भएका पाँच/पाँचवटा शब्दहरू खोजेर लेख (ने.पृ.६७)<br>– 'वातावरण प्रदुषण' शीर्षकमा एक सय पचास शब्दमा नघटाई एउटा प्रबन्ध लेख । (ने.पृ.६७)<br>– तिम्रो विद्यालयको वातावरण सफा र स्वच्छ |

| | | | |
|---|---|---|---|
| | | | राख्न के के गरिएको छ ? कुनै पाँचवटा बुँदा तयार गर र एउटा अनुच्छेद लेख । (ने.पृ.६७) |
| १० | एउटा घटना | | – तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख । (ने.पृ.७२)<br>– तलका शब्दको अर्थ लेख :<br>(रुचि, प्रगति, गर्व.....) (ने.पृ.७३)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>(अनौठो, बिरलै, ......) (ने.पृ.७३)<br>– 'ब' र 'व' लागेका पाँच/पाँचवटा शब्दहरू पाठबाट खोजेर लेख । (ने.पृ.७३) |
| ११ | दाजुलाई चिठी | चिठी | – ठीक उत्तर छानेर लेख : (ने.पृ.७७)<br>– तलका प्रश्नको उत्तरलेख : (ने.पृ.७७)<br>– आफ्नो विद्यालयले आयोजना गरेको कुनै कार्यक्रमको वर्णन गरी आफ्नो साथीलाई एउटा चिठी लेख । (ने.पृ.७७)<br>– तलका शब्दको अर्थ लेख :<br>(प्रतीक्षा, भविष्य, शीघ्रातिशीघ्र ...) (ने.पृ.७७)<br>– आफूले जाडो बिदाको छुट्टीमा गरेको कुनै रमणीय ठाउँको वर्णन गरी आफ्ना साथीलाई चिठी लेख । (ने.पृ.७९) |
| १२ | मेरो घर | | – उदाहरण हेरी पाठको दोस्रो श्लोकलाई वाक्यमा मिलाएर लेख : (ने.पृ.८१)<br>– तलका प्रश्नको उत्तर लेख :<br>(क) भूतलाई कुन रूपमा प्रस्तुत गरिएको छ ? (ने.पृ.८२)<br>– तलका शब्दको अर्थ लेख : |

| | | | |
|---|---|---|---|
| | | | (माघी, छठ, मारुनी, खर, धर्ती) (ने.पृ.८२)<br>– वाक्यमा प्रयोग गर :<br>(हिमाल, बिहान .......) (ने.पृ.८३)<br>– पाठबाट चन्द्रबिन्दु लागेका पाँचवटा शब्द खोजेर लेख । (ने.पृ.८३)<br>– पाठबाट चोली, चेली जस्ता शब्दको अन्त्यमा दीर्घ इकार लागेका शब्दको खोजेर कापीमा लेख । (ने.पृ.८३) |
| १३. | विज्ञान अभिशाप नभई वरदान | वादविवाद | – तलका प्रश्नको उत्तर लेख :<br>(क) आधुनिक युग मानवका निम्ति किन वरदान सावित भएको छ ? (ने.पृ.९१)<br>– तलका शब्दको अर्थ लेख :<br>– (वरदान, आक्षेप, अभिशाप, अन्तरिक्ष) (ने.पृ.९१)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>– (गल्र्यामगुर्लुम, शिष्ट, टुलुटुलु ... ) (ने.पृ.९१)<br>– तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :<br>– (क) आदर्निय, आदरणिय, आदरणीय) (ने.पृ.९३)<br>– पाठमा प्रयोग भएका शिरबिन्दु लागेका केही शब्दहरू तल दिइएका छन्, तिनलाई वाक्यमा प्रयोग गर :<br>– (हिंसा, संसार, नरसंहार, ध्वंस, संज्ञा) (ने.पृ.९३)<br>– भविष्यत् कालका क्रियापदको प्रयोग गरेर आफूले भोलि गर्नुपर्ने कामका बारेमा पाँचवटा वाक्य लेख । (ने.पृ.९३) |

| | | | |
|---|---|---|---|
| | | | – गाउँले जीवनभन्दा सहरिया जीवन वेश' भन्ने विषयको पक्षमा एउटा वादविवाद लेख । (ने.पृ. ९४) |
| १४ | साहित्यकार रविन्द्रनाथ ठाकुर | जीवनी | – उत्तर लेख :<br>– (क) रविन्द्रनाथको बाल्यकाल कसरी बितेको थियो ? (ने.पृ.९८)<br>– विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार : जस्तै : उत्कृष्ट = निकृष्ट (ने.पृ. ९९)<br>– 'विभूषण' शब्दबाट 'विभूषित' भएझैँ तलका शब्दबाट हुने रूप लेख :<br>– (रचना, प्रसार, प्रतिष्ठा .....) (ने.पृ. १००)<br>– अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :<br>– (प्रतिभा, विश्व, अभ्यास ...........) (ने.पृ. १०१)<br>– पाठको तेस्रो अनुच्छेदका क्रियापदलाई अज्ञात भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर । (ने.पृ. १०१)<br>– तलका भूतकालका सामान्य पक्षका क्रियापदलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर : ( ने.पृ.१०१)<br>– तलका विवरणका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊ : (ने.पृ.१०२)<br>– कुनै स्थानीय प्रेरक व्यक्तिको जीवनीसम्बन्धी तथ्य सङ्कलन गरेर बुँदा तयार पारी जीवनी लेख । (ने.पृ.१०२) |
| १५ | ठग समातियो | कथा | – तलका भनाइ कसले कसलाई किन भनेको हो, |

| | | | |
|---|---|---|---|
| | | | लेख :<br>– (क) पख बाबु, म पैसा लिएर आउँछु । (ने.पृ. १०६)<br>– तल दिइएका कथाका वाक्यहरूलाई पाठका आधारमा क्रम मिलाएर लेख : (ने.पृ. १०७)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>– (चकित, चिन्तित ........) (ने.पृ. १०८)<br>– पाठको तेस्रो अनुच्छेद शुद्धसँग कापीमा सार :<br>– (ने.पृ. १०८)<br>– पाठको पहिलो अनुच्छेदबाट ले, लाई, देखि जस्ता विभक्ति लागेका शब्द खोजेर लेख । (ने.पृ.१०८)<br>– माथिको पाठमा म, ऊ, तपाइँ जस्ता सर्वनाम शब्दहरू प्रयोग भएका छन् पाठबाट सर्वनाम प्रयोग भएका पाँचवटा वाक्यहरू टिप । ( ने.पृ.१०८) |
| १६ | कम्प्युटर र इन्टरनेट | प्रबन्ध | – तलका प्रश्नको उत्तर लेख :<br>– (क) कम्प्युटरलाई किन मानव मस्तिष्कसँग तुलना गरिन्छ ? (ने.पृ. ११२)<br>– तलका शब्दको अर्थ लेख :<br>– (नियन्त्रण, आर्थिक ........... ) (ने.पृ. ११३)<br>– तलका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :<br>– (क) मस्तिश्क, मस्तिष्क, मश्तिस्क (ने.पृ. ११३)<br>– पाठको पहिलो अनुच्छेद शुद्धसँग कापीमा सार :<br>– (ने.पृ. ११४)<br>– पाठको पहिलो अनुच्छेदबाट पाँचवटा विशेषण |

| | | | |
|---|---|---|---|
| | | | शब्द खोजेर लेख । (ने.पृ.११४)<br>– पाठको पहिलो अनुच्छेदबाट सामान्य भविष्यत् कालमा परिवर्तन गरी पुनर्लेखन गर । (ने.पृ. ११४) |
| १७. | हामी एउटै हौँ | एकाङ्की | – 'हामी एउटै हौँ' एकाङ्कीको मुख्यसन्देश लेख । (ने.पृ. १२०)<br>– तलका शब्दको अर्थ लेख :<br>– (माथ, तैनाथ, कर्मशील .......... ) (ने.पृ. १२०)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>– (सन्तति, चक्र, स्वतन्त्र ........... ) (ने.पृ. १२०)<br>– शुद्ध गरी सार (ने.पृ. १२०)<br>– उदाहरणमा दिए जस्तै गरी तल दिइएका निपातहरूलाई वाक्यमा प्रयोग गर : (ने.पृ. १२१)<br>– पाठमा खेलौँ, गरौँ जस्ता इच्छार्थक क्रियापदहरू प्रयोग भएका छन् । तिमीले कुनै पाँच वटा इच्छार्थक क्रियापदहरू टिप र तिनलाई वाक्यमा प्रयोग गर । (ने.पृ. १२१)<br>– पाठमा देऊ, खेल, ल्याऊ जस्ता आज्ञार्थक क्रियापदहरू प्रयोग भएका छन् । पाठमा प्रयोग भएका यस्ता क्रियापदहरू खोज र कापीमा लेख । (ने.पृ. १२१) |
| १८ | आह्वान | कविता | – कवितामा कविले भोलिको नेपालको सुन्दर चित्र कसरी उतारेका छन् ? आफ्नै शैलीमा लेख । ( ने.पृ. १२४)<br>– तलका शब्दको अर्थ लेख : |

| | | | |
|---|---|---|---|
| | | | – (पीडा, भिर, सम्भावना, बर्गत, कैलाश) (ने.पृ. १२५)<br>– पाठमा 'चल्नुपर्छ', 'जाग्नुपर्छ' जस्ता आधा अक्षर लागेका क्रियापदहरू प्रयोग भएका छन् । त्यस्तै आधा अक्षर लागेका अरु पाँचवटा क्रियापद खोजेर कापीमा सार (ने.पृ. १२५)<br>– पाठमा 'ज्वाला', 'अस्तित्व' जस्ता आधा अक्षर लागेका क्रियापद बाहेकका अरु धेरै शब्दहरू प्रयोग भएका छन् । त्यस्ता पाँचवटा शब्दहरू पाठबाट खोजेर लेख । (ने.पृ.१२६)<br>– उदाहरण हेरी अकरण क्रियापद प्रयोग गरी देशको बारेमा पाँचवटा वाक्यहरू लेख : (ने.पृ. १२६) |
| १९ | सिंह र स्यालको कथा | | – कसले कसलाई भनेको हो लेख : (ने.पृ. १३१)<br>– तलका प्रश्नहरूको उत्तर लेख :<br>– (क) भाले सिंहले स्यालको बच्चालाई किन मारेन ? (ने.पृ. १३१)<br>– अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>– (टाप कस्नु, ज्यान जोगाउनु, आगो हुनु ...) ( ने.पृ. १३२)<br>– शुद्ध गरी सार : (ने.पृ. १३२)<br>– पाठबाट प्रश्न चिह्न र उद्धरण चिह्न प्रयोग भएका दुई दुई वटा वाक्यहरू खोजेर लेख । ( ने.पृ.१३४)<br>– तलका बुँदाहरूका आधारमा छोटो कथा लेख र शीर्षक पनि देऊ : (ने.पृ.१३५) |

| | | | |
|---|---|---|---|
| २०. | नेपाली संस्कृति | निबन्ध | – उत्तर लेख :<br>– (क) नेपाललाई किन सबै जातको फुलबारी भनिएको हो ? (ने.पृ.१४०)<br>– अर्थ खुल्ने गरी वाक्य लेख :<br>– (सुवास, दानवीर ......) (ने.पृ.१४१)<br>– पाठको पहिलो अनुच्छेद कापीमा राम्रा अक्षर पारेर सार । (ने.पृ.१४२)<br>– आफूले देखेको कुनै धार्मिक स्थलको वर्णन गरी एउटा प्रबन्ध लेख । (ने.पृ. १४५)<br>– अपाङ्गता भएका व्यक्तिले पाउने विभिन्न सुविधाहरू प्राप्त गर्न गर्नुपर्ने कार्यहरूको वर्णन गर्दै एउटा प्रबन्ध तयार पार । (ने.पृ. १४५) |
| २१. | सर आइज्याक न्युटन | जीवनी | – सर आइज्याक न्युटनले गरेका आविष्कारहरूले मानव जीवनमा कस्तो प्रभाव पारेको छ ? आफ्नो विचार लेख । (ने.पृ. १५०)<br>– तलका शब्दको अर्थ लेख :<br>– (वायुघट्ट, विलक्षण ..........) (ने.पृ. ५१)<br>– अर्थस्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :<br>– (अनुसन्धान, विलक्षण ....... ) (ने.पृ. १५१)<br>– सच्याएर कापीमा सार :<br>– (आविष्कार, विभूषित ............. ) (ने.पृ. १५२)<br>– पाठबाट श, ष, स प्रयोग भएका पाँच पाँचवटा शब्दहरू खोजेर लेख । (ने.पृ. १५२)<br>– पद सङ्गति मिलाई पुनर्लेखन गर : (ने.पृ. १५४) |

| | | | |
|---|---|---|---|
| | | | – तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी लेख : (ने.पृ. १५५) |
| २२ | स्वाभिमान | | – तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख (ने.पृ.१६०)<br>– तलका टुक्कालाई उदाहरणमा देखाएजस्तै गरी वाक्यमा प्रयोग गर : (ने.पृ. १६१)<br>– पाठबाट 'ण', 'श', 'ष', 'स' भएका शब्दहरू खोजेर लेख । (ने.पृ. १६१)<br>– पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर शुद्धसँग लेख । (ने.पृ. १६१)<br>– रेखाङ्कित अक्षरका शब्द उच्चारण गरी 'य' र 'ए' बीचको फरक बुझ र कापीमा सार : (ने.पृ. १६१)<br>– तलका वाक्यमा भएका 'य' र 'ए' सम्बन्धी अशुद्धि सच्याएर लेख : (ने.पृ. १६१) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकको अभ्यासअन्तर्गत लेखाइ सीपलाई बाइसवटै पाठमा समावेश गरिएको पाइन्छ । सुनाइ, बोलाइ, पढाइ सीपका अभ्यासहरू भन्दा लेखाइ सीपका अभ्यासहरू बढी रहेको पाइन्छ । लिखित अभिव्यक्ति क्षमताको विकास गर्न हरेक अभ्यासमा यस सीपलाई समावेश गरिएको पाइन्छ ।

### ६.१.५ सुनाइ र पढाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चार सीपमध्ये सुनाइ र पढाइ आदानात्मक सीप अन्तर्गत पर्दछ । भाषाका चार सीपहरू एकअर्कामा परिपूरक र अन्तरसम्बन्धित रहेका हुन्छन् । त्यसैले

सुनाइ र पढाइ सीपलाई एककालिक ढाँचामा अभ्यासमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २८**

**सुनाइ र पढाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| | भाग्य | | – माथिको पाठ पालैपालो एक/एक अनुच्छेद पढेर कक्षामा सुनाऊ । (ने.पृ. ९) |
| २ | देवकुमारी थापा | जीवनी | – पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन : (ने.पृ. १७)<br>– कक्षामा 'मित्रता' कथा पालैपालो पढेर सुनाऊ । (ने.पृ. ४२) |
| | मित्रता | | – कक्षामा 'मित्रता' कथा पालैपालो पढेर सुनाऊ । (ने.पृ.४२) |
| | मेरो घर | | – मेरो घर कविता कक्षामा शिक्षकले पढेको सुन र सामूहिक रूपमा लय हालेर पढ । (ने.पृ. ८१) |
| | विज्ञान अभिशाप नभइ वरदान | | – 'विज्ञान अभिशाप नभई वरदान' भन्ने पाठलाई उद्घोषकसहित अरु चारजना पात्रले हाउभाउसहित पालैपालो पढेर कक्षामा सुनाऊ । (ने.पृ.९०) |
| ३ | साहित्यकार रविन्द्रनाथ ठाकुर | | – प्रस्तुत पाठ कक्षामा पालैपालो पढ र सुन । ( ने.पृ.९८) |
| ४. | कम्प्युटर र इन्टरनेट | | – कक्षामा आलोपालो गरी पाठ पढेर सुनाऊ । ( ने.पृ.११२) |
| | आह्वान | | – पाठमा दिइएको कविता लय मिलाई वाचन गरेर सबैलाई सुनाऊ । (ने.पृ.१२३) |

| | | | |
|---|---|---|---|
| | सिंह र स्यालको कथा | | – पाठ पालैपालो पढेर कक्षामा सुनाऊ । ( ने.पृ.१३०) |
| | नेपाली संस्कृति | | – कक्षामा पाठ पालैपालो पढेर सुनाऊ । (ने.पृ. १३९) |
| | सर आइज्याक न्युटन | | – शुद्धसँग उच्चारण गरेर कक्षामा सुनाऊ :<br>– (ल्होसार, चराचुरुङ्गी …………) (ने.पृ. १०१) |
| | स्वाभिमान | | – स्वाभिमान कथा पालैपालो पढेर कक्षामा सुनाऊ । (ने.पृ. १६०) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको नमुना अभ्यासमा बाह्रवटा पाठमा सुनाइ र पढाइ सीपलाई एकीकृत गरेर पाठमा समावेश गरिएको पाइन्छ । यी दुई सीप बोधात्मक सीपअन्तर्गत पर्दछन् । यस बाहेक अन्य दसवटा पाठमा यी दुई सीपलाई एकीकृत गरेर अभ्यासमा समावेश गरेको देखिँदैन । त्यसकारण सुनाइ र पढाइ सीपसम्बन्धी अभ्यास बाँकी पाठको नमुना अभ्यासमा पनि समावेश गरिनुपर्ने देखिन्छ । जस्तै : तलका शब्द शिक्षकले भनेको सुन र आफूले पनि त्यस्तै गरी पढ : साह्रै, छट्टु, कन्जुस आदि ।

### ६.१.६ बोलाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चार सीपमध्ये बोलाइ र लेखाइ प्रदानात्मक सीपअन्तर्गत पर्दछन् । यी सीप पनि एकआपसमा परिपूरक र अन्तरसम्बन्धित रहेका हुन्छन् । त्यसैले बोलाइ र लेखाइ सीपलाई एककालिक नमुना अभ्यासमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

## तालिका नं. २९

## बोलाइ र लेखाइ सीपसँग सम्बन्धित **नमुना** अभ्यास

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| | निवेदन | | – शुद्धसँग उच्चारण गर र कापीमा सार । (ने.पृ. ३४) |
| | भूगोलविद् हर्क गुरुङ | | – तलका शब्दहरू शुद्धसँग उच्चारण गर र कापीमा सार । (ने.पृ. ५७) |
| | एउटा घटना | | – तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>– (प्रदर्शन, विजय, गम्भीर .....) (ने.पृ.७३) |
| | मेरो घर | | – शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>– (ढुङ्गा, शीतल, मस्जिद ........)(ने.पृ. ८३) |
| ३ | विज्ञान अभिशाप नभई वरदान | | – शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>– (आविष्कार, यातायात, सङ्कट .....) (ने.पृ. ९२) |
| | साहित्यकार रविन्द्रनाथ ठाकुर | | – शुद्ध उच्चारण गर र कापीमा सार :<br>– (बौद्धिक, प्राणी, अनमोल, गहकिलो .....) (ने.पृ. १००) |
| ४. | कम्प्युटर र इन्टरनेट | | – शिक्षकको सहयोग लिएर शुद्धसँग उच्चारण गर र कापीमा सार :<br>– (निर्दिष्ट, स्थानान्तरण, गतिविधि .......) (ने.पृ. ११३) |
| | स्वाभिमान | | – आँखा, आउँछ जस्ता चन्द्रबिन्दु लागेका पाँचवटा शब्दहरू लेख र शुद्धसँग उच्चारण गर । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबको नमुना अभ्यासमा बोलाइ र लेखाइ सीपलाई जम्मा नौवटा पाठमा मात्र एकीकृत गरेर पाठमा समावेश गरिएको

पाइन्छ र अन्य तेह्रवटा पाठमा बोलाइ र लेखाइ सीपका नमुना अभ्यासहरूलाई एकीकृत गरेर नमुना अभ्यासमा समावेश गरेको देखिँदैन । त्यसकारण बोलाइ र लेखाइ सीपसम्बन्धी नमुना अभ्यासलाई बढी समावेश गर्नुपर्ने देखिन्छ । जस्तै : तिमीले जानेको कथा भन र त्यसलाई लेखेर शिक्षकलाई देखाऊ ।

### ६.१.६ बोलाइ र सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चारवटै सीप एकअर्काका परिपूरक र अन्तरसम्बन्धित भएकाले बोलाइ र सुनाइ सीपलाई एकीकृत गरेर नमुना अभ्यासमा समावेश गरेको पाइन्छ । यी दुई सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ३०**

**बोलाइ र सुनाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| | ग्रन्थचित्र | | – आफूले जानेको, सुनेको वा देखेको कुनै कलाका बारेमा एक सय शब्द नघटाई वर्णन गर । ( ने.पृ.३१) |
| | एउटा घटना | | – 'एउटा घटना' कथामा अहिलेका विद्यालय स्तरका विद्यार्थीहरूको कस्तो मनोविज्ञानको विश्लेषण गर्न खोजिएको छ, वर्णन गर । (ने.पृ. ७२)<br>– तिम्रा अभिभावकलाई सोधी एउटा कथा तयार पार र कक्षामा साथीलाई सुनाऊ : (ने.पृ. ७४) |
| | विज्ञान अभिशाप नभई वरदान | | – गोपाल बुढा मगरले बोलेका कुराहरू शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर देऊ : (ने.पृ.९२) |
| | साहित्यकार रविन्द्रनाथ ठाकुर | | – पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर भन : (ने.पृ.१००) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासमा भाषाका चारै सीपमध्ये सुनाइ र बोलाइ सीपलाई एकीकृत गरेर प्रस्तुत गरिएको पाइन्छ ।

चौथो, दसौं, तेह्रौं र चौधौं पाठमा यी दुई सीपलाई एकीकृत गरेर राखिएको छ भने अन्य पाठमा यी दुई सीपलाई एकीकृत गरेर अभ्यासमा समावेश गरेको देखिँदैन । त्यसकारण बोलाइ र सुनाइसम्बन्धी नमुना अभ्यासलाई अन्य पाठमा पनि समावेश गरिनुपर्ने देखिन्छ ।

### ६.१.७ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चारवटै सीप एकअर्काका अन्तरसम्बन्धित रहेका हुन्छन् । त्यसैले यस पाठ्यपुस्तकको नमुना अभ्यासमा पढाइ  र लेखाइलाई एकीकृत रूपमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग लेखाइलाई एकीकृत रूपमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ३१**

**पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| | देवकुमारी थापा | | – पाठको तेस्रो अनुच्छेद पढी चार वटा बुँदाहरू टिपेर सारांश लेख । (ने.पृ.१८) |
| | ग्रन्थचित्र | | – शिक्षकबाट सुनेर लेख :<br>– (फोटोग्राफी, रङ्गीन चित्र ......) (ने.पृ. २९) |
| | मित्रता | | – उदाहरण हेरी अन्य सामग्रीकाे अध्ययन गरी ऋ र रि लागेका पाँच/पाँच वटा शब्दहरू टिप : ( ने.पृ.४४) |
| | भूगोलविद् हर्क गुरुङ | | – पाठको सातौं अनुच्छेद राम्ररी पढेर चार वटा मुख्य बुँदा टिप र एक तृतीयांशमा सारांश ले । ( |

| | | | |
|---|---|---|---|
| | | | ने.पृ. ५६) |
| | प्रकृति र वातावरण | | – पाठको तेस्रो अनुच्छेद पढी चार वटा मुख्य बुँदाहरू टिप र सारांश लेख । (ने.पृ. ६५) |
| | एउटा घटना | | – तल दिइएका शब्दहरू पढ र वर्णको भिन्नताले हुने फरक अर्थ शिक्षकलाई सोधेर बुझ र लेख :<br>– (झ्याल, स्याल, न्याल, ख्याल) (ने.पृ.७३) |
| | दाजुलाई चिठी | | – दाजुलाई चिठी पाठ पढेपछि प्रत्युत्तर दिँदै भाइलाई एउटा चिठी लेख । (ने.पृ.७७) |
| | विज्ञान अभिशाप नभई वरदान | | – विज्ञान वरदान हो भन्ने पक्षमा बोल्ने दुवै वक्ताका तर्कहरू राम्ररी पढेर पाँचवटा बुँदा टिप र सारांश लेख । (ने.पृ.९१) |
| | ठग समातियो | | – पाठ राम्ररी पढी ठीक शब्द खोजेर खाली ठाउँमा भर : (ने.पृ.१०६) |
| | कम्प्युटर इन्टरनेट | | – तलका वाक्यहरू पढ र संयोजक टिप : (ने.पृ. ११४) |
| | आह्वान | | – पाठमा दिइएको कविता राम्ररी पढी त्यस्तै शैलीमा 'म विद्यार्थी' शीर्षकमा कविता लेखेर शिक्षकलाई देखाऊ । (ने.पृ.१२६) |
| | स्वाभिमान | | – दिइएका शब्दहरू पढी तलको तालिकामा मिल्ने ठाउँमा भर (ने.पृ.१६२)<br>– दिइएका क्रियापदहरू पढी तालिकामा मिल्ने ठाउँमा भर : (ने.पृ. १६२) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासमा भाषाका चारै सीपमध्ये पढाइ र लेखाइ सीपलाई एकीकृत गरेर प्रस्तुत गरिएको पाइन्छ । तेस्रो, चौथो, छैठौं, आठौं, नवौं, दसौं, एघारौं, तेह्रौ, पन्ध्रौ, अठारौं,

उन्नाइसौं पाठमा यी दुई सीपलाई एकीकृत गरेर राखिएको छ भने अन्य पाठमा यी दुई सीपलाई एकीकृत गरेर अभ्यासमा समावेश गरेको देखिँदैन । त्यसकारण पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास अन्य पाठमा पनि समावेश गरिनुपर्ने देखिन्छ ।

### ६.१.८ सुनाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चारवटै सीप एकअर्काका अन्तरसम्बन्धित रहेका हुन्छन् । त्यसैले यस पाठ्यपुस्तकको नमुना अभ्यासमा सुनाइ र लेखाइलाई एकीकृत रूपमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग लेखाइलाई एकीकृत रूपमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ३२**

**सुनाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| | नेपाल | | – तिम्रो कक्षाकोठामाा भएका दसवटा वस्तुका नाम शब्द लेखेर कक्षामा सुनाऊ । (ने.पृ.५ |
| | भाग्य | | – तिमीले सुनेको वा पढेको कुनै कथा लेखेर कक्षामा सुनाऊ । (ने.पृ.१३) |
| | देवकुमारी थापा | | – पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ.१९) |
| | ग्रन्थचित्र | | – शिक्षकबाट सुनेर लेख : (ने.पृ.२९) |
| | भूगोलविद् हर्क गुरुङ | | – पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ.५७)<br>– पाठको चौथो अनुच्छेद शिक्षकबाट सुन र तलका प्रश्नको उत्तर भन :<br>– (क) हर्क गुरुङ कुन कुन काममा रुचि राख्थे ? (ने.पृ.५६) |

| | | | |
|---|---|---|---|
| | प्रकृति र वातावरण | | – पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ.६६) |
| | एउटा घटना | | – तिमीले सुनेको कथाको आधारमा कम्तीमा दसवटा बुँदाहरू टिप र छुट्टै शीर्षक राखेर एउटा कथा तयार पार । (ने.पृ.७४) |
| | दाजुलाई चिठी | | – पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुन र लेख । (ने.पृ.७८) |
| | मेरो घर | | – कविताको तेस्रो श्लोक शिक्षकबाट सुनेर लेख । (ने.पृ.८३) |
| | विज्ञान अभिशाप नभई वरदान | | – विज्ञान वरदान हो भन्ने पक्षमा बोल्ने वक्ताका तर्कहरू राम्ररी पढेर पाँचवटा बुँदा टिप र सारांश लेख । (ने.पृ.९१) |
| | साहित्यकार रविन्द्रनाथ ठाकुर | | – पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर भन : (ने.पृ.१००) |
| | ठग समातियो | | – पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख( ने.पृ.१०८)<br>– घर परिवारअथवा छिमेकीहरूबाट सुनेको कुनै कथा लेख र कक्षामा सुनाऊ । (ने.पृ.१०८) |
| | हामी एउटै हौँ | | – शिक्षाकबाट सुनेर लेख : (ने.पृ.१२१) |
| | आह्वान | | – 'आह्वान'कविताका अन्तिम दुई हरफ शिक्षकबाट सुनेर लेख । (ने.पृ.१२५) |
| | सिंह र स्यालको कथा | | – पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख । (ने.पृ.१३२)<br>– तिमीले सुनेको कुनै एउटा लोककथा लेखेर कक्षामा साथीहरूलाई सुनाऊ (ने.पृ. १३५) |

| | | | |
|---|---|---|---|
| | नेपाली संस्कृति | | – पाठको चौथो अनुच्छेद शिक्षकबाट सुनेर लेख । ( ने.पृ.१४२) |
| | सर आइज्याक न्युटन | | – शिक्षकबाट सुनेर लेख :<br>– (प्रिन्सिपल, टेलिस्कोप, प्रिज्म .....) (ने.पृ.१५१) |
| | स्वाभिमान | | – पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर शुद्धसँग लेख । |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासमा भाषाका चारै सीपमध्ये सुनाइ र लेखाइ सीपलाई एकीकृत गरेर प्रस्तुत गरिएको पाइन्छ । उन्नाइस वटा पाठमा यी दुई सीपलाई एकीकृत गरेर राखिएको छ भने अन्य पाठमा यी दुई सीपलाई एकीकृत गरेर अभ्यासमा समावेश गरेको देखिँदैन । त्यसकारण सुनाइ र लेखाइसम्बन्धी नमुना अभ्यास अन्य पाठमा पनि समावेश गरिनुपर्ने देखिन्छ ।

### ६.१.९ पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यासको विश्लेषण

भाषाका चारवटै सीप एकअर्काका अन्तरसम्बन्धित रहेका हुन्छन् । त्यसैले यस पाठ्यपुस्तकको नमुना अभ्यासमा पढाइ र लेखाइलाई एकीकृत रूपमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग लेखाइलाई एकीकृत रूपमा समावेश गरिएको पाइन्छ । यी दुई सीपसँग सम्बन्धित नमुना अभ्यासलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ३३**

**पढाइ र लेखाइ सीपसँग सम्बन्धित नमुना अभ्यास**

| पाठ | पाठ शीर्षक | विधा | अभ्यास |
|---|---|---|---|
| | निवेदन | | – पढ, बुझ र तल सोधिएका प्रश्नको उत्तर देऊ । (ने.पृ.३५) |
| | मित्रता | | – पाठको तेस्रो अनुच्छेद पढेर तल सोधिएका |

| | | | |
|---|---|---|---|
| | | | प्रश्नको उत्तर भन : (ने.पृ.४२) |
| | साहित्यकार रविन्द्रनाथ ठाकुर | | – पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर भन : (ने.पृ.१००) |

प्रस्तुत तालिकाअनुसार कक्षा आठको नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासमा भाषाका चारै सीपमध्ये पढाइ र लेखाइ सीपलाई एकीकृत गरेर प्रस्तुत गरिएको पाइन्छ । पाँचौ, छैठौं र चौधौं पाठमा यी दुई सीपलाई एकीकृत गरेर राखिएको छ भने अन्य पाठमा यी दुई सीपलाई एकीकृत गरेर नमुना अभ्यासमा समावेश गरेको देखिँदैन ।

समग्रमा भन्नुपर्दा सीपगत आधारमा पाठ्यपुस्तकमा समावेश नमुना अभ्यासहरूले विद्यार्थीहरूमा सबै सीप हासिल गर्ने उद्देश्य राखिएको पाइन्छ । तर चारै सीपलाई सबै पाठमा समावेश गरेको भने देखिँदैन । त्यसकारण पढाइ र बोलाइ सम्बन्धित नमुना अभ्यासहरू अत्यन्तै थोरै मात्र राखिएको देखिन्छ । बोध र अभिव्यक्ति दुवै पक्षलाई नमुना अभ्यासमा समावेश गरिएको भने पाइन्छ ।

## ६.२ सुझावहरू

कुनै पनि काम गर्दा त्यस कामको सबल र दुर्बल दुवै पक्ष रहेका हुन्छन् । त्यस्ता सबल पक्षहरूलाई हामीले आत्मसाथ गर्दै दुर्बल पक्षलाई सुधार गर्दै जानु अत्यन्तै फलदायी हुन आउँछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा दुर्बल वा कमजोर पक्षलाई सुधार गर्न केही सुझावहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ । यी सुझावले अनुसन्धान, पाठ्यपुस्तक निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तक निर्माता, शिक्षक विद्यार्थी तथा सम्बद्ध सबै पक्षलाई सकारात्मक सहयोग पुऱ्याउने आशा गरिएको छ । यस्ता सुझावहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१) नमुना अभ्यासहरूलाई क्रियाकलापमुखी र भाषिक सीप विकासमा केन्द्रित गराउनु उचित देखिन्छ ।

२) भाषिक सीपसँग सम्बन्धित नमुना अभ्यासहरूलाई सबै पाठहरूमा सन्तुलन मिलाउनु उपयुक्त देखिन्छ ।

३) भाषातत्त्वसम्बन्धी नमुना अभ्यासको प्रस्तुतीलाई क्रमबद्ध र उपयुक्त स्तरणमा प्रस्तुत गरिनु आवश्यक मानिन्छ ।

४) नमुना अभ्यासहरूलई सरलदेखि जटिलताको क्रममा सबै पाठमा समावेश गर्नु राम्रो हुनेछ ।

५) नमुना अभ्यास गराउँदा विद्यार्थी स्वयम्लाई संलग्न गर्ने खालका अभ्यास राख्नु प्रभावकारी मानिन्छ ।

६) पढाइ र बोलाइ सीप विकास गर्ने नमुना अभ्यास थप गर्नुपर्ने देखिन्छ ।

७) विद्यार्थीहरूमा समूह कार्य गर्ने खालका नमुना अभ्यासहरू पनि समेट्नु पर्ने देखिन्छ ।

८) शब्दभण्डारका नमुना अभ्यासहरू पाठअनुकूल समावेश गर्नुपर्दछ ।

९) नमुना अभ्यासमा उखानटुक्काको प्रयोगलाई पनि समावेश गर्नुपर्ने देखिन्छ ।

१०) सबै विधाका पाठहरूमा नमुना अभ्यासको सङ्ख्या समान रूपमा मिलाएर राख्नुपर्दछ । कुनैमा धेरै कुनैमा थोरै नमुना अभ्यास राख्ने प्रवृत्तिलाई हटाउनुपर्ने देखिन्छ ।

११) भाषिक सीपसम्बन्धी अभ्यासलाई समानुपातिक ढङ्गले समावेश गरिनुपर्ने देखिन्छ ।

१२) भाषासम्बन्धी अभ्यास विद्यार्थीको स्तरअनुरूप समावेश गर्नुपर्ने देखिन्छ ।

१३) सबै पाठमा सबै किसिमका भाषिक सीपलाई समेट्ने अभ्यासहरू राख्नु उपयुक्त हुने देखिन्छ ।

१४) दोस्रोभाषी विद्यार्थीलाई मध्यनजर गर्दै पाठ्यपुस्तकमा दोस्रो भाषा सिकाइसम्बन्धी सामग्री राख्नु राम्रो देखिन्छ ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा कमजोरीहरू मात्र नभर कतिपय पक्षहरू राम्रा पनि देखिन्छन् । समस्या र कमजोरीलाई मनन गर्दै पाठ्यपुस्तक परिमार्जन र परिमार्जन गर्ने सङ्ख्या तथा व्यक्तिहरूले उक्त कुराको सुधार गर्ने र राम्रा कुरालाई यथावत् राख्न सकेमा पाठ्यपुस्तक स्तरीय, समसामयिक र उपयुक्त हुन्छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

### ७.१ सारांश

पाठ्यक्रमका निर्धारित उद्देश्यहरू पूरा गर्न तयार गरिएको एक उपयोगी शैक्षिक सामग्री नै पाठ्यपुस्तक हो । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने, कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने आदि कुराको उत्तर दिन्छ भने पाठ्यक्रमले तोकेको के र कति सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन तथा प्रस्तुति भाषा पाठ्यपुस्तकमा गरिएको हुन्छ । भाषा पाठ्यक्रमको मुख्य उद्देश्य भाषिक सीपमा दक्ष बनाउनु हुन्छ । पाठ्यक्रमले उद्देश्यहरूको निर्धारण गरिसकेपछि ती उद्देश्य पूरा गराउन विद्यार्थीको उमेर, स्तर, पूर्व ज्ञान, रुचि आदिलाई ख्याल गर्दै पाठ्यपुस्तकमा विषयवस्तुको छनोट गर्नुपर्दछ ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७२ सालमा परिवर्तित प्रथम संस्करणको रूपमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट '**नमुना अभ्यासका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकको अध्ययन**' शीर्षकमा शोधकार्य केन्द्रित गरिएको छ । प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैटौं र सातौं गरी जम्मा सातवटा अध्याय र प्रत्येक अध्यायलाई विभिन्न शीर्षक/उपशीर्षकमा विभाजन गरिएको छ ।

यस अध्ययनको अध्याय एकमा शोध परिचय रहेको छ । जसअन्तर्गत पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, शोधको औचित्य र सीमाङ्कन जस्ता उपशीर्षकहरू रहेका छन् ।

अध्याय दुईमा सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेको छ । यसअन्तर्गत सम्बन्धित साहित्यका अध्ययन र सैद्धान्तिक अवधारणाभित्र अन्य विविध उपशीर्षकहरू रहेका छन् ।

अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया शीर्षक रहेको छ । यसअन्तर्गत अध्ययन विधि, तथ्य सङ्कलन प्रक्रिया, व्याख्या विश्लेषण र शोधको रूपरेखा रहेका छन् ।

अध्याय चारमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपताका आधारमा नमुना अभ्यासको पहिचान शीर्षक रहेको छ । यसअन्तर्गत भाषिक सीपका आधारमा नमुना अभ्यासहरूलाई छुट्याइएको छ । त्यसका साथसाथै पाठ्यक्रमले निर्धारण गरेबमोजिमका भाषिक सक्षमताका आधारमा नमुना अभ्यासहरूलाई पाठमा राखिएको छ कि छैन भन्ने कुराको अध्ययन पनि गरिएको छ ।

अध्याय पाँचमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा पाठगत आधारमा नमुना अभ्यासको अध्ययन गरिएको छ । यसअन्तर्गत प्रत्येक पाठको पछाडि रहेका नमुना अभ्यासहरूको विश्लेषण गरिएको छ ।

अध्याय छमा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा भाषिक सीपका दृष्टिले नमुना अभ्यासको विश्लेषण गरिएको छ । यसअन्तर्गत प्रत्येक पाठको नमुना अभ्यासमा सुनाइ, बोलाइ, पढाइ र लेखाइका नमुना अभ्यासहरू समावेश गरिएको छ कि छैन र सुनाइ र बोलाइ, सुनाइ र पढाइ, पढाइ र लेखाइ, लेखाइ र सुनाइ, पढाइ र बोलाइजस्ता भाषिक सीपका अभ्यासहरूलाई मिलाएर नमुना अभ्यास निर्माण गरिएको छ कि छैन त्यसको अध्ययन गरिएको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगितालाई प्रस्तुत गरिएको छ भने यसपछि अध्ययनका क्रममा प्रयोग भएका सन्दर्भ पुस्तक तथा शोधपत्रहरूको सूची राखिएको छ ।

## ७.२ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको कक्षा आठको नेपाली पाठ्यपुस्तक नेपालका विभिन्न विद्यालयमा लागू गरिएको छ । यो किताब सरकारी विद्यालयमा अनिवार्य रूपमा लागू गरिएको छ । पाठ्यपुस्तक कक्षा आठको भाषा

पाठ्क्रमअनुरूप तयार छ/छैन ? पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरू पाठ्यक्रमअनुरूप छन् कि छैनन् ? भनी यो शोधकार्यमा अध्ययन गरियो ।

कुनै पनि पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप तयार पारिएको छ/छैन भनी अध्ययन गर्नु जटिल कार्य हो । वर्तमान समय सन्दर्भ परिवर्तित कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा शुद्धोच्चारण र लयवाचन, भावबोध र पठनबोध, मौखिक वर्णन र श्रुति वर्णन, लिखित अभिव्यक्ति र अनुलेखन, शब्दभण्डार र व्याकरणलाई पाठ्यवस्तुको छनोटका रूपमा लिइएको छ । यी पाठ्यवस्तुले पाठ्यक्रमले राखेका उद्देश्यहरू परिपूर्ति गर्न सहयोग मिल्ने देखिन्छ । छनोट गरिएका पाठ्यवस्तुमध्ये सबै पाठमा शुद्धोच्चारण र लिखित अभिव्यक्तिलाई प्रायः सबै पाठहरूमा समावेश गरिएको पाइन्छ । त्यस्तै लयवाचन पनि सबै कवितामा राखिएको पाइन्छ । बाँकी छनोट गरिएका पाठ्यवस्तु सबै पाठमा क्रमअनुसार समावेश गरिएको पाइँदैन । त्यसैले छनोट गरिएका पाठ्यवस्तुलाई क्रमअनुसार सबै पाठमा समावेश गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी यस वर्तमान कक्षा आठको नेपाली पाठ्यपुस्तकमा जम्मा बाइसवटा पाठहरू समावेश गरिएको पाइन्छ । जसमा चारवटा कविता, छवटा कथा, चारवटा जीवनी, चारवटा निबन्ध, दुईवटा निवेदन र एकवटा रूपक विधा समावेश गरिएको पाइन्छ । यी प्रत्येक विधाको पछाडि नमुना अभ्यासलाई समान रूपमा प्रस्तुत गरिएको छैन । कुनै पाठमा अभ्यासहरूको सङ्ख्या उन्नाइस छ भने कुनैमा चौबीस/पच्चीस वटासम्म राखिएको छ ।

त्यसैगरी भाषा पाठ्यपुस्तकमा भाषिक सीप शिक्षणका निम्ति राखिएका नमुना अभ्यासमा भाषाका चारै सीपलाई समावेश गरिएको पाइन्छ । सबै पाठको नमुना अभ्यासमा भाषाका चारैवटा सीपलाई ख्याल गरेर नमुना अभ्यासहरूको निर्माण गरिएको छैन । कुनै पाठको नमुना अभ्यासमा सुनाइ क्षमताको विकास हुने नमुना अभ्यास राखिएको छैन भने कुनैमा बोलाइ क्षमताको विकास हुने नमुना अभ्यास राखिएको छैन तर लेखाइ क्षमताका नमुना अभ्यासहरू प्रायः सम्पूर्ण पाठको नमुना अभ्यासमा समावेश गरिएको छ । यी चार सीप एकअर्काका परिपूरक र अन्तरसम्बन्धित हुने हुनाले यी सीपहरूलाई प्रत्येक पाठको नमुना अभ्यासमा राख्न त राखिएको छ तर कुनै पाठमा

पढाइ र बोलाइसम्बन्धी नमुना अभ्यास समावेश गरिएको छैन भने कुनैमा पढाइ  र लेखाइसम्बन्धी नमुना अभ्यासहरूको समावेश गरिएको छैन, कुनै पाठको नमुना अभ्यासमा बोलाइ र सुनाइसम्बन्धी सीपको नमुना अभ्यास निर्माण गरिएको छैन । त्यसैले यी सीपलाई एककालिकताको ढाँचा प्रयोग गरी नमुना अभ्यासमा समावेश गरिनुपर्ने देखिन्छ ।

समग्रमा यस पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासलाई पाठ्यक्रमअनुरूपताका आधारमा, पाठगत आधारमा र भाषिक सीपगत आधारमा नमुना अभ्यासहरूलाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । जुन निम्नानुसार उल्लेख गरिएको छ :

१) नि.मा.वि. तहको पाठ्यक्रमले कक्षा आठ भाषिक सीप सुनाइ, बोलाइअन्तर्गत मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन सक्ने भन्ने उद्देश्यअनुरूप पाठ्यपुस्तकमा यससँग सम्बन्धित नमुना अभ्यास राखिएको पाइँदैन ।

२) पाठ्यक्रममा पढाइ सीपअन्तर्गत, विभिन्न मुद्रित विद्युतीय सामग्री रुचिपूर्वक पढ्ने भन्ने उद्देश्य परिपूर्तिको लागि कुनै नमुना अभ्यासमा राखिएको पाइँदैन ।

३) विभिन्न प्रयोजनका सामग्रीहरूको मौनवाचन गर्न भन्ने उद्देश्य राखे पनि पाठ्यपुस्तकमा उद्देश्यअनुरूप नमुना अभ्यास राखिएको पाइँदैन ।

४) पाठ्यक्रमले शब्दकोशको प्रयोग गर्ने उद्देश्य राखे पनि पाठ्यपुस्तकमा शब्दकोशको प्रयोगसम्बन्धी नमुना अभ्यास राखिएको पाइँदैन ।

५) पाठ्यपुस्तकभित्र जम्मा ९१९ वटा नमुना अभ्यासहरू राखिएको पाइन्छ ।

६) केही विषयवस्तु विद्यार्थीको स्तर र रुचिअनुरूप भएको पाइयो ।

७) पाठ्यपुस्तकमा सीपगत नमुना अभ्यासहरू समान प्रस्तुत भएको पाइँदैन ।

८) पाठ्यपुस्तकमा राखिएका सीपगत नमुना अभ्यासहरूमा स्पष्ट निर्देशन नदिएकाले अन्यौल गराउन सक्ने देखिन्छ ।

९) भाषातत्त्वअन्तर्गत पाठहरूपछि राखिएका नमुना अभ्यास सामान्य नियम, उदाहरण पाठ्यक्रमअनुरूप नै राखिएका छन् । यस्ता नमुना अभ्यासहरूको सङ्ख्या केही थप गरेमा पाठ्यपुस्तक उपयोगी बन्न सक्दछ ।

१०) पाठ्यक्रमले कार्यमूलक व्यााकरण भनी व्याकरणलाई कार्यमूलक दृष्टिबाट सिकाउने अपेक्षा गरेअनुरूप नै पाठ्यपुस्तकमा कार्यमूलक ढङ्गबाट सिकाउने नमुना अभ्यासहरू राखिएको पाइन्छ ।

११) पाठ्यवस्तुअनुरूप छनोट गरिएका नमुना अभ्यासहरू विद्यार्थीहरूको स्तरअनुकूल नै देखिन्छ ।

१२) भाषिक सीपका दृष्टिले बोलाइ, पढाइसँग सम्बन्धित नमुना अभ्यास कम समावेश भएको देखिन्छ।

१३) पाठ्यक्रमको लेखाइ उद्देश्यअनुरूप नै अभ्यास योजनामा समावेश उत्तर लेख भन्ने प्रश्न सबै पाठमा समावेश गरिएको पाइन्छ ।

१४) पाठ्यक्रमलेलेखाइ उद्देश्यअनुरूप सबै अभ्यासमा शुद्ध गरी लेख्ने, शब्दलाई सच्याएर लेख्नेजस्ता प्रश्नहरू समावेश गरिएको पाइन्छ ।

१५) सबै विधाका पाठमा अभ्यासको सङ्ख्या समानुपातिक रहेको पाइँदैन । कुनैमा धेरै र कुनैमा थोरै रहेको पाइन्छ ।

१६) सङ्ख्यात्मक दृष्टिकोणले भाषिक सीपका आधारमा नमुना अभ्यासलाई हेर्दा बोधात्मक अभ्यासभन्दा अभिव्यक्ति अभ्यासको बाहुल्यता देखिन्छ ।

१७) व्याकरणात्मक नमुना अभ्यासमा बढी मात्रामा वस्तुगत प्रश्नलाई समावेश गरेको पाइन्छ ।

१८) व्याकरण खण्डमा दिइएका नमुना अभ्यासहरू सैद्धान्तिक भन्दा प्रयोगात्मक भएको देखिन्छ ।

१९) पाठ्यक्रममा समाविष्ट गरिएका कतिपय व्याकरणिक पक्षलाई पाठ्यपुस्तकमा सतही रूपमा मात्र समावेश गरिएको पाइन्छ ।

२०) पाठ्यक्रममा रहेका विभक्ति नियम, विसर्गको पहिचान र प्रयोगलाई पाठ्यपुस्तकमा समावेश गरेको पाइँदैन ।

२१) उच्चारण, वर्णविन्यास र लेख्यचिह्नहरूको सहयोगले विद्यार्थीहरूमा भाषिक शुद्धतामा मद्दत पुग्ने देखिन्छ ।

## ७.३ अध्ययनको उपयोगिता

कुनैपनि विषय र क्षेत्रसँग सम्बन्धित रहेर त्यसपश्चात् के विषयमा, कुन कुन विषय, कुन कुन पक्षमा रहेर शोधकार्य सम्पन्न गर्न सकिन्छ जस्ता विषयवस्तुसँग सम्बन्धित रहेर गरिने कार्यलाई उपयोगिताभित्र समेट्न सकिन्छ । शोधार्थीले शोधकार्य सम्पन्न गर्ने क्रममा त्यसको उपयोगिता, महत्त्व, आवश्यकता तथा सबल पक्षहरू जस्ता कुराहरूलाई ख्याल गरी प्रत्यक्ष र परोक्ष रूपमा विविध व्यक्ति, समूह, समुदाय, भाषा, कला साहित्यका विभिन्न क्षेत्रहरूमा प्रेरकका रूपमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

'नमुना अभ्यासका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकको अध्ययन' शीर्षकको शोधपत्रको अध्ययन अनुसन्धानपश्चात् यसको उपयोगिता सहजै थाहा पाउन सकिन्छ । शैक्षणिक प्रक्रियाको मार्गदर्शक भनेको पाठ्यक्रम हो । पाठ्यक्रममा कुनै पनि तह वा कक्षाको शैक्षणिक गतिविधिलाई सुव्यवस्थित ढङ्गबाट सञ्चालन र सम्पन्न गर्ने उचित व्यवस्था मिलाइएको हुन्छ । यसै पाठ्यक्रमका आधारमा नै सम्बन्धित कक्षाका पाठ्यपुस्तकहरू निर्माण गरिएका हुन्छन् ।

नेपाली भाषा पाठ्यक्रमअन्तर्गत कक्षा आठको वर्तमान पाठ्यपुस्तकभित्र समाविष्ट नमुना अभ्यास पाठ्यक्रमले राखेका उद्देश्यअनुरूप छन्/छैनन् जस्ता कुराहरूमा केन्द्रित रही अनुसन्धान अगाडि बढाइएको हुँदा पाठ्यक्रमका उद्देश्यअनुरूप पाठ्यपुस्तक निर्माण गरिएको, नगरिएको, उद्देश्य प्राप्तिमा पाठ्यपुस्तक सक्षम रहेको वा नरहेको जस्ता पक्षका बारेमा यस अनुसन्धानबाट थाहा पाइने हुँदा भाषाका विषयवस्तुमा यस्ता अनुसन्धानात्मक शीर्षकको उपादेयता रहने देखिन्छ । समाविष्ट नमुना अभ्यासहरूको अध्ययन शीर्षकमा यस शोधपत्रको उपयोगितालाई निम्नानुसार देखाउन सकिन्छ :

### ७.३.१ नीतिगत तह

प्रस्तुत अध्ययन अनुसन्धानबाट विभिन्न किसिमका नीति, नियम एवम् कार्य विधिहरू निर्माणमा सहयोग पुग्दछ । त्यसकारण नमुना अभ्यासको अध्ययनबाट पाठ्यक्रम निर्मातालाई पाठ्यक्रम निर्माण एवम् परिमार्जन गर्नमा सहयोग पुग्दछ । भाषा पाठ्यपुस्तक, पाठ्यसामग्रीहरू निर्माण गर्न उपयुक्त शिक्षण विधिको छनोट गर्न, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुका साथै मूल्याङ्कन प्रणालीमा सुधार गर्न पनि समाविष्ट नमुना अभ्यासको विश्लेषणले सहयोग पुऱ्याउँदछ । पठन कौशल, रचना कौशल, शब्दभण्डार जस्ता पक्षमा जोड दिन, सक्षमतामा आधारित भाषिक सीपगत उद्देश्य निर्धारण गरी उपयुक्त पाठ्यवस्तुको छनोट एवम् सीमाङ्कन गर्न पनि सहयोग पुऱ्याउँदछ । यस शोधकार्यले भाषा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन गर्न तर्फ अग्रसर शिक्षक, विद्यार्थी र भाषा साहित्यप्रेमीहरूलाई थप सामग्री प्रदान गर्दै अध्ययनका निम्ति हौसला प्रदान गर्दछ ।

### ७.३.२ प्रयोगगत तह

प्रस्तुत अध्ययनबाट नीतिगत रूपमा मात्र नभएर प्रयोगात्मक रूपमा पनि सहयोग पुग्दछ । तसर्थ यस अध्ययनबाट विद्यार्थीहरूलाई मौखिक तथा लिखित अभिव्यक्तिका माध्यमबाट के कस्ता त्रुटिहरू गर्दछन् भन्ने कुराको निर्क्योलले समाविष्ट अभ्यासको क्षमता कमजोर छ कि छैन सो कुराको जानकारी हुन्छ । लिखित अभिव्यक्तिका माध्यमबाट पनि भाषिक शुद्धता, वाक्यगठन क्षमता आदिका साथै विषयवस्तुसँग सम्बन्धित कुराहरूको विकास गर्न, भाषा शिक्षण गर्न, विद्यार्थीलाई नमुना अभ्यास गराउन सहयोग पुग्दछ । प्रस्तुत अध्ययनले पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्न इच्छुक शोधार्थीलाई केही मात्रामा भए पनि सामग्री उपलब्ध गराउन सहयोग पुग्दछ । यस अध्ययनले नमुना अभ्यासको पहिचान गरी त्यसको निराकरण गर्न सहयोग पुग्नेछ । विद्यार्थीहरूले कुन ठाउँमा कस्तो गल्ती गऱ्यो अथवा उसको बुझाइ कस्तो छ भन्ने कुरको जानकारी हुनुका साथै शिक्षण विधि छनोटमा पनि सहयोग पुग्दछ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६२), *समसामायिक नेपाली व्याकरण,* (पाँ.सं), काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०७०), *निम्न माध्यमिक शिक्षण दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी हेमाङ्गराज र भट्टराइ बद्री विशाल (२०७१), *प्रयोगात्मक नेपाली शब्दकोश (द्वि सं) ।* काठमाडौं : विद्यार्थी प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०७१), *प्रारम्भिक नेपाली शिक्षण, (पाँ.सं)* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, पार्वती (२०५९), *कक्षा नौको नेपाली भाषाको पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कँडेल, रूपा (२०७०), *कक्षा चार र पाँचको पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

के.सी., अञ्जना (२०७१), *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कोइराला, खेमबन्धु र अन्य (२०६७), *नेपाली भाषा शिक्षण,* ललितपुर : कृष्ण बुक्स स्टेसनरी, पाटन दरबार स्क्वायर ।

कोइराला, यमुना (२०६९), *कक्षा पाँचको पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, ईश्वरी कुमारी (२०७०), *कक्षा छको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खड्का, यशोदा (२०५९), *कक्षा आठको नेपाली किताब र सजिलो नेपाली मालामा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनिया, बुद्धराज र अन्य (२०६८), *नेपाली भाषा शिक्षण, (दो.सं)* काठमाडौं : जुपिटर प्रकाशन तथा वितरक प्रा.लि. ।

ढकाल शान्तिप्रसाद (२०६८) *नेपाली भाषा शिक्षण,* (दो.सं), काठमाडौः शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

तिवारी, बुद्धिनाथ (२०६८), *कक्षा एघारको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, शारदा (२०७०), *कक्षा सात र कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७२), *नेपाली कक्षा आठ,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, हिमाल (२०५७), *कक्षा नौ र दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डे, गंगा (२०७२), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६३), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, भक्तपुर, सानोठिमी ।

पौडेल, उपेन्द्रप्रसाद (२०६२), *कक्षा चारको मेरो नेपाली किताबमा समावेश गरिएका नमुना अभ्यासहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बस्नेत, उषा (२०७०), *माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधिः परिचय र प्रयोग, (चौ.सं)* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

लम्साल, रामचन्द्र र ज्ञवाली, रामप्रसाद (२०७२), *नेपाली कक्षा आठ,* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

शर्मा, केदार र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, शोभा (२०७२), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ज्ञवाली, विनोद (२०५८), *कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।